नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

वर्ष ३३ अंक ३५ काठमाडौं | १२ चैत २०८१ मंगलबार चैत्र कृष्णपक्ष एकादशी | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, March 25, 2025 | पृष्ठ १२ | १० रुपैयाँ

कान्तिपुर फलोअप

छाप्रोमा अस्पताल, एम्बुलेन्स चालक सञ्चालक, जोखिममा बिरामी

७५ अस्पतालमा रोक लगाएका मुख्यमन्त्री सतीशकुमार सिंह भन्छन्- 'जनकपुरकै धेरै अस्पतालमा लगानीकर्ता एम्बुलेन्स चालकदेखि फर्मासिस्ट, हेल्थ असिस्टेन्ट र ल्याब टेक्निसियन छन्, हामीले किन अरूसँग कमिसन लिने, हामी नै कमिसन दिने भनेर पनि धेरै अस्पताल खोलिएको देखिन आएको छ'

स्वरूप आचार्य र अजित तिवारी (जनकपुरधाम)

जनकपुर-१६ स्थित कपिलेश्वरनाथ मन्दिर नजिकै घर भएकी ४१ वर्षीया सोनिया (सुनिता) साह निःसन्तान भएकामा सामाजिक तथा मनोवैज्ञानिक दवावमा थिइन् । काठमाडौंका विभिन्न निःसन्तान उपचार केन्द्रदेखि भारतको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स्) सम्म उपचार गराउँदा पनि सम्भव नभएपछि दम्पती घर फर्किएका थिए । तर, जनकपुर सुरक्षा अस्पतालका सञ्चालक डा. सरोजकुमार ठाकुरले सजिलै उपचार हुने आश्वासन दिए । सब ठीक हुने भन्दै डा. ठाकुरले शल्यक्रिया गरे तर, उनको उपचार त भएन नै, अनाहकमा ज्यान गयो ।

'डाक्टरले नै खेलवाड गरेपछि के हुन्छ ? मैले त्यही भोगें,' सुनिताका श्रीमान् गणेश साह भन्छन्, 'श्रीमतीसँगै गएर कुरा गर्दा बच्चा हुन्छ भन्नुभयो, पछि विश्वास नलागेर फोन गरेर पुनः एक्लै भेट्न गएँ, त्यसबेला पनि उहाँले त्यही भन्नुभयो ।'

गणेशका अनुसार गत साउन ३ मा शल्यक्रिया सुरु गरेपछि डा. ठाकुरले उनलाई अपरेसन थिएटर भित्र बोलाए । त्यतिबेला सुनिताको पेट चिरिएको थियो । डाक्टरले शल्यक्रिया सफल नभएको भन्दै घाउ निको भएपछि काठमाडौंको कुनै ठूलो अस्पतालमा लैजान भने । **बाँकी पृष्ठ ८**

तस्बिर : अजित तिवारी/कान्तिपुर

जनकपुर-९ स्थित जनक मेमोरियल हस्पिटल । दुईतले पुरानो घरमा सञ्चालित यो अस्पतालको गेटसँगै उत्तर र दक्षिण दुवैतर्फ जस्तापाताले छाएका टहरा छन् । उत्तरतर्फको टहरा आकस्मिक कक्ष हो । दक्षिणतर्फको टहरा पनि बिरामी उपचार कक्ष । अस्पतालका बार्दली र झ्याल प्लाइउडले ढाकिएका छन् । अनुगमनका क्रममा पूर्वाधार र जनशक्ति अभाव देखेपछि मुख्यमन्त्रीले अस्पतालमा ताला लगाइदिएका छन् ।

प्राधिकरणबाट हटाइए कुलमान

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्य नियुक्त, सरकारको निर्णयविरुद्ध अदालत जाने घिसिङको तयारी

जयसिंह महरा र सीमा तामाङ (काठमाडौं)

सरकारले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउने निर्णय गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको प्रस्तावमा मन्त्रिपरिषद्को सोमबार साँझ बसेको बैठकले घिसिङलाई हटाउने निर्णय गरेको हो ।

आगामी साउन २४ मा घिसिङको चारवर्षे कार्यकाल सकिँदै थियो । साढे चार महिना मात्र कार्यकाल बाँकी रहेका घिसिङलाई हटाएर सरकारले प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको छ ।

उर्जामन्त्री खड्का र कार्यकारी निर्देशक घिसिङबीच विगत ९ महिनादेखि विवाद थियो । सरकारले घिसिङलाई उनको कार्यसम्पादन, आन्तरिक तथा बाह्य भ्रमणको स्वीकृति, भारतमा विद्युत् आदानप्रदानको सहमति लगायतका विषयमा स्पष्टीकरण सोधेको थियो । घिसिङको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै मन्त्रिपरिषद्ले पदमुक्त गरेको हो ।

मन्त्री खड्काले यसबीचमा चार पटक मन्त्रीस्तरीय निर्णय र एक पटक मन्त्रिपरिषद्बाट अधिकार लिएर घिसिङलाई स्पष्टीकरण सोधेका थिए । पछिल्लो पटक गत फागुन २२ मा ४ वटा बुँदामा सफाइ पेस गर्न पत्र पठाउँदै पदबाट किन नहटाउने भनी प्रश्न गरिएको थियो ।

> घिसिङलाई साउनयता चार पटक मन्त्रीस्तरीय र एक पटक मन्त्रिपरिषद्को निर्णयका आधारमा स्पष्टीकरण सोधिएको थियो

घिसिङले भने आफूलाई यसअघि सोधिएको स्पष्टीकरण के कति कारण चित्तबुझ्दो भएन ? भन्दै सरकारलाई प्रति प्रश्न गरेका थिए ।

स्रोतका अनुसार घिसिङलाई हटाउने प्रस्ताव राख्दा मन्त्रिपरिषद्मा मत बाझिएको थियो । गृहमन्त्री रमेश लेखकले घिसिङलाई हटाउन नहुने बताएका थिए । तर, कांग्रेस नेतृसमेत रहेकी परराष्ट्रमन्त्री आरजु राणा देउवाले भने उर्जा मन्त्री खड्कालाई साथ दिएकी थिइन् । कांग्रेसका बाँकी मन्त्री मौन बस्दा एमालेका अधिकांश मन्त्री पनि खड्काकै पक्षमा उभिएका थिए ।

एक मन्त्रीका अनुसार खड्काको प्रस्तावपछि प्रधानमन्त्री केपी शर्मा ओलीले गृहमन्त्री लेखकलाई के गर्ने भनेर सोधेका थिए । 'कुलमानलाई हटाउने कुरा ठिक हुँदैन । बाहिरको स्थिति पनि ठिक छैन, यस्तो बेलामा यो निर्णय गर्नु प्रत्युत्पादक हुन्छ,' गृहमन्त्री लेखकको भनाइ उद्धृत गर्दै ती मन्त्रीले भने, 'घिसिङ अदालतबाट पुनःस्थापित भएर आउँछन् । यो निर्णय सरकारलाई आत्मघाती हुन सक्छ ।' लेखकको भनाइमा उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले थोरै भनाइ राखेर साथ दिएको ती मन्त्रीको भनाइ छ । उनका अनुसार एमालेबाटै शिक्षामन्त्री रहेकी विद्या भट्टराईले पनि घिसिङलाई हटाउन नहुने आशय राखेकी थिइन् । तर, ऊर्जामन्त्री खड्का र परराष्ट्रमन्त्री राणाको समर्थन पाएपछि प्रधानमन्त्री ओलीले घिसिङलाई हटाउने निर्णय लिएका हुन् ।

उता घिसिङले भने पदबाट हटाइएको पत्र पाएपछि सरकारको निर्णयविरुद्ध अदालत जाने बताए । 'सरकारबाट चिठी आइपुगेको छैन । आएपछि हेरेर अदालत जाने हो,' उनले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ ८**

PARAMOUNT MOTORS

PARAMOUNT MOTORS PVT.LTD
(Authorized Importer & Distributor for Nepal)
Naxal - 01-5356377,4545622 | Mobile: +977-9801155179, 9801155647,9802358947, 9801155176, 9802028933, 9704582688 | Labim Mall: 9801155169, Thapathali - 01-5356377
URL: www.mgmotors.com.np | Email: info@paramountmotors.com.np

MG AUTHORIZED DEALERS
Kalanki - 9851189275/9851187191 | Bhaktapur - 9708093955 | Birtamode & Damak - 9816916688 | Biratnagar & Itahari - 9852035501/9852086116 | Janakpur- 9801656446 | Birgunj & Hetauda - 9802095528/051-591575 | Narayangadh - 9801082777 | Butwal - 9857059568 | Bhairahawa - 9857010228/9847020955 | Dhangadi - 9801722239 | Pokhara - 9802831448 | Nepalgunj - 9858065437 | Dang - 9808629156

Eleven
कान्तिपुर
ROCK YATRA २
#AntimYatra
TICKETS SELLING FAST
1974 AD
LIVE IN KATHMANDU
1974 AD 30 YEARS Nepali Ho
THE LAST SHOW IN NEPAL.
HYATT GROUND, BOUDHA
5TH APRIL | CHAITRA 23 | SATURDAY
Buy Tickets from eSewa
Ticketing Partner eSewa
Co-Organiser
हाम्रो टोल सुधार समाज, युवा समिति
Supported By HIMALAYAN JAVA COFFEE
Supported By
Food Partner dalle
Food Partner Mama's Curries
E-Commerce Partner Daraz
Media Partner KANTIPUR
Media Partner THE KATHMANDU POST
Promotion Partner Paradygm
Promotion Partner QFX cinemas
Health Partner B&B HOSPITAL PVT. LTD.
Social Media Partner NNQ? no next question
Merch Partner merchie
Managed By KAAM
Supported By HEIRLOOM NAGA
Digital Media Partner VYASA
Magazine Partner WOW
Internet Partner vianet
Communication Partner Ting Ting
Sanitation Partner sajilo sewa
Printing Partner
Wardrobe Partner ल
Fashion Partner OODNI
Radio Partner Hits
Travel Partner INNOVATE Travel Nepal P. Ltd.
Food Partner
Creative Partner ANANDAMIDE PRODUCTIONS
Education Partner RIGHT & ASSOCIATES 24
Infrastructure Partner KASTHAMANDAP TENT HOUSE
Sound Partner TEAMXL
Security Partner
Safety Partner
Energy Partner EXHIBITION LIGHT HOUSE
Jewellery Partner
Visual Partner untitled.np
Communication Partner
Marketing Partner i'lein
Consultancy Partner ORA Consultancy

संक्रमणकालीन न्याय टुंग्याउन शीर्ष नेता एक ठाउँमा

पूर्वप्रधानन्यायाधीश मिश्रकै संयोजकत्वमा पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति गठन

कुलचन्द्र न्यौपाने (काठमाडौं)

कांग्रेस, एमाले र माओवादीबीच भागबन्डामा समझदारी बनेपछि संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई आयोगको पदाधिकारी नियुक्तिको गाँठो फुकेको छ । प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच सोमबार दुई आयोगका दस पदाधिकारी भागबन्डामा सहमति भएको हो ।

शीर्ष नेताबीचको सहमतिपछि आइतबार नै मन्त्रिपरिषद् बैठकले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा पदाधिकारी नियुक्तिका लागि पाँच सदस्यीय सिफारिस समिति बनाउने निर्णय गरेको छ । गृहमन्त्री रमेश लेखकले तीन दलका शीर्ष नेताबीचको समझदारीअनुसार पदाधिकारीको नाम सिफारिस गर्न मिश्रको संयोजकत्वमा यसअघिकै समितिलाई पुनर्गठन गरिएको बताए ।

प्रधानमन्त्रीका मानवअधिकार तथा संक्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेलले बैठकमा सिफारिस समिति गठन गर्ने विषयमा मात्रै सहमति भएको बताउँदै भागबन्डाका विषयबारे केही बताउन चाहेनन् । 'आयोगका पदाधिकारी नियुक्ति सम्बन्धमा समितिले गरेको सिफारिसका आधारमा हुने हो, त्यसमा दलहरूको सिफारिसमा हुने होइन,' उनले भने ।

बालुवाटार स्रोतका अनुसार सत्तारूढ कांग्रेस र एमालेबीच पहिला समझदारी बनाएपछि माओवादीसँग सहमति गरिएको हो । यसअघि कांग्रेसले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षसहित दुई सदस्य, एमालेले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षसहित तीन सदस्य र माओवादीले तीन सदस्य पाउने समझदारी भएको थियो ।

माओवादी अध्यक्ष दाहालले भने संक्रमणकालीन न्यायसँग प्रत्यक्ष सरोकार राख्ने पार्टीले दुईमध्ये एक आयोगको अध्यक्ष पाउनुपर्ने दाबी गर्दै आएका थिए ।

सिफारिस समिति गठनमा सहमति भएको छ, समितिको सिफारिसका आधारमा नियुक्ति हुने हो, दलहरूको सिफारिसमा होइन

● **अग्नि खरेल**
प्रधानमन्त्रीका सल्लाहकार

शान्ति प्रक्रियाका विषयमा विगतका कमीकमजोरीमाथि समीक्षा गर्दै दलहरूबीच सहमति जुटेको छ, अब त्यस्तो हुन्न भन्ने विश्वास छ

● **शक्ति बस्नेत**
उपमहासचिव, माओवादी

तर, तीन सदस्यीय संक्रमणकालीन न्यायसँग सम्बन्धित कामलाई अघि बढाउन दाहाल लचक बनेको स्रोतको दाबी छ । सिफारिस समितिमा मानवअधिकार आयोगका अध्यक्ष वा उसले तोकेको एक जना सदस्य हुने व्यवस्था छ । आयोगले यसअघि मनोज दवाडीलाई समितिमा पठाएको थियो । आयोगले यस पटक उनैलाई दोर्‍याएर पठाउने वा अर्को नाम दिने भन्नेबारेमा एक/दुई दिनभित्र तय गर्ने जनाएको छ ।

प्रमुख तीन दलका शीर्ष नेतृत्वबीचको खिचातानीले ०७९ साउनदेखि नै दुवै आयोग पदाधिकारीविहीन छन् । आयोगमा पदाधिकारी नियुक्ति नहुँदा पीडितका उजुरी छानबिनलगायत न्याय निरूपणका सबै काम अवरुद्ध हुँदै आएको थियो । सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता व्यक्तिको छानबिन आयोगमा गरी ६४ हजारभन्दा बढी उजुरी छन् ।

दुवै सदनबाट पारित भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ १५ मै प्रमाणीकरण गरेका थिए । संसद्बाट विधेयक पारित भएको दुई महिनाभित्रै पदाधिकारी नियुक्ति गरिसक्नुपर्ने कानुनी व्यवस्थाअनुसार सरकारले गत कात्तिकमा पूर्वप्रधानन्यायाधीश मिश्रकै नेतृत्वमा पाँच सदस्यीय सिफारिस समिति पनि गठन गरेको थियो ।

समितिले खुला आवदेन गरेर ४० जना छनोट गरी अन्तर्वार्ता लिइसकेपछि पदाधिकारी छनोट गर्ने क्रममा विवाद भएको थियो । दलीय आधारमा सिफारिस समितिमा रहेका सदस्यहरूले आ-आफ्नो दलको प्रतिनिधित्व गरेर छनोटको अडान लिएपछि समितिमा सर्वसम्मति भएन । बहुमत र अल्पमतका आधारमा निर्णय लिँदा शान्ति प्रक्रियाको काममा विश्वसनीयता नहुने र त्यसले दूरगामी प्रभाव पार्न सक्ने भन्दै लामो समयदेखि पदाधिकारी नियुक्ति प्रक्रिया नै अवरुद्ध बनेको थियो ।

माओवादी नेता शक्ति बस्नेतले यसअघि सिफारिस समितिका सदस्यबीच ममत बाझिएका कारण पदाधिकारी छनोट हुन नसके पनि अब त्यस्तो अवस्था नदोहोरिने दाबी गरे । 'अघिल्लो समितिमा सदस्यहरूबीच कुरा मिलेन । शान्ति प्रक्रिया जस्तो विषयमा अल्पमत र बहुमतमा जानु राम्रो दीर्घकालीन रूपमा हित हुन्न भन्ने धारणा प्रमुख दलबीचमा थियो, यो स्वाभाविक पनि थियो । त्यसैले त्यतिबेला रोकिएको हो,' बस्नेतले भने, 'अहिले विगतका कमीकमजोरीमाथि समीक्षा गर्दै सहमति जुटेको छ । अब त्यस्तो हुन्न भन्ने विश्वास छ ।'

कांग्रेसका एक पदाधिकारीका अनुसार दुवै सदनबाट विधेयक पारित भएदेखि नै आयोग पदाधिकारीमा भागबन्डा मिलाउन प्रयास जारी थियो । 'पहिला भागबन्डा नमिलेका कारणले सिफारिस समितिले नाम छनोट गर्न सकेन । सिफारिस समितिलाई सहज बनाउन यस पटक भने पहिल्यै भागबन्डा मिलाइएको छ । पहिला जस्तो अब हुन्न,' कांग्रेसका ती नेताले भने, 'पदाधिकारीमा रहने व्यक्तिहरूको विषयमा समेत करिब-करिब टुंगो लागेको छ ।'

यसअघिको समितिमा मिश्रकै संयोजकत्वमा पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती, पूर्व राजदूतहरू अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य नियुक्त भएका थिए । गत कात्तिक २ मा सरकारले उक्त सिफारिस समिति गठन गरेको थियो । पुस १ मा समितिको पदावधि सकिएको थियो ।

महायज्ञका नाममा दलितमाथि ज्यादती

मिलापत्रको प्रलोभन र धम्कीपछि पीडित परिवार टहरोबाट पनि विस्थापित

विनय आजाद (सिरहा)

औरही गाउँपालिका-५ मा महायज्ञका नाममा दलितको घरमा डोजर चलाएर परिवारकै उठीबास लगाउने गाउँपालिका अध्यक्ष शिवजी यादव, पूर्ववडाध्यक्ष दिलीप यादव र आयोजक बजरंगी बाबामाथि कानुनी कारबाही अघि बढिरहेकै बेला पीडितलाई मिलापत्र गर्न प्रलोभन र धम्की दिन थालिएको छ । धम्की बढेपछि त्रसित पीडित लुकेर बस्न बाध्य भएका छन् ।

स्थानीय दीपक मलिकको घर डोजर चलाएर भत्काउनुका साथै उक्त ठाउँको माटोसमेत 'अपवित्र' हुन्छ भन्दै ताछेर फाल्न नेतृत्व गर्नेमध्येका पालिका अध्यक्ष शिवजी र पूर्ववडाध्यक्ष दिलीप पक्राउपछि प्रहरी हिरासतमा छन् भने आयोजक बाबा फरार छन् । गत शुक्रबार पक्राउ परेका शिवजी र दिलीपमाथि जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ । उक्त कसुरमा दोषी ठहर भए ३ महिनादेखि ३ वर्षसम्म कैद र ५० हजारदेखि २ लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

सिरहा जिल्ला अदालतले आइतबार उनीहरूलाई हिरासतमै राखेर अनुसन्धान गर्न पहिलो पटक पाँच दिनको म्याद दिएको छ । पीडित मलिकले शनिबार जिल्ला प्रहरी सिरहामा गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरंगी बाबाविरुद्ध किटानी जाहेरी दिएका थिए । बाबाको खोजी भइरहेको र चाँडै पक्राउ पर्ने दाबी प्रहरीले गरेको छ ।

पालिका अध्यक्ष यादव आबद्ध जसपा नेपाल भने उनीहरूको संरक्षणमा उत्रिएको छ । जसपा नेपालले यादवलाई थुनामुक्त गर्न माग गर्दै आइतबार जिल्ला प्रशासनमा ज्ञापनपत्र नै बुझाएको छ । जसपा नेपालका जिल्ला अध्यक्ष तथा अर्नमा गाउँपालिका अध्यक्ष अशोककुमार यादव नेतृत्वको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराललाई ज्ञापन बुझाएको हो ।

पीडितलाई न्याय दिन र दोषीलाई कारबाही गर्न पहल गर्नुपर्ने राजनीतिक दलले नै पीडकको पक्षमा उत्रिएर पक्राउ गरिएकालाई रिहा नगरिए आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत दिएको छ । तर दलितमाथि अछूत भन्दै ज्यादती गर्ने गाउँपालिका अध्यक्षमाथि कानुनी कारबाहीका लागि सघाउनुको साटो संरक्षण गरेको भन्दै आलोचना भएपछि पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले आफू उत्पीडित जातजातिको अधिकारका लागि सदैव प्रतिबद्ध रहेको बताएका छन् । अध्यक्ष यादवले निजी सचिव महेश चौरासियामार्फत सोमबार विज्ञप्ति जारी गर्दै क्षणिक लाभका लागि सामाजिक सद्भाव र सहिष्णुता भाँड्ने, व्यक्ति र संगठनको चरित्र हत्या गर्ने तथा समाजमा एकआपसमा घृणा फैलाउन नहुने उल्लेख गरेका छन् ।

पीडित परिवारलाई भने पीडकका आफन्तले भेटेरै मिलापत्रका लागि प्रलोभन र दबाब दिन थालेका छन् । पक्राउ परेकालाई म्याद थप गर्न आइतबार अदालत लगिएपछि गाउँपालिका अध्यक्ष यादवका छोरा रुकेश, ज्वाइँ इन्द्रदेव यादवलगायत निकट व्यक्तिले दीपकलाई भेटेर एक कट्ठा नम्बरी जग्गा दिने, पक्की घर बनाइदिने, खानेपानी, बिजुलीसहितको व्यवस्था गरिदिने प्रलोभन दिँदै बयान फेर्न आग्रह गरेका थिए । उनीहरूले लिखित कागज नै गरिदिने आश्वासन दिएका थिए ।

ज्यादती गर्नेको पक्षमा उत्रियो जसपा नेपाल, रिहा गर्न भन्दै प्रदर्शन र ज्ञापनपत्र

तर आफूले हुन्छ वा हुन्न केही नभनेको र पीडकहरूको घेराबन्दीबाट जसोतसो उम्किएर फर्केको दीपकले बताएका छन् । पीडकका आफन्तको दबाब थेग्न नसकेर आफू जिल्लाकै एउटा गाउँमा साथीकहाँ लुकेर बसेको दीपकले बताएका छन् । 'हामी पीडित हौं, राज्यले न्याय दिन्छ कि दिँदैन, घर दिन्छ दिँदैन, सबै राज्यमाथि नै छाडिदिएका छौं,' उनले भने । चैत १७ देखि हुने भनिएको महायज्ञका लागि बनाउँदै गरिएको मण्डपनजिकै मलिकको घर थियो । ३० वर्षदेखि बस्दै आएको उक्त दलित परिवारको घर ५ वर्षअघि जनता आवास कार्यक्रमअन्तर्गत बनेको थियो ।

पीडितलाई प्रलोभन दिएर मिलापत्र गराउन भइरहेको प्रयास आपत्तिजनक रहेको औरहीकै स्थानीय बासिन्दा एवं पूर्वसांसद सुरेशचन्द्र दास बताउँछन् । यस्तो बेला पीडितको संरक्षण र सहयोग गर्ने दायित्व राज्यको भएको उनको भनाइ छ । सिरहा प्रहरी प्रमुख एसपी रमेश पण्डितले घटनाको मुद्दा दर्ता भएर कानुनी प्रक्रियामा गइसकेको उल्लेख गर्दै बाह्य प्रभावबाट अनुसन्धान प्रभावित हुन नदिने दाबी गरे ।

घटनाबारे समाचार सार्वजनिक भएपछि चौतर्फी रूपमा दोषीमाथि कारबाहीको माग भइरहेको छ । संघको प्रतिनिधिसभा र मधेशको प्रदेशसभाका सांसदले घटनाप्रति आपत्ति जनाउँदै संसदीय छानबिनसहित दोषीमाथि कारबाही गर्न माग गरेका छन् । विभिन्न संघसंस्थाले पनि घटनाप्रति भर्त्सना गर्दै दलितमाथि ज्यादती गर्नेलाई कारबाही हुनुपर्ने माग राखेका छन् ।

आयोजक बजरंगी बाबा, गाउँपालिका अध्यक्ष यादव र पूर्ववडाध्यक्ष यादवले बिहीबार पीडित मलिकको झुपडीमा पुगेर धम्की दिई जबर्जस्ती कागज गराएका थिए, जसमा आफ्नो घर राजीखुसीले भत्काउन दिएको उल्लेख छ । उनीहरूले थप केही नबोल्न र बोले ठीक नहुने भन्दै धम्कीसमेत दिएका थिए ।

घटनाबारे समाचार सार्वजनिक भएपछि बिहीबार बिहानै मलिकको झुपडीमा पुगेर जबर्जस्ती कागज गराएलगत्तै मलिकको परिवारलाई महायज्ञस्थल छेउमै रहेको सरकारी भवनमा लगेर गाउँपालिकाका अध्यक्ष यादव, बजरंगी बाबा र पूर्ववडाध्यक्ष यादवलगायतले 'आफूहरू राजीखुसी त्यहाँबाट सरेको' भन्दै भिडियोमा बोल्नसमेत लगाएका थिए । त्यसपछि भने उनीहरू एकाएक 'सम्पर्कविहीन' बनेका थिए । धम्की दिएर जबर्जस्ती कागज गराएकामा चौतर्फी दबाब बढेपछि प्रहरीले यादवद्वयलाई त्यसको भोलिपल्ट शुक्रबार पक्राउ गरे पनि बजरंगी बाबा अझै फरार छन् ।

मलिक परिवारलाई ५ सय मिटर पर खोलाछेउ एकान्तमा टहरा बनाएर सारिएको छ । जहाँ न खानेपानीको सुविधा छ, न बिजुली बत्ती नै । पीडित दीपक र उनकी पत्नी अनिता मलिक गाउँपालिकामै सफाइ कर्मचारीका रूपमा मजदुरी हुन् । तर काममा पनि जान सकेका छैनन् ।

Embark on a new journey with the Creta EV, the perfect complement to the Made in Nepal Creta ICE. Join us as we continue to build on our legacy of trust and reliability, embracing innovation, performance, and excellence every step of the way.

HYUNDAI परिवार
HYUNDAI नेपाल | MADE FOR YOUR JOURNEY
HYUNDAI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

Hyundai Call Center No.: 01-5970226

Dealership:
Bhaktapur: : 01-6635266, 6637147, 9801201016, **Naxal:** 01-4513934, 4513942, 9801201082,
Thapathali: 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277, **Thapathali-EV:** 01-5912626, 5913636, 9801239277
Bhairahawa: 071-575428, 9802608803, 9802608801, **Bharatpur:** 056-522776, 9801353761, 9801353765, **Biratnagar:** 021-466609, 9802369313, **Birtamod:** 023-541495, 9802672044, 9802672041,
Butwal: 071-415278, 9801943959, 9801943958, **Dang:** 082-563634, 9801347966, 9801347967, **Dhangadi:** 091-524492, 9802540105, **Hetauda - Birgunj:** 057-520200, 9802641982, 9802641989,
Itahari: 025-588486, 9801239293, **Nepalgunj:** 081-550427, 9802546481, **Pokhara:** 061-537426, 9801201010, 9801240155

भावपूर्ण श्रद्धाञ्जली

सृष्टिकी मूल हुन् आमा जो दिन्छिन् मार्गदर्शन,
आमाको ममताभित्रै उज्यालो बन्छ जीवन।

सम्झना गर्छ मान्छेले जिन्दगीका सबै क्षण,
स्वर्गीय दिव्य आत्मामा श्रद्धाञ्जली समर्पण।

जन्मः
बि.सं. १९९३,
फागुन १२ गते

स्वर्गारोहणः
बि.सं. २०८१,
चैत ०१ गते

स्व. लिलादेवी श्रेष्ठ

शिक्षा क्षेत्रका शिखर व्यक्तित्व तथा लिटिल एन्जल्स एजुकेसन ग्रुपका संस्थापक अध्यक्ष श्री उमेश श्रेष्ठ तथा श्री महेश श्रेष्ठ, दिनेश श्रेष्ठ, दिपक श्रेष्ठ र श्रीमती पुष्प श्रेष्ठकी ममतामयी आमा लिलादेवी श्रेष्ठको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

शिवराज पन्त
संस्थापक अध्यक्ष, गुठियार परिषद
एल. आर. आई. एजुकेसनल फाउण्डेसनल ट्रष्ट /
एल. आर. आई. स्कूल परिवार

दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपति अदालतद्वारा पुनःस्थापित

कोरियाली राष्ट्रपतिलाई महाभियोग लागेपछि कार्यवाहक राष्ट्रपति बनेका प्रधानमन्त्री हानलाई पनि डिसेम्बरको अन्त्यमा महाभियोग लगाइएको थियो

एजेन्सी (सोल)

दक्षिण कोरियाको संवैधानिक अदालतले सोमबार प्रधानमन्त्री हान डक-सुमाथिको महाभियोग उल्ट्याउँदै कार्यवाहक राष्ट्रपतिमा पुनःस्थापित गरेको छ। तर अदालतले राष्ट्रपति युन सुक यओलमाथिको महाभियोगबारे भने अझै फैसला गरेको छैन। युनले डिसेम्बर ३ मा अप्रत्याशित रूपमा मार्सल ल लागू गरेपछि संसद्ले उनीविरुद्ध महाभियोग पारित गरेको थियो। त्यसपछि हान कार्यवाहक राष्ट्रपति बनेका थिए। तर विपक्षी सांसदसँगको राजनीतिक कलहपछि डिसेम्बरको अन्त्यमा उनीमाथि पनि महाभियोग लगाइएको थियो।

अदालतले सोमबार गरेको फैसलाले युनको महाभियोगका विषयमा आगामी दिनमा हुने निर्णयबारे भने कुनै संकेत नगर्ने देखिन्छ। हान 'मार्सल ल' लागू गर्ने पूर्वराष्ट्रपति युनको सहयोगी नभएकाले उनको मुद्दामा भने फरक मत आउने अपेक्षा गरिएको छ। तर अदालतको सोमबारको फैसलाले भने युनका कट्टर समर्थकलाई अझै पनि उत्साहित बनाउने र विपक्षीमाथि उनीहरूको राजनीतिक आक्रमण बढ्न सक्छ।

देशका शीर्ष दुई अधिकारीहरूलाई निलम्बन गर्ने अभूतपूर्व घटनापछि दक्षिण कोरियाली राजनीतिमा चरम विभाजन पैदा गर्‍यो। त्यसका साथै देशको कूटनीतिक र आर्थिक गतिविधिबारे पनि चिन्ता बढाएको थियो। त्यसयता उपप्रधानमन्त्री तथा अर्थमन्त्री चोई साङ-मोकले कार्यवाहक राष्ट्रपतिका रूपमा सेवा गर्दै आएका थिए। सोमबार संवैधानिक अदालतका ८ मध्ये ७ न्यायाधीशले हानमाथिको महाभियोग खारेज गरेका हुन्। उनीहरूले हानमाथि लगाइएका आरोप कानुनविरुद्ध नभएको, उनलाई पदबाट हटाउन आवश्यक नभएको तथा महाभियोग प्रस्ताव पारितका लागि आवश्यक गणपूरक संख्या नपुगेको जनाएका थिए। तर एक न्यायाधीशले भने हानमाथिको महाभियोगको समर्थन गरेका कोरियाली सञ्चारमाध्यमहरूले जनाएका छन्।

हानलाई पदबाट बर्खास्त गर्न भने कम्तीमा ६ न्यायाधीशको समर्थन आवश्यक पर्ने थियो। अदालतले आफ्नो पुनःस्थापना गरेसँगै हानले राष्ट्रिय एकताका लागि आह्वान गरेका छन्। 'अरू कुनै दायाँबायाँ छैन। हाम्रो राष्ट्रको प्रगति महत्त्वपूर्ण छ,' उनले भनेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले आक्रामक व्यापार नीति लागू गरेको सन्दर्भमा द्रुत गतिमा परिवर्तनशील विश्वव्यापी व्यापार वातावरणमा ध्यान केन्द्रित गर्नुपर्ने उनको भनाइ छ।

युनको महाभियोगबारे अदालतले अझै फैसला गरेको छैन। यदि अदालतले युनको महाभियोगलाई समर्थन गरेको खण्डमा दक्षिण कोरियाले नयाँ राष्ट्रपतिका लागि चुनाव गर्नुपर्छ। तर अदालतले युनका पक्षमा निर्णय दिएको खण्डमा उनी राष्ट्रपति पदमा पुनःस्थापित हुन्छन्। युनलाई हानभन्दा करिब दुई साताअघि महाभियोग लगाइएको थियो। उनको महाभियोगबारे संवैधानिक अदालतले मार्च मध्यमा फैसला गर्ने अनुमान गरिएको छ।

युनलाई विद्रोह गरेको आरोपमा पनि छुट्टै मुद्दा चलाइएको छ। उक्त आरोपमा दोषी ठहरिए उनले मृत्युदण्ड वा आजीवन कारावासको सामना गर्नुपर्नेछ। सोलस्थित जिल्ला अदालतले युनलाई हिरासतमा नबसी फौजदारी मुद्दाको सामना गर्न अनुमति दिएपछि मार्च ८ मा जेलबाट रिहा गरिएको थियो। युनको पक्राउसँगै उनको समर्थन वा विरोधमा गरिएका जुलुसहरूले राजधानी सोलसँगै दक्षिण कोरियाका अन्य प्रमुख सहरहरू विभाजित देखिएका छन्। यसअघि विभिन्न सर्वेक्षणमा अधिकांश दक्षिण कोरियाली युनको मार्सल ल लागू गर्ने निर्णयको विपक्षमा थिए। तर पछिल्लो समय युनलाई समर्थन गर्ने वा सहानुभूति राख्नेको संख्या बढी रहेको देखिएको छ।

युनले मार्सल ल घोषणा गरेपछि सयौं सेना र प्रहरी अधिकारीलाई संसद्मा पठाइएको थियो। युनले शान्ति सुव्यवस्था कायम राख्ने लक्ष्य राखेको बताएका थिए। तर त्यहाँ खटाइएका वरिष्ठ सैन्य र प्रहरी अधिकारीहरूले युनले मार्सल लविरुद्धको मतदान रोक्न सांसदहरूलाई बाहिर निकाल्न आदेश दिएको बताएका थिए। तर आवश्यक सांसद संसद् हलमा प्रवेश गर्न सफल भए र सर्वसम्मतिले युनको निर्णय खारेज गरिदिएका थिए। युनद्वारा नियुक्त हानले कार्यवाहक राष्ट्रपतिका रूपमा काम गर्दा कूटनीतिक साझेदारलाई आश्वस्त पार्ने र बजार स्थिर बनाउने प्रयास गरेका थिए। तर ९ सदस्यीय संवैधानिक अदालतमा रिक्त पदमा न्यायाधीश नियुक्त गर्न अस्वीकार गरेपछि उनीविरुद्ध पनि महाभियोग लगाइएको थियो।

युनविरुद्धको महाभियोग प्रस्तावको पक्षमा फैसला गर्न कम्तीमा ६ न्यायाधीशको समर्थन आवश्यक पर्ने भएकाले अदालतमा रिक्त पदमा नियुक्ति गर्नु संवेदनशील थियो। तर हानका उत्तराधिकारी चोई साङ-मोकले दुई नयाँ न्यायाधीश नियुक्त गरे पनि एक सिट खाली छोडे। हान र चोई दुवैले अदालतमा न्यायाधीश थप्न दुई दलीय सहमति आवश्यक पर्ने उल्लेख गरेका थिए। तर आलोचकहरूले दुवै जना युनको पिपुल पावर पार्टीको पक्षमा रहेको र यसले युन सत्तामा फर्कने सम्भावना बढ्ने बताएका थिए। जसका कारण मुख्य उदारवादी विपक्षी डेमोक्रेटिकसँगै अन्य साना विपक्षी दलले चोईमाथि महाभियोग प्रस्ताव पेस गरेका छन्।

हार्दिक श्रद्धाञ्जली

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।

जन्मः
वि.सं. १९९३/११/१२

स्वर्गारोहणः
वि.सं. २०८१/१२/०१

स्व. लिलादेवी श्रेष्ठ

यस कम्पनीका संस्थापक अध्यक्ष, पूर्व स्वास्थ्य राज्यमन्त्री, नेपाली कांग्रेसका केन्द्रीय कोषाध्यक्ष, शिक्षाविद्‌ उद्योगपति एवं समाजसेवी आदरणीय श्री उमेश श्रेष्ठ ज्यूकी ममतामयी माता **श्रीमती लिलादेवी श्रेष्ठ** ज्यू को ८९ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले सम्पूर्ण संस्थाका परिवार अत्यन्त मर्माहत भएका छौं। यस दुःखद घडीमा ममतामयी माताको आत्माको वैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।

यस शोकको घडीमा शोकसन्तप्त परिवार तथा आफन्तजनलाई इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सानीगाड हाइड्रो लिमिटेड, परिवार
कालंगा हाइड्रो लिमिटेड, परिवार
बुंगल हाइड्रो लिमिटेड, परिवार

संघीय निजामती सेवा विधेयक

सचिव र सहसचिवको संख्या घटाउँदै अतिरिक्त सचिव राख्न सहमति

कार्यबोझ कम भएका मन्त्रालय, आयोग र कार्यालयमा सचिवको दरबन्दी कटौती गरी अतिरिक्त सचिव पद सिर्जना गर्ने प्रस्तावमा सांसदहरू एकमत

ऋषिराम पौड्याल (काठमाडौं)

सरकारका सचिव र सहसचिवको संख्या घटाएर राज्यलाई भार नपर्ने गरी अतिरिक्त सचिव पद सिर्जना गर्न सांसदहरूले सहमति जुटाएका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले 'संघीय निजामती सेवा गठन तथा सञ्चालन र सेवाका सर्तसम्बन्धी' विधेयकको मस्यौदामा सहमति जुटाउन गठन गरेको उपसमितिका सदस्यहरू कुनै पनि मन्त्रालय, संवैधानिक आयोग र निकायमा एकभन्दा बढी सचिवको दरबन्दी राख्न नहुने निष्कर्षमा पुगेका हुन् ।

उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूका अनुसार कार्यबोझ कम भएका मन्त्रालय, आयोग र कार्यालयमा सचिवको दरबन्दी कटौती गरिनेछ । 'हामीले कामको बोझ र कर्मचारीको वृत्ति विकासलाई ख्याल गरेर दरबन्दी सिर्जना गर्ने वा घटाउने गरी सहमति गरेका छौं,' संयोजक बडूले भने ।

संगठन व्यवस्थापन तथा सर्वेक्षण (ओएन्डएम) गरी एकभन्दा बढी सहसचिव भएका सबै विभागमा अतिरिक्त सचिवलाई महानिर्देशक बनाउने गरी नयाँ पद सिर्जना गर्न लागिएको हो । बैठकमा सहभागी एक सांसदका अनुसार हाल महानिर्देशक पद (सहसचिव) रहेका सबैजसो विभागमा अतिरिक्त सचिव खटाइनेछ । प्रदेश मन्त्रालयमा नपठाउने हो भने अतिरिक्त सचिवको संख्या कम्तीमा ३५ देखि ४० हुने अनुमान गरिएको छ । तर प्रदेशका सबै मन्त्रालयमा अतिरिक्त सचिवको दरबन्दी राख्ने हो भने यो संख्या सयभन्दा बढी हुनेछ ।

प्रदेशमा बाह्रौं तहको वरिष्ठ सहसचिवलाई सचिवका रूपमा पठाउने कि अतिरिक्त सचिव पठाउने अन्तिम टुंगो लागिनसकेको ती सांसदले बताए । संयोजक बडूले भने प्रदेशमा अतिरिक्त सचिव नै पठाउन उचित हुने सुझाव आएको जानकारी दिए । प्रदेशले मन्त्रालय घटाउने र बढाउने गरिरहने भएकाले दरबन्दी सिर्जना गर्दा प्राविधिक समस्या आउने भनाइ कर्मचारी वृत्तको छ ।

उपसमितिले नवौं र दसौं तहमा उपसचिव, एघारौं र बाह्रौं तहमा सहसचिव, तेह्रौं तहमा अतिरिक्त सचिव, चौधौं तहमा सचिव र पन्ध्रौं तहमा मुख्यसचिव हुने प्रस्ताव गरेको छ । उपसमितिले खुला प्रतियोगिताबाट सहसचिवमा प्रवेश गर्ने ढोका बन्द गर्ने सहमति पनि गरेको छ । उपसमितिका संयोजक बडूले उपसचिवसम्ममा खुलाबाट निजामती सेवामा प्रवेश गर्ने प्रावधान राखे पनि सहसचिवमा पूर्ण रूपमा बन्द गर्ने सुझाव समितिलाई दिने बताए ।

उपसमितिले राज्यलाई आर्थिक भार नपर्ने गरी अतिरिक्त सचिवको दरबन्दी सिर्जनाबारे सुझाव दिन संघीय मामिला तथा सामान्य प्रशासन र कानुन मन्त्रालयलाई जिम्मेवारी दिएको बडूले जानकारी दिए । मन्त्रालयले मंगलबार सुझावसहितको प्रतिवेदन उपसमितिलाई बुझाउनेछ । संसद्मा रहेका सबै राजनीतिक दलका सांसदको प्रतिनिधित्व रहेकाले उपसमितिले दिने सुझावकै आधारमा राज्य व्यवस्थाले प्रतिवेदनसहितको विधेयक प्रतिनिधिसभा पेस गर्नेछ ।

कहाँ घट्न सक्छ सचिवको दरबन्दी ?

उपसमितिमा भएको सहमतिअनुसार विधेयक अघि बढे राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्यांक कार्यालय, नेपाल ट्रस्टको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, सत्य निरूपण तथा मेलमिलाप आयोग, जल तथा ऊर्जा आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, महान्यायाधिवक्ताको कार्यालयको सचिवको दरबन्दी कटौती हुने सम्भावना छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिवको दरबन्दी कटौती गर्न सकिने जानकारी उपसमितिका सदस्यले दिएका छन् । ६ वटा मन्त्रालयमा २-२ जना सचिव छन् भने प्रधानमन्त्री कार्यालयमा ४ जना सचिव छन् । महान्यायाधिवक्ता र महालेखापरीक्षकको कार्यालयमा ४-४ जना सचिवको दरबन्दी छ ।

'कुलिङ पिरियड' प्रस्तावमा मुख्यसचिव र सचिवहरूको असहमति

जयसिंह महरा (काठमाडौं)

सरकारका मुख्यसचिव र सचिवहरूले सेवा निवृत्त भएलगत्तै संवैधानिक आयोगका पदाधिकारी, राजदूत, विभिन्न एनजीओ र आईएनजीओमा जागिर खाने बाटो रोक्ने गरी गर्न लागिएको कानुनी प्रबन्धप्रति असहमति जनाएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिले गठन गरेको उपसमितिमा छलफलका क्रममा रहेको 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा मुख्यसचिव र सचिव सेवा निवृत्त भएपछि कम्तीमा २ वर्ष र बढीमा ५ वर्षसम्म संवैधानिक आयोग, राजदूत, गैरसरकारी संस्थामा नियुक्ति लिन नपाउने गरी 'कुलिङ पिरियड' राख्ने विषयमा छलफल जारी छ ।

निजामती विधेयकबारे राज्यव्यवस्था समितिको उपसमितिले गोप्य बैठकमा छलफल गरिरहेको छ । सरकारका सचिवहरूकै आग्रहमा गोप्य बैठक गर्नुपरेको उपसमितिका सांसदहरूले बताउँदै आएका छन् । उपसमितिका गोप्य बैठकमा नै दफावार छलफल गरेर विधेयक टुंगोमा पुर्‍याउन लागिएको छ ।

सरकारका मुख्यसचिव र सचिवहरू पदमा रहँदारहँदै राजनीतिक नेतृत्व (प्रधानमन्त्री, मन्त्री र राजनीतिक दलका नेता) लाई रिझाएर अवकाश गएलगत्तै वा अवकाशको मुखमा पदबाट राजीनामा दिएर अर्को नियुक्तिमा लिने विकृतिको अन्त्य गर्न कानुनी व्यवस्था गर्नुपर्नेमा सांसदहरूको जोड छ । तर, मुख्यसचिव एकनारायण अर्याल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा, प्रधानमन्त्री कार्यालयका सचिव फणीन्द्र गौतम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले भने 'कुलिङ पिरियड' को व्यवस्थाप्रति नै विरोध जनाएका छन् । उनीहरूले उपसमितिको आइतबारको बैठकमा 'कुलिङ पिरियड' को प्रावधानप्रति असन्तुष्टि प्रकट गरेका थिए ।

उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूले 'कुलिङ पिरियड' सहितका सबै विषयमा टुंगोमा पुग्न लागेको बताए । 'अहिलेसम्म आएका सबै विषयमा सर्वसम्मतिमा टुंगोमा पुगिराखेका छौं । हामीलाई दिएको १ महिनाको समयमा एक दिन पनि नबढ्ने गरी चैत १२ मा उपसमितिको प्रतिवेदन बुझाउँछौं,' बडूले भने, 'कुलिङ पिरियड लगाउने टुंगोमा सांसदहरू पुगेका छौं । कम्तीमा १ वर्ष पनि हुन सक्छ र २ वर्षको प्रस्ताव पनि आएको छ ।'

उपसमिति स्रोतका अनुसार एमालेका सांसद रघुजी पन्तले ६ महिना मात्रै कुलिङ पिरियड राख्नुपर्ने प्रस्ताव राखेका छन् भने माओवादी र एकीकृत समाजवादीको २ वर्ष राख्नुपर्ने अडान छ । कांग्रेसका केही सांसदले भने घटीमा १ वर्ष राख्नुपर्ने प्रस्ताव राखेका छन् ।

राजनीतिक नेतृत्वसँग सम्बन्ध बढाउने, मन्त्री र सचिव मिलेर संवैधानिक पदका लागि सेटिङ गर्ने, पदमा हुँदा सम्झौता गरेर अवकाश पाउनेबित्तिकै वा राजीनामा नै गरेर विदेशी दातृ निकायमा जागिरे बन्ने प्रवृत्ति उच्च पदस्थ कर्मचारीले निरन्तरता दिएकाले कुलिङ पिरियड राख्नुपर्ने तर्क सांसदहरूको छ । कर्मचारी नेतृत्वले भने कुलिङ पिरियडको व्यवस्था सुन्नै चाहेको छैन । त्यस्तो व्यवस्था राख्दा संविधानले लोकसेवा आयोगमा ५० प्रतिशत सरकारी सेवामा रहेका व्यक्ति नियुक्त गर्नुपर्ने व्यवस्था राखेको मुख्यसचिव र सचिवले उल्लेख गरेका छन् ।

> **मुख्यसचिव र सचिव सेवा निवृत्त भएपछि कम्तीमा २ वर्ष र बढीमा ५ वर्षसम्म 'कुलिङ पिरियड' राख्ने विषयमा छलफल जारी**

सांसद ईश्वरीदेवी न्यौपानेले 'कुलिङ पिरियड' राख्ने नै भनेर उपसमितिमा छलफल चलेको बताइन् । 'विधेयकमा संवैधानिक निकायबाहेकमा 'कुलिङ पिरियड' लाग्ने भन्ने छ । सचिवबाट राजीनामा दिन पाएको छैन, अर्कोतिर सेटिङ गरेर जाने विकृति आएको छ । निजामती कर्मचारी संवैधानिक आयोगमा नियुक्तिबारे के गर्ने भन्नेमा निष्कर्षमा भएको छैन । संविधानका पनि केही प्रावधान छन् तर 'कुलिङ पिरियड' रहन्छ होला,' उनले भनिन् ।

समिति सभापति रामहरि खतिवडाले 'कुलिङ पिरियड' राख्नेमा सांसदहरू एकमत रहेको बताए । 'सरकारी कर्मचारीले सत्ताको केन्द्रमा रहेर प्रधानमन्त्री र मन्त्रीलाई रिझाएर संवैधानिक नियुक्ति खान्छन् तर त्यहाँ पनि उल्लेख्य काम भएको छैन । कहिलेकाहीं राजनीतिक नियुक्तिले संवैधानिक आयोगको काममा प्रभाव परेको र राजनीतिक नेतृत्वको इच्छाअनुसार संवैधानिक आयोगलाई प्रभावमा पारेको पनि देखिन्छ,' खतिवडाले भने, 'कुलिङ पिरियड कतिपय नेतालाई पनि चित्त नबुझेको हुन सक्छ । आफूलाई मन परेका मुख्यसचिव र सचिवलाई संवैधानिक आयोगमा नियुक्ति दिनुपर्ने होला । तर, कानुन बनाउने आफूलाई हेरेर होइन, भविष्यका सन्ततिलाई हेरेर हो ।'

बैठकमा मुख्यसचिव अर्यालले निजामती कर्मचारीका लागि 'कुलिङ पिरियड' राख्ने र अन्यका लागि नलगाउने भन्ने व्यवस्थाप्रति आपत्ति जनाएका थिए । 'मुख्यसचिव र सचिवका लागि 'कुलिङ पिरियड' राखेर थुन्ने तर सेना र प्रहरीका अधिकृतलाई छुट हुने सही भएन भन्ने उहाँहरूको कुरा थियो । हामीले यो निजामती विधेयक हो, सैनिक वा प्रहरी विधेयक होइन भन्दा उहाँ बोल्नुभएन,' एक सांसदले भने । 'कुलिङ पिरियड' राख्न नहुनेमा कानुन सचिव सापकोटाले पनि जोड दिएको र सामान्य प्रशासन सचिव पन्थले त सचिवबाट अवकाश पाएपछि दुई वर्षसम्म कर्मचारीलाई नियुक्ति नदिई राख्दा 'डल हुन्छन्' भन्ने तर्क गरेको ती सांसदले बताए ।

जवाफमा सांसदहरूले तत्कालीन मुख्यसचिव सोमलाल सुवेदी, स्वास्थ्य मन्त्रालयका सचिवले पदबाट राजीनामा गरेर विदेशी संस्थामा जागिरे बनेको, पूर्वमुख्यसचिव र सचिवहरूले सहसचिव तहको राजदूत पद पाएको, पदबाट राजीनामा गरेर नयाँ पद सिर्जना गरी तत्कालीन मुख्यसचिव शंकरदास वैरागीले राजनीतिक नियुक्ति लिएको, संवैधानिक आयोगहरू अवकाशप्राप्त सचिवहरूको क्लब बनेको र प्रभावहीन भएको तर्क गरेका थिए ।

विधेयकमा निजामती सेवाको विशिष्ट वा प्रथम श्रेणीको पदबाट अवकाश भएको व्यक्तिले निवृत्त भएको दुई वर्षसम्म विभिन्न पदमा नियुक्ति लिन नहुने व्यवस्था छ । 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा नियुक्ति लिन, अन्तरसरकारी वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न, अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न' दुई वर्षका लागि बन्देज लगाइएको छ । त्यस्तो गर्नेलाई सेवासुविधा नपाइने व्यवस्था छ ।

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष — कुनै बहुप्रतीक्षित काममा सफलता मिल्नेछ । प्रायः सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन् । मनले प्रसन्नताको अनुभव गर्नेछ ।

वृष — मनमा दोधार हुन सक्छ । तटस्थमा आफूलाई प्रस्तुत गर्नुपर्ने हुन्छ । कामको प्राथमिकता र उपयुक्तता विचारी खट्नु लाभदायक हुनेछ ।

मिथुन — कुनै कुराले गर्दा झर्को लाग्न सक्छ । तन अल्छी बन्दा काममा सुस्तता हुन सक्छ । मनलाई एकाग्र बनाई प्राथमिकतामा ध्यान दिनुपर्नेछ ।

कर्कट — इच्छानुसार सबै कुरा मिल्दै जानेछ । गरेको काममा अपेक्षित सफलता मिल्नेछ । व्यावसायिक कार्य सफल रहनेछ ।

सिंह — समयलाई आफ्नै अनुकूलतामा तह लगाउन खोजिनेछ । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ । आर्थिक एवं व्यापारिक पक्ष सन्तोषजनक रहनेछ ।

कन्या — बेलैमा काम सक्न लागिपरिनेछ । प्राथमिकतानुसारका काममा आफूलाई अग्रसर गराइनेछ । सकेसम्म शान्त र धैर्य रहने प्रयत्न गर्नुपर्नेछ ।

तुला — कसले के कसो गर्‍यो भन्नुभन्दा पनि मैले के गर्नुपर्छ भनी जोड दिनुपर्ने हुन्छ । नजानेको कुरामा मौन बसेकै उचित हुनेछ ।

वृश्चिक — एकपछि अर्को गर्दै काम सकिँदै गइनेछ । कुनै कुराले मन उत्साहित हुन सक्छ । व्यक्तिगत खुसीका लागि केही समय निकालिनेछ ।

धनु — कसैलाई तपाईंको साथको आवश्यकता पर्न सक्छ । मर्यादाको ख्याल गर्दै आफूलाई प्रस्तुत गर्नुपर्ला । कुनै कामका लागि खर्च गर्नुपर्ने हुन सक्छ ।

मकर — सबै कुरा मिल्दै जानेछन् । आगामी प्रस्तुतिका लागि आफूलाई तयार गरिनेछ । इच्छानुसारका कामकुरामा केही समय भुल्ने मौका जुट्ला ।

कुम्भ — अलमल हुँदा सम्बन्धित व्यक्तिसित भलाकुसारी गर्नु ठीक हुनेछ । तटस्थ मनले कम बोलीमै काम सक्ने प्रयास गर्नु उत्तम रहला ।

मीन — सोचे अनुसार काममा सफल हुँदै गइनेछ । सम्बन्धित पक्षबाट अपेक्षित सद्भाव पाइनेछ । अनपेक्षित रूपमा कतैबाट कुनै कुराको लाभ हुन सक्छ ।

बलात्कार घटना मिलाउन खोजेको आरोपमा ४ पक्राउ

पाँचथर (कास)- इलामको माई नगरपालिकामा १३ वर्षीया बालिका बलात्कारको घटना मिलाउन खोजेको आरोपमा चार जना पक्राउ परेका छन् । पीडितका अभिभावकलाई तीन लाख नगद दिएर मिलाउन खोजेको भन्दै प्रहरीले आइतबार आरोपित युवकसहित चार जनालाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार गत बुधबार माई नगरपालिका-२ का २४ वर्षीय केशव गिरीबाट १३ वर्षीया बालिका बलात्कृत भएकी थिइन् । गिरीले बालिकालाई वडा ४ को शीतलीस्थित चिया बगानमा डर र धाकधम्की दिएर बलात्कार गरेको प्रहरीले जनाएको छ । आरोपित गिरी, उनका बुबा ५८ वर्षीय केदारनाथ गिरी, ४३ वर्षीय काका नारायण गिरी र छिमेकी तुलाधर अर्याललाई पक्राउ गरिएको छ ।

जाहेरी नहाल्न आरोपित गिरि, उनका अभिभावक र छिमेकी मिलेर पीडितलाई प्रलोभनमा पार्न खोजेका थिए । 'जे नहुनु भइसक्यो, हल्ला गर्दा तपाईंहरूकै इज्जत जान्छ । मुद्दा नहाल्दिनुस् भन्दै जबर्जस्ती तीन लाख रुपैयाँ थमाएर चुप लाग्न भनेका थिए,' पीडित बालिकाकी आमाले भनिन् । जिल्ला प्रहरी इलामका सूचना अधिकारी डीएसपी मानबहादुर राईले पीडितबाट उजुरी प्राप्त भएपछि उनीहरूलाई पक्राउ गरेको बताए । 'चारै जनालाई जिल्ला अदालत इलामबाट सात दिन म्याद थपेर अनुसन्धान भइरहेको छ,' डीएसपी राईले भने । आरोपितले पीडित परिवारलाई दिएको रकम पनि बरामद गरेको उनले बताए ।

सम्पादकीय

मधेशका अस्पतालले देखाएको देशको स्वास्थ्य 'रिपोर्ट'

स्वास्थ्य उपचार सम्झौताहीन प्रयत्न हो । गम्भीर बिरामी परेका बेला आर्थिक हैसियतले नभ्याए सर्वसाधारण जायजेथा बेचेरै पनि उपचार गर्न बाध्य हुन्छन् । उपचार सेवाबापत व्यावसायिक शुल्क लिनु पनि अन्यथा होइन । तर, मानवजीवनसँग सम्बन्धित संवेदनशील सेवामा कानुनी मापदण्ड पनि पूरा नहुनु विडम्बना हो । खासगरी मधेशमा सञ्चालित कैयौं अस्पतालले अहिले जनस्वास्थ्यमा गम्भीर खेलबाड गरिरहेका छन् । दर्ता नै नगरी अस्पताल खोल्ने, उपचारमा लापरबाही गर्ने, बिरामीप्रति जवाफदेही नहुने तर चर्को शुल्क उठाउने प्रवृत्तिले मधेशमा स्वास्थ्य सेवा बदनाम भएको छ । हुन त केही सातायता मधेश प्रदेशमा मुख्यमन्त्री सतीशकुमार सिंहले अनुगमन गरी ७५ अस्पताल बन्द गराइदिएका छन् । तर ती अस्पतालले अहिलेसम्म गरेको गैरकानुनी अभ्यासका लागि कस्तो कारबाही हुन्छ, उनीहरूले बिरामीको स्वास्थ्यमाथि गरेको खेलबाडको क्षतिभरण कसरी हुन्छ र भविष्यमा यी अस्पताल फेरि पूर्ववत् शैलीमा सञ्चालन हुँदैनन् भन्ने प्रत्याभूति के छ ? अहिलेको बहसको विषय यही हो ।

स्वास्थ्य क्षेत्रमा देशभरि नै समस्या छ, अझ मधेशका नागरिकले उपचारमा बेहोर्नुपर्ने चर्को खर्च र पाउने गुणस्तरहीन सेवाले स्वास्थ्य क्षेत्र अलपत्र रहेको भान हुन्छ । मधेशको राजधानी जनकपुरमै सञ्चालित मुस्कान अस्पतालको सन्दर्भबाट पनि यस्तो खेलबाड प्रस्ट हुन्छ । २४ वर्षीया पविताकुमारी यादव शल्यक्रिया गरेर पित्तथैली झिक्न ३ माघमा सो अस्पताल भर्ना भएकी थिइन् । सोही दिन उनलाई शल्यक्रिया कक्षभित्र लगेर बेहोस पारिएको थियो, त्यसयता ६८ दिनसम्म उनको होस फिरेको छैन । यसबीचमा उनलाई जनकपुरबाट थप उपचारका लागि काठमाडौंमा ल्याइएको छ । पवितालाई शल्यक्रियाअघि बेहोस बनाउने औषधि दिँदा नै लापरबाही भएको चिकित्सकको आकलन छ । शल्यक्रिया गर्दा एनेस्थेसिया (बेहोस पार्ने औषधि) दिने विशेषज्ञ चिकित्सक अनिवार्य हुनुपर्ने भए पनि बेहोस पार्ने औषधि कुन चिकित्सकले चलाएका हुन् भन्ने अस्पतालले स्पष्ट पार्न सकेको छैन । यसरी बेहोस बनाउन दिइएको औषधि, शल्यक्रिया अवधिभर बिरामीको शरीरमा अक्सिजनको मात्रालगायतका विषय मनिटर भएको वा नभएको समेत विस्तृत जानकारी छैन । खासमा शल्यक्रिया गर्दा एनेस्थेसिस्ट नै थिए कि थिएनन् भन्ने पनि प्रस्ट हुन सकेको छैन । अझ यो अस्पताल नै दर्ताबिनै सञ्चालनमा रहेको भेद खुलेको छ । यसरी जनकपुरमा नै दर्ता नगरी अस्पताल सञ्चालनमा थिए भने समग्र प्रदेशमा त्यस्ता कति अस्पताल होलान् र तिनले कस्तो स्वास्थ्य सेवा दिइरहेका थिए भन्ने सोच्दा नै डराउनुपर्ने अवस्था बन्छ ।

मधेशका मुख्यमन्त्री सतीशकुमार सिंहले छोटो समय अनुगमन गर्दा मधेशका कम्तीमा ७५ निजी अस्पताल गैरकानुनी रूपमा र मापदण्डविपरीत चलेको भेटिएको छ । अनुगमनका क्रममा कैफियत भेटिएका धनुषाका २२, सर्लाहीका २४, रौतहटका २१, महोत्तरीका ५, सप्तरीका २ र पर्साको १ अस्पताल बन्द गरिएका छन् । दर्ता नभएका वा मापदण्ड पूरा नगरेका अस्पताल बन्द गरिनु स्वाभाविक हो । यद्यपि, तत्कालका लागि बन्द गरिनु मात्रै समाधान होइन । पहिलो, दर्ता र मापदण्ड पूरा नगरीकनै मधेशमा यति धेरै स्वास्थ्य संस्था खोल्न कसले दियो, राज्य अहिलेसम्म कहाँ थियो ? अनुगमन गर्नुपर्ने प्रणालीमा भएका अधिकारीको जवाफदेहिता के हो ? अहिले सञ्चालनमा रहेका अस्पतालभित्रको आधिकारिकता, त्यसमा काम गर्ने चिकित्सकको योग्यता, त्यहाँभित्रको वातावरण र उपचारको गुणस्तर र तिनले उठाउने गरेको शुल्कका विषय एक जना मुख्यमन्त्रीले जाँच्ने र पार लगाउने विषय होइन, यसका लागि प्रणालीगत हस्तक्षेपको अपरिहार्य छ ।

अवस्था कस्तोसम्म छ भने, जनकपुर सहरमा ६ जना मात्र एनेस्थेसिया डाक्टर छन् । तर, यहाँका अस्पतालमा दैनिक एक सय हाराहारीमा बिरामीको शल्यक्रिया हुन्छ । एनेस्थेसिया डाक्टर र शल्यक्रियाको अनुपात हेर्ने हो भने बिरामीलाई कसले कसरी बेहोस बनाउँछ भनेर सोच्नुपर्ने र डराउनुपर्ने अवस्था छ । अनुसन्धान गर्नका लागि यो एउटा बलियो आधार हो । अस्पतालको लापरबाहीले मूल्य चुकाउन/भोग्न बाध्य भएका पीडित बिरामी वा तिनका परिवारले क्षतिपूर्ति पाउनुपर्छ । त्यस्तो क्षतिपूति दिने मापदण्ड बनाउनुपर्छ । मापदण्ड नबनाउने र बनेको अनुगमन नगर्ने निकायका जिम्मेवार अधिकारी सजायको भागीदार बन्नुपर्छ । अहिले मधेश सरकारको नेतृत्वमा अनुगमन भएकाले स्वास्थ्य संस्था सञ्चालनमा रहेका बेथिति सतहमा आएका छन्, वास्तविक समस्या त्योभन्दा भयावह छ । समस्या मधेश प्रदेशमा मात्रै छ भन्ने होइन । तसर्थ मधेश र समग्र देशभित्रका स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने प्रबन्ध सुनिश्चित गर्नुपर्छ ।

नेताराजको अन्त्य किन ?

पार्टीका शीर्षको मनपरीतन्त्र, तिनले ल्याएका बेथितिको अन्त्यका लागि उनीहरूलाई राजनीतिबाट बिदा गर्नु अनिवार्य छ

कृष्ण खनाल

गत चैत १ र २ गते म इलाममा आयोजित साहित्य महोत्सवमा सहभागी थिएँ । साहित्य मेरो विषय होइन, तर यसबाट कोही विमुख हुन सक्तैन । यो समाजभन्दा फरक कुरा पनि होइन । यसमा समाजकै प्रतिबिम्बन हुन्छन् । महोत्सवका विषय विविध थिए । एउटा विषय 'राजनीति : आशा र निराशा' माथि विमर्श थियो । एक नागरिक प्रतिनिधिका रूपमा म त्यहाँ आमन्त्रित थिएँ । अन्य वक्तामा राजनीतिक दलका तर्फबाट नेपाली कांग्रेसका गगन थापा, माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठ र एमालेका गोकर्ण विष्ट थिए । त्यो सत्रको सञ्चालन पत्रकार बसन्त बस्नेतले गरेका थिए । समसामयिक राजनीतिको चिरफार र भविष्यको बाटोका बारेमा केही गम्भीर विमर्श भए ।

विमर्शका क्रममा त्यहाँ उठेका केही धारणा र मन्तव्यबाट विषय प्रवेश गर्न चाहन्छु । गगन थापाको भनाइ थियो, जनतामा असन्तोष छ, तर केही भएन भन्ने काठमाडौंको भाष्य सही होइन । पार्टीमा नेतृत्व संरचनादेखि परिवर्तन गर्नु आवश्यक छ, म त्यसमा लागेको छु । नारायणकाजीको भनाइ थियो, यथास्थितिमा केही गर्न सकिन्न, यसलाई भंग गरेर माओवादी पार्टीको पहिलेदेखिको अडान प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रणालीमा जानुपर्छ । अनि मात्र अग्रगामी सामाजिक रूपान्तरण गर्न सकिन्छ । गोकर्ण विष्टले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले प्रकाशन गरेको मानव विकासको तथ्यांक उद्धृत गर्दै नेपालले हासिल गरेको प्रगतिको वाचन गरे । म उनीहरूका कुरासँग सहमत हुन सकिनँ, केही फरक धारणा राखें ।

सञ्चालक बसन्तजीको ममाथि विशेष प्रश्न पनि थियो, अहिले नागरिक आन्दोलनले उठाएको 'नेता राजको अन्त्य' को अन्तर्य के हो ? समयसीमाका कारणले मैले त्यहाँ यसको सविस्तार व्याख्या गर्न पाइनँ । 'नेताराजको अन्त्य' का बारेमा बृहत् नागरिक आन्दोलनले विज्ञप्तिबाट प्रस्ट पारिसकेको छ । तथापि त्यो अवधारणा बनाउन सहभागीमध्ये म पनि भएकाले त्यसमाथि केही थप विवेचना गर्नु मेरो काम पनि हो भन्ने लागेको छ ।

सबैभन्दा पहिले 'नेताराज' भनेको के हो, केही प्रस्ट गरौं । झट्ट हेर्दा विसंगतिजस्तो पनि लाग्न सक्छ । शासन त नेतृत्वमा बस्नेले नै हाँक्ने हो, नेताबिनाको राज पनि हुन्छ र ? हामीकहाँ लोकतन्त्रको नाममा दल होस् वा सरकार, केही सीमित व्यक्तिको नेतृत्वमा निरन्तर ढलीमली भयो, राजपरिवारजस्तै । लोकप्रियता, नेतृत्व कुशलता, नैतिक आचरणजस्ता गुणबाट निरपेक्ष रहेर उनै सीमित व्यक्तिको पार्टी, संसद्, शासन सर्वत्र रजगज रह्यो । एक प्रकारले गिरोहतन्त्र (ओलिगार्की) कायम भयो । नेताराज यही गलत अभ्यासलाई भनेको हो, दलको राजनीतिक नेतृत्व नै चाहिँदैन भनेको होइन । यो अलिकति व्यंग्यात्मक अभिव्यक्ति पनि हो ।

नेताराजको अन्त्य भनेर आह्वान गर्दा हामीले नेताको हातखुट्टा बाँधेर कामै गर्न नसक्ने बनाउन खोजेका होइनौं । नेतृत्वमा पुग्नेलाई आफ्नो सहयोगी टोली (टिम) छान्ने, बनाउने पूर्ण स्वतन्त्रता पार्टीमा हुनुपर्छ । अहिले त्यस्तो टिम देखिन्न, सहयोगी होइनन् पछुवा मात्र छन् । नेताले आफ्नो अनुकूल खल्तीबाट निकालेजस्तो गरी जसलाई पनि अर्थमन्त्री र परराष्ट्रमन्त्री बनाउनाले यी दुवै क्षेत्रमा हाम्रो अवस्था अत्यन्त दयनीय बन्न पुगेको छ । नेतृत्व क्षमताको अभावमा न अर्थतन्त्रले अपेक्षित दिशा लिन सक्यो न दायाँबायाँका छिमेकीसितको लम्पसारवादबाट मुक्ति ।

राजनीतिक दल लोकतन्त्रका पर्याय हुन् । तिनले नै नागरिकलाई राजनीतिक प्रणालीमा जोड्छन् । उनका भावना, चाहना र सहभागितालाई सुनिश्चित गर्छन् । समाजको उद्देश्यमूलक रूपान्तरण गर्छन् । हामीले अपनाएको राजनीतिक प्रणालीमा दलको भूमिका अपरिहार्य छ । संविधानले नै चुनाव, प्रतिनिधित्व र सरकार गठन सम्बन्धमा दलको उपस्थितिलाई निर्देश गरेको छ । दलको गठन र सञ्चालन गर्न पाउने स्वतन्त्रतालाई मौलिक अधिकार मानेको छ । दललाई निषेध गरेर राजनीति नै चल्दैन ।

तर अहिले मुलुकमा जे बेथिति छ, राजनीतिक दलका कारणले नै हो भन्ने आम जनधारणा बनेको छ । सञ्चारमाध्यमलाई जनमतको प्रतिनिधि मञ्च मान्ने हो भने त्यहाँ देखिने, सुनिने अभिव्यक्ति, कटाक्षमा दलका प्रति आलोचना र असन्तोष मात्र होइन नकारात्मक छन् । जनभावना र दल मुखामुख नभएको स्थिति छ । त्यसैले अहिले लोकतन्त्रको नाममा दलतन्त्र, नेतातन्त्र, अत्यधिक दलीयकरण हावी भयो । दलको फेर नसमात्ने नागरिकको योग्यता नै स्थापित नहुने, पहिचान नहुने, सार्वजनिक ओहदा नै नपाउने स्थिति छ भन्ने आमगुनासो सुनिन्छ ।

दलभित्र पनि प्रमुख नेता कहलिएका केही ठालु दादा-दिदी, बा-आमा, हजुरबा-हजुरआमाको हैकम र कठोर नियन्त्रण छ । उनीहरूलाई खुसी राख्न नसक्ने कार्यकर्ता धुलिसात हुन्छन् । कांग्रेस, कम्युनिस्ट जस्ता पुराना पार्टीको ज्यादती त रोकिएन नै, तर नयाँ भनिएकाहरूको पनि उही हैकमवादी स्वर र व्यवहार अझ चर्को देखिएको छ । पुरानामा त सार्वजनिक आलोचना सुन्ने र पचाउने बानी बसेको छ, नयाँमा त्यो पनि छैन । नागरिकहरू दलका यस्ता व्यवहारबाट हैरान हुन थालेका छन् । दलका कारण लोकतन्त्र/गणतन्त्र नै बदनाम हुने अवस्था बनेको छ ।

हाम्रो संविधानले 'राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ' भनेको छ । यो भनेको दलभित्रको लोकतन्त्र हो । प्रत्येक चार-पाँच वर्षको अवधिमा अधिवेशन र पार्टी पदाधिकारीको चुनाव तथा समितिहरूको गठन, पुनर्गठन मात्र होइन, जवाफदेहिता, पारदर्शिता र नागरिक समुदायसितको संवाद पनि हो ।

लोकतान्त्रिक राजनीतिक प्रणालीलाई कार्यान्वयन गर्न दलहरूको उपस्थिति र भूमिका अपरिहार्य छ । तर उनीहरूलाई कसरी जवाफदेही र पारदर्शी बनाउने सबैभन्दा प्रमुख प्रश्न हो । हो, आजको स्थितिका मुख्य दोषी दल र तिनको नेतृत्व पंक्ति नै हुन् । दलका विकृति फाल्दा कतै नुहाएको बाटाको पानीसँगै बच्चा पनि फालिने भनाइजस्तै हुने त होइन ? हाम्रा अगाडि अत्यन्त संवेदनशील प्रश्न पनि उठ्यो । हामी नागरिकहरू दलीय प्रणालीकै विपक्षमा त कदापि होइनौं । हामी सचेत छौं, कतै निर्दलीयताको ख्याकको फेरि सवारी चलाउन सपना देख्नेका लागि बाटो बन्ने त होइन । दलका कमजोरी र नेतृत्वको अलोकप्रियतालाई उपयोग गरेर ज्ञानेन्द्रले निरंकुश सत्ता लादेको कुरा हामीले बिर्सेका छैनौं । अहिले लोकतन्त्रप्रति असहिष्णु जमात शाही निरंकुशता पुनःस्थापनाको दिवासपना देख्दै छन् । नागरिक भनेका इतिहासप्रति संवेदनशील नहुने अराजक झुन्ड होइन ।

देशको अवस्थाप्रति राजनीतिक दलमा चिन्ता नभएको होइन, बेलाबखत उनीहरूले त्यो चिन्ता प्रकट गरेका छन् । सुधारका प्रयत्न पनि गर्न खोज्दै छन् । तर उनीहरूका दृष्टि आफ्नै वर्चस्वको एकल सत्ताको स्वार्थमा परिचालित हुन्छ । यो स्वाभाविक दलीय प्रवृत्ति हो । यसको नियन्त्रण र सन्तुलनकै लागि लोकतन्त्र चाहिएको हो । लोकतन्त्र भनेको दलहरूका भिन्नभिन्न दर्शन र मान्यताका बीच केही आधारभूत सिद्धान्त र विधिको प्रक्रियामा न्यूनतम सहमतिको प्रणाली हो । विविध विचार र दृष्टिकोणकाबीच राजनीतिलाई संविधानसम्मत प्रक्रियाबाट जनअपेक्षाअनुरूप अघि बढाउन सकिएन भने यो व्यक्तिको तन्त्र, अधिनायकतन्त्र वा गिरोहतन्त्रमा भ्रष्टीकरण हुन्छ । अहिले हाम्रो अवस्था भनेको यही भ्रष्टीकरणको हो । त्यसैले अहिले सिद्धान्त र प्रणालीभन्दा पनि दलभित्रको बेथिति प्रमुख हो । त्यहाँभित्र केही व्यक्ति आजीवन हावी रहने, आफ्नो शेषपछि आफ्नै परिवार वा आफ्नो बफादारलाई उत्तराधिकारी बनाउने जुन प्रवृत्ति छ नेताराज भनेको त्यही प्रवृत्ति हो । यो प्रवृत्तिको दोषी नेता कहलिएका पार्टीका शीर्ष व्यक्ति हुन् । तिनको मनपरीतन्त्र, तिनले ल्याएका बेथितिको अन्त्यका लागि तिनीहरूलाई राजनीतिबाट बिदा गर्नु अनिवार्य छ । नेताराजको अन्त्यको मुख्य अन्तर्य यही हो ।

> हामी नागरिकहरू दलीय प्रणालीकै विपक्षमा त कदापि होइनौं । सचेत छौं, कतै निर्दलीयताको ख्याकको फेरि सवारी चलाउन सपना देख्नेका लागि बाटो बन्ने त होइन ।

प्रश्न उठ्छ, अहिलेका शीर्षलाई फाल्दैमा त्यसपछि आउने अर्कोले फेरि त्यही गर्दैन भन्ने ग्यारेन्टी त छैन, भोलि आउनेले फेरि त्यही दोहोर्‍याउने हुन्, खोइ त समाधान, खोइ उपाय ? नेताराजको अन्त्य भनेर एकल सूत्रबद्ध गरे पनि यो राजनीतिक सुधारको समग्र दृष्टि हो । यो बहुआयामिक छ । यो दृष्टि र अभियान प्रमुख भनिएका कांग्रेस, एमाले र माओवादीमा मात्र केन्द्रित छैन । संवैधानिक प्रणालीमा समाहित भएर संसद्मा पुगेका र पुग्न चाहने नयाँ-पुराना सबै राजनीतिक दलका सन्दर्भमा हो । विकृत र जीर्ण नेताको विस्थापनको पाटोसँगै सुधारका अरू पक्ष पनि अनिवार्य छन् । तिनको अभ्यास नगर्ने हो भने अहिलेका कथित नेतालाई हटाउनु वा नहटाउनुमा कुनै अन्तर हुँदैन । यसका लागि निम्न कुरा सँगसँगै दलीय राजनीतिमा स्थापित हुनु जरुरी छ ।

लोकतन्त्रमा पार्टीको नेता देशको लोकप्रिय मतबाट पनि अनुमोदित हुनुपर्छ । राजनीतिक दलले जनताका इच्छा-आकांक्षाको प्रतिनिधित्व गर्छन्, संसद् र सरकारमा पुगेर सरकारको नीति तथा कार्यक्रमका माध्यम सम्बोधन गर्छन् । त्यही मान्यता र विश्वासमा जनताले उनीहरूलाई मानेका हुन्छन् र चुनावमा मत दिन्छन् । चुनाव हाँक्ने नेताले हो, पार्टी त सहयोगी माध्यम मात्र हो । जसरी बस चालकले यात्रीलाई अपेक्षित गन्तव्यमा पुर्‍याउनुपर्छ, त्यसैगरी आफ्नो दललाई अपेक्षित विजयको उचाइमा पुर्‍याउने काम नेताको हो । त्यसमा अपेक्षित सफलता हात नलागे आफ्नो नेतृत्व कुशलतालाई जनताले पत्याएनन् भनेर नेतृत्वबाट विश्राम लिनुपर्छ । यो कानुन वा पार्टी विधानको कुरा होइन, अभ्यासबाट स्थापित गर्नुपर्ने पार्टी संस्कृति हो । दलमा आन्तरिक लोकतन्त्रको प्रारम्भिक बिन्दु नै यही हो ।

आवधिक चुनाव भनेको देश हाँक्ने राजनीतिक नेतृत्वको चयन पनि हो । चुनाव लड्ने दलले पनि आफ्नो दल विजयी भए भोलि सरकार हाँक्ने नेता अर्थात् भावी प्रधानमन्त्रीको नाम प्रस्टसँग सार्वजनिक गर्नुपर्छ । त्यस दलको तर्फबाट चुनाव अभियानको नायक पनि सोही व्यक्ति हुन्छ । यसले चुनावपछि प्रधानमन्त्री बन्ने व्यक्तिको नेतृत्व पनि चुनावबाट अनुमोदित भएको मानिन्छ र उसको नेतृत्व पनि सबल र विश्वासिलो बन्न सक्छ । यस्तो परिपाटीको अभावमा हामीकहाँ प्रधानमन्त्री हुने व्यक्ति सधैं कमजोर र गुटगत खेलमा सीमित हुन पुगेको हो । संसदीय प्रणालीमा प्रधानमन्त्री हुनु भनेको राजनीतिक लोकप्रियताको उच्चतम बिन्दु हो । हामीकहाँ दलहरूले यसको सम्मान नै राख्न सकेनन् ।

प्रधानमन्त्री भइसकेको व्यक्ति संसद्मा विपक्षी दलको नेता बन्नु भनेको लोकप्रियताको स्खलन हो । हिजो आफू प्रधानमन्त्री रहेको पदको अपमान हो । हाम्रा संसदीय चुनावमा मेरो भोकै मेटिएको छैन, रहर नै पुगेको छैन भनेर पूर्वप्रधानमन्त्रीहरूको लर्को लाग्छ । चुनावपछि तिनकै ट्याउ-ट्याउ व्यवस्थापन गर्न पार्टीमा रडाको मच्चिन्छ । तोडफोड, विग्रह र विभाजन हुन्छ । यो गलत अभ्यासको अन्त्य हुनुपर्छ । उन्नत लोकतन्त्रको अभ्यास गरिरहेका संयुक्त अधिराज्य बेलायतलगायतका देशमा पूर्वप्रधानमन्त्रीहरू संसदीय चुनाव नै लड्न जाँदैनन् । नयाँ प्रधानमन्त्रीले आवश्यक देखेमा पूर्वप्रधानमन्त्रीलाई सरकारमा विशेष जिम्मेवारीका लागि आग्रह गर्न सक्छन् । स्मरण रहोस्, बेलायतमा प्रधानमन्त्री ऋषि सुनकले पूर्वप्रधानमन्त्री डेभिड क्यामरुनलाई विदेश मन्त्रालयको विशेष जिम्मेवारी दिएका थिए । क्यामरुनले पनि आफूभन्दा कनिष्ठ प्रधानमन्त्री भए पनि सहजतासाथ त्यो जिम्मेवारीलाई स्वीकार गरे । पार्टीभित्र विकास गर्नुपर्ने मैत्रीपूर्ण (कमरेड) संस्कृति भनेकै यही हो ।

पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास र पार्टी सुधारको कुरा सरकार वा संसद्को नेतृत्व गर्ने प्रधानमन्त्री वा नेता चयन वा विस्थापनमा मात्र सीमित छैन । चुनावमा उम्मेदवार चयन प्रक्रिया, निर्वाचन प्रणालीमा सुधार, निर्वाचन आयुक्तको चयन, पार्टी व्यवस्थापनसम्बन्धी कानुनमा सुधारलगायतका विषय पनि छन् । पार्टीको आर्थिक स्रोत र पारदर्शिताका कुरा छन् ।

स्वस्थ राजनीतिका लागि संविधान बनाएर मात्र पुग्दैन, संविधानले अपेक्षा गर्ने राजनीतिक व्यवहार पनि चाहिन्छ जसलाई हामी राजनीतिक संस्कृति भन्छौं । यो संस्कृति कानुनले निर्धारण गर्दैन, दलहरूले नै अभ्यासबाट विकसित गर्ने हो । अनि मात्र राजनीतिले निश्चित गन्तव्य समाउन सक्छ ।

नेतृत्व पथभ्रष्ट भएपछि सबै क्षेत्र प्रभावित हुन्छ । सबैभन्दा पहिले त्यसलाई सही ठाउँमा उभ्याउनु जरुरी छ । हिजो लोकतन्त्र, गणतन्त्रका लागि आन्दोलन गरें, नागरिकका हक र स्वतन्त्रता कायम गरें भन्दैमा अब नागरिकले ती पार्टी र नेतालाई सजिलै मत दिने सम्भावना छैन । चुनाव आउने समय पनि निकै बाँकी छ । यो लेखको अन्तर्यलाई ध्यान दिन सके उनीहरूले अपेक्षित सुधारको पहल अहिल्यै प्रारम्भ गर्न सक्छन् । नयाँ नेतृत्व, सक्षम नेतृत्व टिम र निर्वाचन क्षेत्रका जनताले रुचाएका सच्चरित्रवान् उम्मेदवार लिएर आउने पार्टीलाई जनताको साथ कम हुँदैन । सुध्रिन र सच्चिन पर्ने पार्टी र नेता आफैं हुन्, नागरिकले त खबरदारी गर्ने हो ।

सम्पादकलाई चिठी

लोकतन्त्रको विकल्प राजतन्त्र हुनै सक्दैन

को गरम र को नरम भन्ने त थाहा भएन तर लोकतन्त्रको विकल्प राजतन्त्र हुनै सक्दैन । राजाको प्रत्यक्ष शासन हामीले नझेलेका होइनौं, नदेखेका होइनौं । उनको प्रत्यक्ष शासनमा लेख्ने कलम बन्द गरिएको थियो, बोल्ने मुख थुनिएको थियो । प्रेसमाथि दमन गरियो । स्वतन्त्रता हनन गरिएको थियो । आज फेरि त्यही राजतन्त्र कसरी एकाएक ठिक हुन्छ ? बडो विडम्बनापूर्ण लाग्छ । आज जसरी हामीले स्वतन्त्र रूपमा लेख्न र बोल्न पाएका छौं, यसको श्रेय लोकतन्त्रलाई नै जान्छ । लोकतन्त्र खराब तन्त्र हुनै सक्दैन । यति भन्नै पर्छ, 'वास्तवमा यसलाई परिचालन गर्ने नेताहरूको अकर्मण्यताका कारण जनतामा निराशाचाहिँ छाएको छ ।'

पुरुषोत्तम घिमिरे
जोरपाटी, काठमाडौं

केयू उपकुलपतिका प्रत्यासीहरूको अंक सार्वजनिक गरियोस्

काठमाडौं विश्वविद्यालय (केयू) कै इतिहासमा पहिलो पटक शैक्षिक योग्यता र कार्यदक्षताका आधारमा उपकुलपति चयन गर्ने प्रक्रियाको थालनी गरी हामीलाई प्रोत्साहित गर्नुभएकामा प्रधानमन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

संस्थापक उपकुलपति संयोजक रहेको तीन सदस्यसहितको छनोट समिति गठन भयो । कार्यविधि निर्देशिका पनि छोटो समयभित्र तयार भयो । कार्यविधि निर्देशिकामा निवेदक कुनै पार्टी विशेषको सदस्यता नलिएको व्यक्ति हुनुपर्ने उल्लेख गरिएकाले विशुद्ध प्राज्ञिक क्षेत्रमा योगदान गरेका उत्साहित हुनु स्वाभाविक थियो । निर्देशिकामा छनोटको आधार भनेको शैक्षिक योग्यता, प्राज्ञिक अनुभव, उच्च शिक्षाका क्षेत्रमा हासिल गरेको नेतृत्वदायी अनुभव, व्यवस्थापकीय कुशलता एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय साधन स्रोतको परिचालन गरेको व्यक्ति भनी उल्लेख गरिएको थियो । छनोटका आधारहरू आफ्नो योग्यतासँग हुबहु मेल खाने देखेर मैले पनि निवेदन दिनु आफ्नो कर्तव्य सम्झें ।

उत्साहका साथ, मक्किसकेका प्रमाणपत्र, लब्धांकपत्र र अनुभवका प्रमाणपत्र जुटाउनतर्फ लागियो । सोचपत्र र रणनीतिक कार्ययोजना तयार पारी प्रस्तुतीकरण र अन्तर्वार्तामा समेत सहभागी भइयो । २० जनाबाट १० जनाको सूची प्रकाशित गर्ने क्रममा केही निवेदक यो सूचीमा नअटाएको देख्दा र आशा नै नगरेका अन्य निवेदक समावेश भएको पाउँदा छनोट प्रक्रियाको निष्पक्षतामाथि प्रश्न उठ्न थाल्यो । पत्रपत्रिका र टेलिभिजनमार्फत काठमाडौं विश्वविद्यालयको प्रतिष्ठामाथि प्रहार हुने गरी समाचार सम्प्रेषण हुन थाल्यो । सामान्य अवस्था भएको भए अन्तर्वार्ता सकिएको केही समयभित्रै कुलपतिसमक्ष मेरिटका आधारमा तीन जनाको नाम पेस गरी सक्नुपर्ने थियो । समितिबाट नाम सिफारिस गर्न गरिएको ढिलाइको कारणबारे अनलाइन माध्यमबाट विभिन्न प्रकारका तर्कवितर्क आउन थाले ।

यसैबीच समितिका संयोजकले बीबीसी सञ्चारमाध्यममार्फत राख्नुभएको विवादास्पद धारणा बाहिरियो । कार्यविधि निर्देशिकाले निर्देशित गरेको परिधिभन्दा बाहिरको, कुनै एक जना व्यक्ति विशेषको नाम सिफारिस गर्न खोजिएको, मेरिटले मात्र नपुग्ने र संस्थाको हित गर्ने व्यक्ति हुनुपर्ने जस्ता उहाँका विचारले उपकुलपति छनोट प्रक्रिया निष्पक्ष नहुने र अझ लम्बिने आशंका जन्मायो । उपकुलपतिका प्रत्याशी आठ जनाले त लिखित रूपमै असन्तुष्टि व्यक्त गरे । विश्वविद्यालयका पदाधिकारीहरू समेतले समितिबाट मेरिटका आधारमा विश्वविद्यालयलाई छिट्टै उपकुलपति चयन गरी पठाउन लिखित अनुरोधपत्रसमेत पेस गरे । मैले कुनै पनि यस्ता विज्ञप्ति वा पत्रमा हस्ताक्षर गरिनँ किनभने प्रधानमन्त्रीज्यूबाट योग्यताकै आधारमा उपकुलपतिको चयन हुनेछ भन्ने कुरामा म विश्वस्त थिएँ ।

लामो अन्योलपछि काठमाडौं विश्वविद्यालयले उपकुलपति पाएको छ । चौथो उपकुलपतिका रूपमा विश्वविद्यालयको जिम्मेवारी पाउनुभएकामा नवनियुक्त उपकुलपतिलाई बधाई छ ।

विश्वविद्यालयलाई मेरो नेतृत्वदायी र व्यवस्थापकीय कुशलता आवश्यक पर्दा म कहिले पछि हटिनँ । हरेक अप्ठ्यारो परिस्थितिमा विश्वविद्यालय पदाधिकारीलाई साथ दिने अठोट गरें । काठमाडौं विश्वविद्यालयको अबको बाटो के हो त ? काठमाडौं विश्वविद्यालयमा तीन दशक बिताइसकेको म, सेवानिवृत्त हुने संघारमा पुगेको व्यक्ति, भावीपुस्तालाई मैले अवलम्बन गरेको बाटो गलत थियो भनेर म भन्न चाहन्नँ ।

त्यसैकारण प्रधानमन्त्रीज्यूलाई मेरो विनम्र अनुरोध छ कि हामी उपकुलपतिका प्रत्याशीहरूको अंक सार्वजनिक गरियोस् । राजनैतिक सम्बन्धनका आधारमा यसपालिको उपकुलपति छनोट भएको होइन, काठमाडौं विश्वविद्यालय राजनीतिक भागबन्डामा परेको वा पारिएको छैन र विशुद्ध शैक्षिक योग्यता एवं कार्यदक्षताका आधारमा उपकुलपतिको चयन भएको छ भन्ने विषयमा हामी पनि विश्वस्त हुनेछौं ।

प्रा.डा. सुबोध शर्मा
पूर्वरजिस्ट्रार एवं उपकुलपतिका प्रत्याशी

देशको सिमाना पार गर्दै भ्रष्टाचार

कमजोर र अस्थिर सरकारको फाइदा उठाउँदै ठूला भ्रष्टाचारीहरूले भ्रष्टाचारको रकम देश बाहिर पुर्‍याउने, उतै लगानी गर्ने वा शुद्धीकरण गर्दै फेरि नेपाल भित्र्याउने गैरकानुनी धन्दा मौलाउँदै गएको देखिन्छ



दीपेश घिमिरे

नेपाल वायुसेवा निगमले दुईवटा वाइडबडी जहाज खरिद गर्दाको घूस नेपाल बाहिरै लेनदेन भयो । पुस १८ मा कान्तिपुर दैनिकमा प्रकाशित एक समाचारअनुसार घूसमध्येको ४१ लाख ४० हजार अमेरिकी डलर सिंगापुर र दुबईलगायत देशमा व्यवस्थापन गरिएको थियो । अर्को एक समाचारअनुसार नेपाल र दक्षिण अफ्रिकामा जहाज बिक्रीको ठेक्का लिन एएआर कर्प नामक कम्पनीले दुवै देशका सरकारी अधिकारीहरूलाई घूस खुवाएको अभियोग पुष्टि भएपछि अमेरिकी अदालतले उक्त कम्पनीलाई ५५ मिलियन डलर जरिवाना गर्ने फैसलासमेत गर्‍यो ।

यसैगरी, नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनील पौडेलले सूचना प्रविधि खरिदसम्बन्धी ठेक्कापट्टाको घूस देशबाहिर बुझेका र यस्तो घूसको रकम सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा जम्मा गरेको अख्तियारको अनुसन्धानको क्रममा भेटिएको थियो । पौडेलले हुन्डीको प्रयोग गरी सम्पत्ति शुद्धीकरण गरेको भन्दै अख्तियारले उनीविरुद्ध २३ करोड ७५ लाख रुपैयाँ गैरकानुनी सम्पत्ति जोडेको अभियोगसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो । यसबारेमा विशेष अदालतले उक्त रकमको विस्तृत विवरण उपलब्ध गराउन आदेशसमेत दिएको छ ।

भर्खरै सार्वजनिक भएका माथि उल्लेखित घटनालाई मात्रै मिहिन रूपमा विश्लेषण गर्ने हो भने पछिल्लो समय भ्रष्टाचारजन्य क्रियाकलाप नेपालको सिमानाभित्र मात्र सीमित छैनन् । नेपालमा भ्रष्टाचार गरी आर्जित रकमको व्यवस्थापन संसारकै कम भ्रष्टाचार हुने सूचीमा रहेका स्वीट्जरल्यान्ड, सिंगापुरलगायतका देशमा हुन थालेको छ । अर्थात् भ्रष्टाचारले देशको सिमाना पार गरेको छ ।

यसबारेमा अख्तियार पनि जानकार देखिन्छ । अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले २०८० साल असोजमा प्रतिनिधिसभाको राज्यव्यवस्था समितिमा ठूला प्रकृतिका भ्रष्टाचारको लेनदेन सिंगापुर, दुबई, हङकङलगायतका देशमा हुन थालेको बताएका थिए । उनले भ्रष्टाचारको बारेमा अनुसन्धान गर्ने क्रममा त्यस्ता देशहरूसँग सूचना आदानप्रदान गर्ने सम्झौता नभएका कारण आवश्यक प्रमाणहरू प्राप्त गर्न असहज भइरहेको समेत बताएका थिए ।

विभिन्न समयमा सार्वजनिक भइरहेका तथ्यहरूले नेपालबाट विदेशमा अवैध रूपमा रकम ओसारपसार भइरहेको देखाएको छ । भर्चुअल दुनियाँसँग अभ्यस्त व्यक्ति तथा संस्थाहरूले गैरकानुनी बाटोबाट विदेशी डलर कार्ड बनाई, हुन्डी वा मुद्रा तस्करीमार्फत विदेशमा पैसा पठाइरहेको देखिन्छ ।

फिनसिनको एक प्रतिवेदनअनुसार १४ जुलाई २०१४ देखि १९ जनवरी २०१६ को अवधिमा मात्रै ४ करोड ११ लाख ७६ हजार ५ सय ४ अमेरिकी डलर नेपालसहित विभिन्न देशमा अवैध रूपमा आदानप्रदान भएको थियो । यसरी नेपालबाट विदेश रकम पठाउनका लागि गैरकानुनी भर्चुअल कारोबारका विभिन्न तथ्यहरू सार्वजनिक भएका थिए ।

नेपालीले अवैध रूपमा ठूलो रकम स्विस बैंकमा जम्मा गरेका तथ्यहरू समेत सार्वजनिक भएका छन् । स्विस नेसनल बैंकको तथ्यांकअनुसार सन् १९९६ मा १ अर्ब ४६ करोड, सन् १९९७ मा १ अर्ब ८६ करोड, सन् १९९८ मा २ अर्ब १८ करोड, सन् १९९९ मा १ अर्ब ८४ करोड र सन् २००० मा २ अर्ब ३४ करोड रुपैयाँ जम्मा भएको देखिन्छ ।

स्विस बैंकमा बढ्दै गएको नेपालीको बचतलाई मात्र हेर्दा र बेलाबखत सार्वजनिक भइरहेका विभिन्न घटनाक्रमहरूको अध्ययन गर्दा आर्थिक अनियमितता तथा भ्रष्टाचारका लेनदेनका घटनाहरू देशमा नभई देश बाहिर मौलाउन थालेको छ । भ्रष्टाचारका 'डिल' नेपाल बाहिर हुन थालेका छन् । भ्रष्टाचारले सीमा पार गरेको तथ्य देखाउने अर्को उदाहरण पानामा पेपर्स हो । २०७२ सालमा सार्वजनिक पानामा पेपर्समा संसारभरका विभिन्न व्यक्तिहरूले लुकाएको अवैध सम्पत्तिका बारेमा तथ्यहरू सार्वजनिक भएका थिए । अन्तर्राष्ट्रिय खोज पत्रकार समूहले सार्वजनिक गरेको उक्त तथ्यमा स्वीट्जरल्यान्डका बैंकमा नेपालीको ५ अर्ब ४० करोड रुपैयाँ रहेको तथ्य खुलासा गरेको थियो । यसैगरी अन्तर्राष्ट्रिय खोज पत्रकारहरूसँगकै सहकार्यमा केही वर्ष अगाडि खोज पत्रकारिता केन्द्रले नेपालीको स्विस नेसनल बैंकमा मात्रै ५२ अर्बभन्दा बढी रकम जम्मा भएको तथ्य सार्वजनिकसमेत गरेको थियो ।

नेपालीलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१ का अनुसार कुनै पनि नेपाली नागरिकले विदेशमा लगानी गर्न र विदेशी बैंकमा पैसा जम्मा गर्न पाउँदैनन् । तर नेपालका कतिपय व्यावसायिक घरानाले कर छलीका लागि अनुकूल मानिने देशहरूमा लगानी गरेका छन् । खोज पत्रकारिता केन्द्रले वि.सं. २०७५ मा प्रकाशित गरेको एक अध्ययनले अनौपचारिक माध्यमबाट नेपालको सम्पत्ति विदेश पुर्‍याउने र त्यहाँ कम्पनी खडा गरी ती कम्पनीमार्फत फेरि प्रत्यक्ष वैदेशिक लगानी भन्दै नेपालमा पैसा ल्याएर सम्पत्ति शुद्धीकरण गर्ने कार्यसमेत भइरहेको तथ्य सार्वजनिक गरेको थियो ।

यस्ता कार्यहरूमा नेपालका विभिन्न उच्चपदस्थ व्यक्तिहरूको समेत संलग्नता रहेको तथ्य विभिन्न समयमा सार्वजनिक भइरहेका छन् । नेपाल राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर शिवराज श्रेष्ठको एउटा निर्णयका कारण एक अर्ब ९२ करोड रुपैयाँ शंकास्पद रूपमा देशबाट बाहिरिएको थियो । यसबारेमा बैंकको सञ्चालक समितिले अनुसन्धान गरी १८ कात्तिक २०७६ मा श्रेष्ठलाई निलम्बन गरेको थियो । यसपछि श्रेष्ठमाथि छानबिन गर्न समिति गठन भएको थियो । उक्त समितिले श्रेष्ठ सम्पत्ति शुद्धीकरणको शंकास्पद क्रियाकलापमा संलग्न रहेको भन्दै कारबाहीका लागि नेपाल सरकारले निर्णय गर्नुपर्ने सिफारिस गरेको थियो । तर ३ माघ २०७६ बसेको मन्त्रिपरिषद् बैठकले श्रेष्ठलाई कारबाही गर्नु नपर्ने भनी उन्मुक्ति दिई पदबहाल गराएको थियो ।

सन् २००१ देखि सन् २०२० सम्म स्विस बैंकमा रकम जम्मा भएको नेपालीको पैसा

क्र.सं.	वर्ष	रकम (रु. दस लाख)
१	२००१	३५८१.९४
२	२००२	४४४१.२०
३	२००३	४२९७.५८
४	२००४	३९२२.९६
५	२००५	३२००.६०
६	२००६	११५९१.९०
७	२००७	१४०२४.७६
८	२००८	१११४५.७९
९	२००९	८९०४.७६
१०	२०१०	१२५५८.३२
११	२०११	९६५१.५६
१२	२०१२	१६२८२.७२
१३	२०१३	१०९६९.४६
१४	२०१४	१३२१४.५०
१५	२०१५	४०६४६.६४
१६	२०१६	४०१५९.४६
१७	२०१७	४१७३९.२२
१८	२०१८	३२१६०.५९
१९	२०१९	२२७३४.१०
२०	२०२०	४६६४३.५३

स्रोत: स्विस नेसनल बैंकका प्रतिवेदनहरू

तथ्यले भन्छ, नेपालमा सरकार, निजी क्षेत्र, बहुराष्ट्रिय कम्पनीहरू, गैरसरकारी संघसंस्थालगायतका निकायहरू बीचमा हुने अनैतिक लेनदेन, आर्थिक अपराध तथा भ्रष्टाचारका लेनदेनका घटनाहरू देश बाहिर हुन थालेका छन् । यसले नेपालको समग्र आर्थिक क्षेत्रलाई नकारात्मक असर पुर्‍याइरहेको छ । सीमापार हुने भ्रष्टाचारजन्य लेनदेनलाई नेपालको विद्यमान भ्रष्टाचार नियन्त्रणसम्बन्धी ऐनले नियन्त्रण गर्न सक्ने अवस्थासमेत छैन । यसको पछाडिका केही कारण छन् ।

पहिलो, विश्वव्यापीकरणले देशहरू बीचको लगानी, व्यापार तथा प्रविधिको हस्तान्तरण तथा सूचना प्रविधिको तीव्र विस्तारका कारण अन्तरदेशीय भ्रष्टाचारका अवसरहरू सिर्जना भएका छन् । नेपालको भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनले सीमापारको भ्रष्टाचारका लेनदेन नियन्त्रण गर्नका लागि स्पष्ट संस्थागत व्यवस्था गर्न सकेको छैन । यसैगरी यस्ता कारोबार भइरहेका र हुन सक्ने सम्भावित देशहरूसँग सूचना आदानप्रदानका लागि आवश्यक पर्ने संस्थागत र कानुनी सम्झौतासमेत हुन सकेको छैन । जसले गर्दा गैरकानुनी रूपमा सम्पत्ति लुकाउन सहज हुने भएका कारण ठूला भ्रष्टाचारका लेनदेन देश बाहिरै हुने गरेका छन् ।

दोस्रो, डिजिटल प्रविधिको उपयोग हो । डिजिटल सूचना प्रविधिको तीव्रतर विकासका कारण पैसाको ओसारपसारसमेत निकै सहज बनेको छ । यस्तो सूचना प्रविधिको दुरुपयोग गर्दै देशभित्र अनियमित तवरले कमाएको कालो धन अवैध रूपमा देश बाहिर पुर्‍याउने क्रम मौलाएर गएको छ । मूलतः अनलाइन बैंकिङ, मनी ट्रान्सफर सेवा, क्रिप्टोकरेन्सी, हुन्डी, मुद्रा तस्करीलगायतका माध्यमहरूको उपयोग गरी भ्रष्टाचारीहरूले धनलाई अवैध रूपमा देश बाहिर पुर्‍याइरहेका छन् । कमजोर कानुन र संस्थागत प्रणालीका कारण सूचना प्रविधिको माध्यमबाट ओसारपसार भइरहेको छ ।

तेस्रो, विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनको अभाव हो । नेपालमा भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा विद्यमान कानुनी तथा संस्थागत संरचना, अन्तरदेशीय सहकार्य तथा सूचना आदानप्रदानको प्रणालीसमेत कमजोर छ । जसका कारण नेपालमा भएका भ्रष्टाचारको अन्तर्राष्ट्रिय रूपमा लेनदेन गर्ने, विदेशमै डिल गर्ने र उतै रकमको कारोबार गर्ने क्रम मौलाएको छ ।

चौथो, राजनीतिक इच्छाशक्तिको अभाव हो । भ्रष्टाचार नियन्त्रणका लागि सबैभन्दा आवश्यक पर्ने सवाल बलियो राजनीतिक इच्छाशक्ति हो । तर नेपालका राजनीतिक दलहरू भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा संवेदनशील छैनन् । दलहरू भ्रष्टाचार नियन्त्रणप्रति उदासीन छन् । जसले गर्दा सीमापार हुने भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि देशदेश बीचमा स्थापित हुनुपर्ने सम्झौता तथा सहमतिका लागि पर्याप्त राजनीतिक तथा कूटनीतिक पहल हुन सकेको छैन । जसले सूचना आदानप्रदान लगायतका सवालमा समेत समस्या रहेको छ । यसलाई राजनीतिक अस्थिरताले थप मलजल गरिरहेको छ । कमजोर र अस्थिर सरकारको फाइदा उठाउँदै ठूला भ्रष्टाचारीहरूले भ्रष्टाचारको रकम देश बाहिर पुर्‍याउने, उतै लगानी गर्ने वा शुद्धीकरण गर्दै फेरि नेपाल भित्र्याउने गैरकानुनी धन्दा मौलाउँदै गएको देखिन्छ ।

अब के गर्न सकिन्छ ?

भ्रष्टाचारको सीमापार कारोबार तथा लेनदेनलाई कारबाहीको दायराभित्र ल्याउनका लागि केही कार्य गर्नु आवश्यक छ । पहिलो, भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि २००४ को प्रभावकारी कार्यान्वयन आवश्यक छ । महासन्धिको परिच्छेद चारमा अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी व्यवस्था छ । जसअन्तर्गत धारा ४६ (१) मा राज्य पक्षहरूले महासन्धिमा व्यवस्था गरिएका कसुरहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा यथासम्भव उदार रूपमा एकआपसमा पारस्परिक कानुनी सहायता प्रदान गर्नेछन् भन्ने व्यवस्था छ । नेपाल सरकारले अन्य विभिन्न देशहरूसँग यस किसिमको पारस्परिक कानुनी सहायता प्रदान गर्नेसम्बन्धी आवश्यक द्विपक्षीय सन्धि तथा त्यस्ता देशहरूसँग सूचना आदानप्रदान गर्ने सम्झौता गर्नु आवश्यक छ । महासन्धिको प्रभावकारी कार्यान्वयन तथा विश्वव्यापी सहकार्यमा साझा र संगठित लडाइँ लड्दा त्यसले सीमापार हुने भ्रष्टाचारजन्य क्रियाकलाप तथा लेनदेनलगायतबाट आर्जित लुकाएको सम्पत्ति फिर्ता ल्याउन सहज हुन्छ ।

दोस्रो, सार्वजनिक खरिद प्रक्रियालाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनुपर्दछ । खासगरी ठूलो रकमका सार्वजनिक खरिदका योजनाहरू जस्तै- हवाईजहाज, स्वास्थ्य सामग्रीहरूको खरिद वा अन्य खरिद प्रक्रियालाई पारदर्शी बनाउनका लागि बलियो कानुनी तथा संस्थागत प्रबन्ध गरिनुपर्दछ । यस्ता खरिदको सम्पूर्ण विवरण, खरिद प्रक्रियामा संलग्न अधिकारीहरू तथा खरिद समितिका सदस्यहरू, खरिदलगायतका सम्पूर्ण प्रक्रियाका बारेमा आमनागरिक तथा जानकार व्यक्तिले सहजै सूचना प्राप्त गर्ने गरी डिजिटाइज्ड गर्ने तथा पारदर्शी बनाउनुपर्दछ । यसले नागरिक स्वयंले पहरेदारको भूमिका निर्वाह गर्न सक्छन् ।

तेस्रो, सीमापार सहकार्यलाई थप प्रभावकारी तथा सबल बनाउनु आवश्यक छ । सीमापार भ्रष्टाचार नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउनका लागि अन्तर्राष्ट्रिय सहकार्य तथा समन्वय अत्यावश्यक छ । इन्टरपोल, संयुक्त राष्ट्रसंघ जस्ता विभिन्न संस्थाहरूले पारस्परिक सहयोग प्रणालीलाई थप सबल र प्रभावकारी बनाउँदै सीमापार हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई कानुनी दायराभित्र ल्याउनुपर्दछ ।

चौथो, नागरिक समाजको सशक्तीकरण तथा प्रभावकारी नागरिक संलग्नताको सुनिश्चितता गरिनुपर्दछ । देशभित्र मात्र होइन सीमापार हुने भ्रष्टाचारको नियन्त्रणका लागि नागरिकको भूमिकालाई प्रभावकारी तथा बलियो बनाउनु जरुरी छ । नागरिकहरूले सूचना प्रवाह, उजुरी र निगरानीलगायतका कार्य गर्दै भ्रष्टाचार नियन्त्रणका लागि महत्त्वपूर्ण योगदान गर्न सक्छन् ।

अन्त्यमा, भ्रष्टाचारको अन्तर्राष्ट्रिय सञ्जाललाई तोड्नका लागि सम्पूर्ण पक्षको एकीकृत प्रयास, प्रभावकारी कानुनी व्यवस्था तथा सबल संस्थागत संरचना जरुरी छ । यसका लागि सरकारले भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि २००४ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने घरेलु कानुनको संशोधन, निर्माण, कानुनको प्रभावकारी कार्यान्वयन, नागरिक समाज, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूको साझा र संगठित प्रयास गरिनु आवश्यक छ ।

कृषकका लागि गतिशील समर्थन मूल्य

कृष्ण शर्मा

नेपालका कृषकले आफ्नो श्रम, समर्पण र निष्ठाले जमिनलाई उर्वर बनाइरहेका छन् । तर उनीहरू मिहिनेतको उचित मूल्य नपाउँदा निराश हुने गरेका छन् । कृषि मूल्य निर्धारण प्रणालीको अस्थिरता, सरकारी नीतिको अपूर्ण कार्यान्वयन र बिचौलियाको बोलकबोलजस्ता कारणले गर्दा नेपाली कृषक आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्नबाट वञ्चित भइरहेका छन् । यसले नेपालको कृषि क्षेत्रमा निराशा उत्पन्न गरेको छ ।

नेपालमा कृषि उत्पादनको मूल्य निर्धारणमा मुख्य तीन कारकले निर्णायक भूमिका खेल्छन् : उत्पादन लागत, बजार संरचना र आयात-निर्यातको नीति । यी कारणले नेपाली कृषकको आर्थिक स्थिति र कृषि क्षेत्रको विकासमा गम्भीर प्रभाव पारेका छन् । सर्वप्रथम, उत्पादन लागतमा बीउ, मल, श्रम, सिँचाइ र ढुवानीजस्ता आवश्यक खर्च समावेश छन्, जसको मूल्य लगातार बढ्दै गएको छ । दोस्रो, नेपालमा कृषि बजारको संरचना अव्यवस्थित र असन्तुलित छ, जसमा थोक व्यापारी र बिचौलियाको प्रभाव धेरै छ ।

बजारमा किसानको उत्पादन सिधै अन्तिम उपभोक्तासम्म पुग्न सक्दैन । उनीहरूको उत्पादन विभिन्न तहका ठेकेदार र व्यापारीको हात हुँदै उपभोक्तासम्म पुग्छ, जसका कारण वस्तुको अन्तिम मूल्यमा ठेकेदार र व्यापारीको नै ठूलो हिस्सा हुन्छ । यसको परिणामस्वरूप कृषकले अन्तिम मूल्यको थोरै हिस्सा मात्र पाउँछन् भने उपभोक्ताले निकै महँगो मूल्य तिर्न बाध्य हुन्छन् । तेस्रो, नेपालमा खुला सीमाका कारण भारतीय कृषि उत्पादन सस्तो मूल्यमा नेपाल भित्रिने गरेका छन्, जसले स्थानीय कृषकका लागि प्रतिस्पर्धा गर्न अत्यन्तै कठिन बनाएको छ ।

उदाहरणका लागि, नेपालमा आलु उत्पादन गर्दा किसानलाई २५ रुपैयाँ प्रतिकिलो लागत पर्छ, तर भारतबाट सस्तोमा आलु आयात हुँदा बजार प्रतिस्पर्धामा नेपाली उत्पादन पछि पर्छ, जसका कारण नेपाली कृषक घाटामा पर्छन् । यी समस्याले गर्दा नेपाली कृषकले आफ्नो श्रमको उचित मूल्य प्राप्त गर्न चुनौती बनेको छ, जसले कृषि क्षेत्रमा युवापुस्ताको रुचि घटाएको छ र खाद्य सुरक्षामा गम्भीर संकट उत्पन्न गरेको छ ।

कृषि उत्पादनमा उचित मूल्य निर्धारण हुनु केवल कृषकका लागि मात्र लाभदायक होइन, यस क्षेत्रमा लगानीको सुनिश्चितता, खाद्य सुरक्षाको स्थिरता र सम्पूर्ण ग्रामीण अर्थतन्त्रको सन्तुलनका लागि आवश्यक हुन्छ । जब कृषकलाई आफ्ना उत्पादनको उचित मूल्य प्राप्त हुन्छ, उनीहरू आर्थिक रूपले सक्षम हुन्छन्, बालीको गुणस्तर सुधार, उत्पादन वृद्धि र कृषि व्यवसायलाई थप व्यावसायिक बनाउन उत्साहित बन्छन् । निष्पक्ष मूल्य निर्धारण नहुँदा कृषक थप लगानी गर्न हतोत्साहित हुन्छन् । यो अवस्थाले कृषिमा युवापुस्ताको रुचि घटाउने मात्र होइन, किसानको आय अस्थिर हुने र अन्ततः कृषि पेसा छोडेर अन्य रोजगार खोज्ने क्रम बढ्ने सम्भावना बलियो बनाउँछ । यस्तो अवस्था आयो भने नेपालको कृषि आत्मनिर्भरता कमजोर हुनेछ, जसले खाद्य आयातमा निर्भरता बढाउनेछ र ग्रामीण गरिबी झन् जटिल बनाउनेछ ।

गतिशील न्यूनतम समर्थन मूल्य प्रणाली नेपालमा कृषि मूल्य निर्धारण सुधार गर्ने एक महत्त्वपूर्ण मोडल हुन सक्छ । यस्तो प्रणालीले कृषकको आम्दानीमा स्थायित्व, उत्पादनमा सुधार र बजार मूल्यमा पारदर्शिता बढाउने लक्ष्य राख्छ । परम्परागत न्यूनतम समर्थन मूल्य प्रणालीले निश्चित मूल्य तोके पनि यसको प्रभावकारी कार्यान्वयन हुन गाह्रो छ । नेपालमा धान उत्पादनमा सरकारले तोक्ने न्यूनतम समर्थन मूल्यको उदाहरणलाई नै लिऔँ । आ.व. २०८१/८२ का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मोटा धान प्रतिक्विन्टल ३४१०.५१ र मध्यम धान प्रतिक्विन्टल ३५८०.६२ रुपैयाँ न्यूनतम समर्थन मूल्य तोकेको थियो ।

न्यूनतम समर्थन मूल्यको मूल उद्देश्य भनेकै किसानलाई विभिन्न कारण बजार मूल्य घट्दा हुने आर्थिक कठिनाइमा कृषकको न्यूनतम आय सुरक्षा गर्नु हो । तर हाल समर्थन मूल्य धान खेतीपूर्व नै निर्धारण गरिन्छ । यसले उत्पादन र बजारीकरण चक्रमा हुन सक्ने उत्पादन जोखिम, बीउ-मलखादलगायतको अभाव तथा मूल्यवृद्धि, बजारीकरणका चुनौतीका साथै अन्तर्राष्ट्रिय मूल्य तथा उत्पादनमा हुने उतारचढावको चुनौतीलाई समेट्न सक्दैन । जसका कारण न्यूनतम समर्थन मूल्यको मूल उद्देश्य नै कमजोर हुन पुग्छ । यसको विपरीत गतिशील न्यूनतम समर्थन मूल्य प्रणालीले स्थिर समर्थन मूल्य प्रणालीभन्दा बढी लचकता प्रदान गर्छ । गतिशील प्रणालीमा समर्थन मूल्य उत्पादन, बजार माग, मुद्रास्फीति र अन्तर्राष्ट्रिय मूल्यका आधारमा समायोजन गरिन्छ ।

उदाहरणका लागि, यदि बजार मूल्य २ हजार ८ सय प्रतिक्विन्टल झर्‍यो तर उत्पादन लागत ३ हजार ५ सय पर्‍यो भने सरकारले समर्थन मूल्य ३ हजार ४ सय १० बाट ३ हजार ५ सयमा वृद्धि गर्न सक्छ, जसले किसानलाई घाटाबाट जोगाउँछ । यदि बजार मूल्य ३ हजार ७ सय पुग्यो भने, सरकारले हस्तक्षेप गर्नु पर्दैन र किसानले स्वतः उच्च मूल्य पाउँछन् । गतिशील न्यूनतम समर्थन मूल्य प्रणालीको मुख्य विशेषता भनेकै बजार परिस्थितिसँग समायोजन गर्नु हो, जसले किसानलाई उचित मूल्य सुनिश्चित गर्न र संकटकालीन बिक्रीको जोखिम घटाउन मद्दत गर्नेछ ।

तर यस्तो प्रणालीका लागि नियमित रूपमा कृषि तथ्यांकको संकलनको आवश्यकता जरुरी हुन्छ । डिजिटल प्रविधिमार्फत कृषक सहकारी, थोक बजार र ढुवानी केन्द्रबाट नियमित डेटा संकलन गर्नुपर्ने हुन्छ, यसो गरे मात्रै बजार मूल्यको वास्तविक निगरानीलाई सहज बनाउन सकिनेछ । साथै मोबाइल एप र डिजिटल कृषि बजार प्लेटफर्ममार्फत किसानले आफ्नो क्षेत्रको बजार मूल्य हेर्न सक्नेछन्, जसले बिचौलियाको प्रभाव कम गर्नेछ र कृषकलाई प्रत्यक्ष उपभोक्तासँग कारोबार गर्न सघाउनेछ ।

नेपालमा गतिशील न्यूनतम समर्थन मूल्य प्रणाली लागू गर्दा विभिन्न चुनौती देखा पर्न सक्छन् । पहिलो ठूलो चुनौती भनेको नीति तथा कानुनी रूपरेखाको अभाव हो । नेपालमा कृषि मूल्य निर्धारणलाई व्यवस्थित गर्ने स्पष्ट कानुनी संरचना छैन, जसले गर्दा सरकारी हस्तक्षेप दिगो रूपमा सञ्चालन गर्न कठिनाइ हुन्छ । हालसम्म, न्यूनतम समर्थन मूल्य तोक्ने प्रयास गरिए पनि, त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न कानुनी स्पष्टता र ठोस कार्यान्वयन संयन्त्रको अभाव रहेको छ । यदि सरकारले गतिशील प्रणालीलाई प्रभावकारी बनाउन चाहन्छ भने कृषि मूल्य निर्धारणसम्बन्धी कानुनी रूपरेखा तयार गर्नुपर्छ । यसमा न्यूनतम मूल्य निर्धारण मापदण्ड, बजार निगरानी संयन्त्र र मूल्य अन्तर पूर्तिको व्यवस्थापन प्रणाली स्पष्ट रूपमा परिभाषित हुनुपर्छ ।

अर्को चुनौती भनेको डिजिटल पूर्वाधार र प्रविधि विकासको आवश्यकता पनि हो । गतिशील न्यूनतम समर्थन मूल्य प्रणाली सफल बनाउनका लागि कृषि बजारमा डिजिटल डेटा संकलन, मूल्य निगरानी र भुक्तानी व्यवस्थापन गर्न सक्षम प्रविधि आवश्यक छ । नेपालमा डिजिटल पूर्वाधार क्रमिक रूपमा विस्तार हुँदै छ तर ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच र डिजिटल वित्तीय सेवा अझै सीमित छन् । यसका लागि सरकारले डिजिटल कृषि बजार प्लेटफर्म निर्माण गर्न, किसानलाई मोबाइलमार्फत मूल्य जानकारी उपलब्ध गराउने प्रणाली स्थापना गर्न र अनुदान तथा मूल्य अन्तर पूर्ति प्रणालीलाई डिजिटल भुक्तानी प्रणालीसँग एकीकृत गर्न आवश्यक छ । यदि डिजिटल पूर्वाधारलाई सही रूपमा विस्तार गर्न सकियो भने गतिशील न्यूनतम समर्थन मूल्य प्रणालीले कृषकलाई बजार मूल्यबारे वास्तविक जानकारी दिनेछ, जसले बिचौलियाको प्रभावलाई कम गर्न सघाउनेछ ।

वास्तवमा सरकारले मूल्य स्थिरीकरण कोष, डिजिटल मूल्य निगरानी प्रणाली र सहकारी तथा निजी प्रविधि कम्पनीसँगको सहकार्यमार्फत गतिशील न्यूनतम समर्थन मूल्य प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ । क्षेत्रगत रूपमा यो प्रणाली उत्पादनशील प्रदेशमा सुरु गरेर क्रमशः पहाडी तथा हिमाली भेगमा विस्तार गर्न सकिन्छ । यदि सही नीतिगत व्यवस्था, प्रविधिको उपयोग र पर्याप्त वित्तीय स्रोत परिचालन गर्न सकियो भने गतिशील न्यूनतम समर्थन मूल्य प्रणाली नेपालका कृषकको आर्थिक सुरक्षाको आधारशिला बन्न सक्नेछ ।

साधना र ज्ञानको तपोभूमि नेपाल

विमला ढकाल

नेपाललाई प्राचीनकालदेखि नै ऋषिमुनिको साधनाभूमि मानिन्छ । मुक्तिनाथ, पशुपतिनाथजस्ता तीर्थस्थल, एसियाका ज्योति गौतम बुद्धको जन्मस्थल, सन्त राजा जनक एवं उनकी पुत्री जानकीको जन्मस्थलका रूपमा पनि यो परिचित छ । पूर्वदेखि पश्चिमसम्म छरिएर रहेका प्रसिद्ध देवीदेवताका मन्दिर र शक्तिपीठलगायतका धार्मिक पवित्र तीर्थस्थल तथा पवित्र नदी एवं पुण्यस्थलले नेपाललाई सधैं नै आध्यात्मिक ऊर्जा प्रदान गरिरहेका छन् ।

नेपालका सुन्दर तथा मनमोहक हिमाली क्षेत्रमा वैदिक ऋषिमुनिका साथै पतञ्जलीजस्ता अनेकौं उन्नत साधक तथा तपस्वीले तप, ध्यान तथा साधना गर्दै आएको इतिहास छ । यस्ता विश्वप्रसिद्ध धार्मिक तथा आध्यात्मिक स्थलले वर्तमान समयमा पनि नेपाललाई ध्यान, तपस्या र आध्यात्मिक उन्नतिका लागि महत्त्वपूर्ण उत्प्रेरक स्थानका रूपमा विश्वसामु परिचित गराएका छन् ।

नेपालजस्तो पवित्र भूमि सधैं नै सनातन धर्मको साधना र ज्ञानको केन्द्रबिन्दु रहँदै आएको छ । हामीले पनि यहाँ रहेका सम्पदालाई सुरक्षित राख्दै यसको मर्मअनुसार जीवन जिउनु आवश्यक छ । यसै मर्म र भावनाअनुरूप नेपाल तथा विश्वका आध्यात्मिक साधकले ज्ञान र साधनाको तपोभूमि नेपालमा समय-समयमा आध्यात्मिक सत्संग, ज्ञान, ध्यान तथा योगको साधना गर्दै आइरहेका छन् । हालैमात्र योगदा सत्संग सोसाइटी अफ इन्डिया र सेल्फ रियलाइजेसन फेलोसिप (वाईएसएस/एसआरएफ यूएसए) का अध्यक्ष एवं आध्यात्मिक साधक स्वामी चिदानन्द गिरीले नेपाल भ्रमण गर्दै मानव जीवनको आध्यात्मिक पक्षमाथि ध्यान तथा क्रियायोगको महत्त्वबारे प्रकाश पारेका छन् ।

आध्यात्मिक गुरु परमहंस योगानन्दले विश्वभर आध्यात्मिक चेतनाको जागरण ल्याउन सन् १९१७ मा भारतको राँची, झारखण्डमा स्थापना गरेको योगदा सत्संग सोसाइटी अफ इन्डिया र सन् १९२० मा अमेरिकाको लस एन्जलस, क्यालिफोर्नियामा स्थापना गरेको सेल्फ रियलाइजेसन फेलोसिपले विश्वभरका आध्यात्मिक साधकलाई ज्ञान, ध्यान तथा क्रियायोगका बारेमा साधनामूलक शिक्षा दिँदै आएको छ ।

प्राचीन क्रियायोग विज्ञानको ज्ञान प्रदान गर्दै सम्पूर्ण धर्मबीच सद्भाव, समन्वय र एकताको शिक्षालाई आत्मसात् गर्नु आजको आवश्यकता पनि हो । परमहंस योगानन्दको प्रसिद्ध पुस्तक अटोबायोग्राफी अफ ए योगी (योगीको आत्मकथा) ले विश्वभर लाखौं मानिसलाई ध्यान र आध्यात्मिक मार्गप्रति प्रेरित गरेको छ । सो पुस्तकलाई २० औं शताब्दीमा अत्यधिक बिक्री हुने १०० पुस्तकमध्ये एक मानिन्छ ।

सनातन धर्म र पूर्वीय दर्शनले आध्यात्मिक जागरण, आत्मसाक्षात्कार र मोक्षप्राप्तिलाई जीवनको परम लक्ष्य मानेको छ । पश्चिमी समाज, जसले प्रायः भौतिकवाद, व्यक्तिगत स्वतन्त्रता र वैज्ञानिक सोचलाई प्राथमिकता दिन्छ, यो पनि आज पूर्वीय चिन्तनप्रति आकर्षित भएको छ । पूर्वीय साधनामा स्वामी परम्पराले गुरुशिष्य सम्बन्धको विशुद्ध ज्ञानको हस्तान्तरण गर्दै आध्यात्मिक मार्गदर्शन दिन्छ । गुरुशिष्य सम्बन्ध पश्चिमी सोचमा स्वतन्त्रता प्रधान हुने भए पनि, उनीहरूले पनि गुरुको मार्गदर्शनको मूल्य बुझ्दै गएका छन् । पश्चिमा समाज तनाव, अशान्ति र भौतिकवादबाट मुक्त हुन चाहन्छ, त्यसैले पनि उनीहरू योग र ध्यानतर्फ आकर्षित भएका छन् ।

नेपाल भमणका क्रममा स्वामी चिदानन्द गिरीले यहाँको अध्यात्म, संस्कृति र प्रकृतिप्रति सम्मान प्रकट गर्दै नेपाललाई शुद्ध भक्ति र साधनाको भूमिका रूपमा वर्णन गरेका छन् । नेपाल आध्यात्मिक ऊर्जाको केन्द्र भएको पनि उनले बताए । स्वामी चिदानन्दको भ्रमणले नेपालका आध्यात्मिक साधकहरूमा जागरण त ल्यायो नै साथै आध्यात्मिक अध्ययन एवं साधनाले आत्मानुभूतिलाई एकसाथ अघि बढाउनुपर्ने बोध पनि गराएको छ ।

यस किसिमका अवसर र भ्रमणले नेपाललाई ध्यान पर्यटन, योग प्रशिक्षण र शान्ति अध्ययनको केन्द्र बनाउन पनि मद्दत गर्न सक्छ । नेपालजस्तो प्राकृतिक मनोरम दृश्यले भरिपूर्ण र आध्यात्मिक चेतले ओतप्रोत भूमिले विश्वलाई शान्ति, ध्यान, योग, आध्यात्मिक ऊर्जा र मोक्षको मार्ग देखाउन सक्छ ।

अहिले आध्यात्मिक जागरण ल्याउनमा पूर्वीय दर्शनको महत्त्व बढ्दै गएको छ । नेपालले ज्ञानभूमि, योगभूमि, शान्तिभूमिका रूपमा आफ्नो पहिचान बलियो बनाउने हो भने पशुपतिनाथ, लुम्बिनीजस्ता स्थललाई विश्व शान्ति र ध्यान केन्द्रका रूपमा विकास गर्न जरुरी छ । यसो गरेमा संसारभरबाट साधकहरू नेपालप्रति आकर्षित हुनेछन् । जसबाट नेपालको धार्मिक पर्यटनलाई समेत सहयोग पुग्नेछ ।

प्राधिकरणबाट हटाइए...

मन्त्रिपरिषद् र मन्त्रालयले सोधेका स्पष्टीकरण र प्रश्नहरूको ६ पटकसम्म जवाफ दिएको दावी उनले गरे । 'मन्त्रीले सोधेको स्पष्टीकरणको ६ पटक जवाफ दिएको छु । त्यहाँ सबै विषय स्पष्टसँग लेखेको छु,' उनले भने, 'बाँकी सबै विषय पत्रकार सम्मेलन गरेर नै सार्वजनिक गर्छु ।'

घिसिङलाई हटाउने निर्णयको सत्तारूढ दलकै नेताहरूले आलोचना गरेका छन् । कांग्रेस महामन्त्री गगन थापाले पदबाट घिसिङलाई नहटाउने भनेर नेताहरूले आश्वस्त पारेको तर मन्त्रिपरिषद्‌बाट उल्टो निर्णय भएको भन्दै असन्तुष्टि पोखेका छन् । 'यस्तो निर्णय गर्नँहुन्न भनेका थियौं । मन्त्री खड्कालाई पनि स्पष्ट भाषामा भनेको हो,' थापाले भने, 'यो सरासर गलत काम भएको छ । नागरिकको असन्तुष्टि हटाउने काम गर्नँपर्ने बेला जानीजानी यस्तो काम गरिएको छ ।' सरकारले गरेका राम्रा काम पनि छायामा पार्ने गरी कुलमानलाई हटाएको भन्दै कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि असन्तुष्टि जनाए । 'सरकारको यो निर्णय समयोचित बिलकुलै भएन । यसप्रति खुला र प्रस्ट रूपमा विमति छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

प्रमुख प्रतिपक्षी दल माओवादीका अध्यक्ष पुष्पकमल दाहालले घिसिङलाई हटाउने सरकारको निर्णय आपत्तिजनक भएको प्रतिक्रिया दिएका छन् । 'सरकारको यो कदम बिलकुल गलत र आपत्तिजनक छ, दुई तिहाइ बहुमतको दम्भमा गरिएको यो निर्णयप्रति घोर निन्दा गर्छु,' दाहालको प्रतिक्रिया छ ।

दाहाल नेतृत्वको सरकारले घिसिङलाई २०७८ साउन २५ मा दोस्रो कार्यकालका लागि प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । त्यसअघि शाक्य नै प्राधिकरणको कार्यकारी निर्देशक थिए ।

तत्कालीन सरकारले घिसिङलाई प्राधिकरणको नेतृत्वमा नियुक्त गरी शाक्यलाई मन्त्रालय मातहत ऊर्जा आयोगमा तानेको थियो । त्यस निर्णयविरुद्ध उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरणलगायतलाई विपक्षी बनाएर २०७८ भदौ १ मा सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेका थिए । उक्त मुद्दा हाल पनि विचाराधीन छ भने त्यसको आगामी पेसी २०८२ असार १० मा चढेको छ ।

हार्दिक श्रद्धाञ्जली

जन्म: २०४५/०१/१२

स्वर्गारोहण: २०८१/१२/०१

स्व. अनोज ढकाल

यस बैंकका कर्मचारी **स्व. अनोज ढकाल** को असामयिक निधन भएको आज १२औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दु:खद घडिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

छाप्रोमा अस्पताल, एम्बुलेन्स चालक...

'म त्यो पेट चिरिएको देखेरै अक्क न बक्क भएँ, के भन्नु ?,' उनले सुनाए, 'त्यस दिन र भोलिपल्ट पोस्ट अपरेटिभ वार्डमै राखिएको थियो, रगत कम छ भनेर रगत पनि दिएका थिए, दुई दिनपछि सुधार भयो भनेर वार्डमा सारियो, केही समयपछि उनी बेहोस भइन्, त्यसपछि कहिल्यै उठिनन् ।'

गणेशको भनाइमा शल्यक्रिया गर्दा सुनिताको हेमोग्लोबिनको मात्रा ६ थियो । जुन उनीहरूले पछि मात्र थाहा पाए । 'चिकित्सकका अनुसार हेमोग्लोबिनको मात्रा ६ हुँदा पाठेघरसँग सम्बन्धित शल्यक्रिया गर्नै हुँदैन रे,' उनले भने, 'तर गरियो, सायद मृत्युको कारण पनि त्यही थियो होला ।' उनका अनुसार अस्पतालमा मृत्यु भइसकेको अवस्थामा पनि डा. ठाकुरले सुनितालाई एम्बुलेन्समा राखेर अन्यत्र पठाउने तयारी गरेका थिए । तर पछि आफन्त जम्मा भएर उनको शरीर छाम्दा पूरै चिसो भइसकेको थियो ।

गत मंगलबार कान्तिपुर टिम उक्त अस्पताल पुग्दा सञ्चालक डा. ठाकुर शल्यक्रियामै व्यस्त थिए । शल्यक्रिया कक्ष दोस्रो तलामा थियो । तर त्यहाँ पुग्न कुनै र्‍याम्प वा लिफ्ट थिएन । बिरामीलाई अन्यत्र सानुपर्ने भएमा भर्‍याङबाट ओराल्नुको विकल्प थिएन । जुन स्ट्रेचरमा लगभग असम्भव जस्तै थियो । अस्पतालको भवन त जीर्ण थियो नै, शल्यक्रिया गर्नका लागि आवश्यक पर्ने न्यूनतम सरसफाइको प्रबन्धसमेत थिएन ।

करिब आधा घण्टाको पर्खाइपछि भेट भएका डा. ठाकुरले आफूले भर्खरै एक महिलाको पाठेघर निकाल्ने (हिस्टेरेक्टोमी) शल्यक्रिया सकेर आएको बताए । त्यसपछि हामीले उनलाई 'यति दूषित पूर्वाधार भएको अस्पतालमा शल्यक्रिया गरेर बिरामीको ज्यानसँग खेलबाड गर्न मिल्छ ?' भनेर प्रश्न गरेका थियौं । उनले बचाउ गर्दै भने, 'अस्पतालको भवन जीर्ण देखिए पनि त्यहाँ शल्यक्रियाका लागि आवश्यक सबै उपकरण र स्रोत उपलब्ध छन् ।'

शल्यक्रियाका लागि कुन एनेस्थेसिस्ट चिकित्सकले सघाएका थिए भन्ने प्रश्नमा भने उनी अन्कनाए । 'मैले नाम बिर्सिएँ, पख्नुस् है, म सिस्टरलाई सोध्छु,' उनको प्रतिक्रिया थियो । लामो समयपछि उनले भने, 'डा. अजय ।'

उनको हाउभाउ हेर्दा उनले बिनाएनेस्थेसिस्ट नै शल्यक्रिया गरेका थिए भनेर अनुमान लगाउने प्रशस्त आधार छन् । शल्यक्रिया सकिएपछि उक्त कक्षबाट अरू कुनै चिकित्सक बाहिरिएको हामीले देखेनौं । डा. अजय पञ्जियारले समेत आफूले कहिल्यै डा. सरोज ठाकुरलाई शल्यक्रियामा नसघाएको प्रतिक्रिया दिए । 'मैले डा. ठाकुरलाई कहिल्यै असिस्ट नै गरेको छैन,' उनले भने ।

त्यसपछि हामीले डा. ठाकुरलाई डेढ वर्षअघि शल्यक्रिया गरेपछि मृत्यु भएकी सुनिता साहको केसका बारेमा प्रश्न गर्‍यौं । 'सुनिता साहको केस सम्झिनुहुन्छ ? त्यसमा के भएको थियो ?' उनले प्रश्नको उत्तर दिँदै गर्दा बत्ती गयो र कोठा अँध्यारो भयो । लगभग १० मिनेटसम्म न कुनै बत्ती बल्यो न जेनेरेटर नै चल्यो । पछि बत्ती आयो । यसको अर्थ ठूलै शल्यक्रिया गरिने अस्पतालमा बिजुलीको 'ब्याकअप' पनि थिएन ।

'कथा लामो छ, उनको बच्चा भएको थिएन, उनले आफ्नो समस्या मलाई बताइन्,' डा. ठाकुरले भने, 'त्यसैले मैले उनको पाठेघरको शल्यक्रिया गरेमा समस्या समाधान हुने बताएको थिएँ, तर ब्याड लक उनको शल्यक्रिया गरेको तेस्रो दिन डेथ भयो ।'

उनको दाबीअनुसार सुनितालाई पाठेघरको समस्या निवारणका लागि मात्र शल्यक्रिया गर्ने बताएका थिए, जबकि सुनिताका श्रीमान्का अनुसार भने डा. ठाकुरले पाठेघरको शल्यक्रियापछि बच्चा नै हुने आश्वासन दिएपछि मात्र उनीहरू शल्यक्रिया गर्न राजी भएका थिए ।

डा. ठाकुरकै अनुसार उक्त केस ढाकछोप गर्न उनले रकम खर्चिएका थिए । सुनिताका श्रीमान् गणेशका अनुसार पनि काठमाडौंमा व्यवसाय गर्ने उनी मुद्दाकै लागि आउजाउ गर्ने अवस्था नभएपछि क्षतिपूर्तिमै कुरा मिलाउन सबैतिरबाट दबाब आएको थियो । उनले रकम खुलाउन नमाने पनि डा. ठाकुरका अनुसार परिवारका सदस्यलाई तीन लाख र बाँकी केही रकम बिचौलियालाई दिनुपरेको थियो । हाल उक्त अस्पताल मुख्यमन्त्रीको अनुगमनमा परे पनि बन्द गरिएको छैन । कुनै समयमा दर्ता गरिए पनि पुन: नवीकरण नभएकाले दुई महिनाभित्र नवीकरण गर्ने मौका दिइएको छ ।

प्राविधिक कारणले गर्दा हाल बन्द भएका वा सञ्चालनमा रहेका जनकपुरका अस्पतालको अवस्था हेर्दा त्यहाँ बिरामीको उचित उपचार हुन्छ भनेर मान्न मुस्किल देखिन्छ । धेरैजसो अस्पताल स्रोतसाधनबिना नै सामान्य स्वास्थ्यकर्मीका भरमा चलेका छन् । मुख्यमन्त्रीले बन्द गरेका अधिकांश अस्पतालमा शल्यक्रियाको सेवा थियो । तर, ती सबैजसो अस्पतालमा शल्यक्रिया गर्न आवश्यक पर्ने एनेस्थेसियाका चिकित्सक नै उपलब्ध थिएनन् ।

पूर्वाधारमा सबै अस्पतालको अवस्था नाजुक छ भने जनशक्ति व्यवस्थापनको अवस्था पनि कमजोर थियो । मुख्यमन्त्री सतीशकुमार सिंहले नै अनुगमनका क्रममा अधिकांश अस्पतालमा आकस्मिक कक्षमा नै कुनै चिकित्सक नभएको फेला पारेको बताए । 'इमर्जेन्सीमा नै चिकित्सक छैन, अस्पतालभर नै एमबीबीएससम्मको चिकित्सक पनि उपलब्ध छैन, अनि त्यसलाई कसरी अस्पताल भन्ने ?,' उनी भन्छन् ।

मुख्यमन्त्री सिंहकै भनाइमा मधेश प्रदेशको राजधानी जनकपुरमा धेरै अस्पतालका लगानीकर्ता एम्बुलेन्स चालकदेखि फर्मासिस्ट, हेल्थ असिस्टेन्ट र ल्याब टेक्निसियन हुन् । 'हामीले किन अरूसँग कमिसन लिने, हामी नै कमिसन दिने भनेर पनि धेरै अस्पताल खोलिएको देखिन आएको छ,' उनले सुनाए, 'त्यसैले पनि म आफैं अस्पतालको अनुगमनमा खटिएको हुँ । कर्मचारीको संयन्त्रले मात्र यो ठिक हुन्थ्यो भने अहिले मैले अनुगमन गर्नुपर्ने अवस्था आउने थिएन ।'

जनकपुर-९ को जानकी माविको उत्तरछेउमै छ, जनक मेमोरियल हस्पिटल । दर्ता नरहेको जनक हस्पिटल पहिलो लटमा नै मुख्यमन्त्री सिंहले बन्द गराएका थिए । अस्पतालको मुख्यद्वारमा माथिल्लोपट्टि चेनले बाँधेर ताल्चा लगाइएको छ । दुईतले पुरानो घरमा राखिएको जनक मेमोरियल हस्पिटलको भौतिक अवस्था पनि उदेकलाग्दो छ । मुख्यद्वारको दक्षिण र उत्तरतिर जस्तापाताले छोपिएको दुई वटा टहरा छन् । दक्षिणछेउको टहरामा अस्पतालमा लगाइने हरियो रंगको पर्दा टाँगिएको छ । बिरामी चापाचाप हुँदा टहरामै राखेर पनि उपचार गरिने रहेछ । उत्तरछेउको टहरा आकस्मिक कक्ष । पक्की दुईतले घरको माथिल्लो तला प्रयोगमा छैन । बार्दली र झ्याल प्लाइउडले ढाकिएका छन् ।

जनकपुरको रामानन्द चोकमा रहेको सहयोग हस्पिटल पनि दर्ता नभएकाले बन्द गरिएको छ । सहयोग हस्पिटलको मुख्य गेट भने आधा खुला थियो । भित्र मानिसको चहलपहल थियो । पुरानो दुईतले घरलाई मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइएको यो अस्पतालको भौतिक अवस्था पनि 'अस्पताल' भन्न लायकको छैन । मुख्य गेटबाट एम्बुलेन्स छिर्न नै हम्मे पर्छ । अस्पतालभित्र जस्तापाताका थुप्रै अस्थायी संरचना छन्, जहाँ बिरामीको उपचार गरिन्छ ।

जनकपुरको थापा चोकमा रहेको जनकपुर सीता हस्पिटल पनि दर्ता छैन । बन्द गरिएको यो अस्पतालको मुख्यद्वार पनि खुला थियो । अस्पतालको दोस्रो तलाको बरन्डालाई कालो प्लास्टिकले छोपेर बिरामी कक्ष बनाइएको छ । अस्पतालको प्रवेशद्वारसँगै कुरुवाका लागि काठको बेञ्च राखिएको छ । अस्पतालको भुइँतलामा रहेको काउन्टरमा खेलमा जितिने थुप्रै ट्रफी राखिएको छ भने त्यहाँ होटल-रेस्टुरेन्टझैं झिलिमिली बत्ती बालिएको थियो । तर चहलपहल भने थिएन ।

मुख्यमन्त्री सिंहले अनुगमनपछि पर्साका १, महोत्तरीका ५, रौतहटका २१, सर्लाहीका २४, सप्तरीका २ र धनुषाका २२ अस्पताल सञ्चालनमा रोक लगाएका छन् । उनका अनुसार कुनै अस्पतालमा त जोडेरै बेड राखिएको छ, जहाँ एउटा बेड र अर्को बेडको बीचमा ठाउँ खालि नै छैन । 'मैले अनुगमनका क्रममा यस्तो अस्पताल पनि देखें जसको बेडको अवस्था औषधि पसलमा ड्रेसिङका लागि राखिने बेडभन्दा खराब थियो,' मुख्यमन्त्री सिंह भन्छन्, 'कोठामा पाँच वटा बेड छ, एउटाबाट अर्कोमा जान मिल्दैन । मैले सोधेको थिएँ- बिरामीलाई बोरामा राखेर हत्याउने हो ?'

मुख्यमन्त्री सिंहका अनुसार स्वास्थ्य संस्थाको अनुगमन सुरु गरेयता राजधानी जनकपुरमा मात्र नभएर पूरै मधेशको स्वास्थ्य संयन्त्रमाथि प्रश्न उठेको छ । 'स्वास्थ्य संस्था दर्ताको कागजी प्रक्रिया एउटा होला, तर धेरैजसो ठाउँ उपचार गराउनै लायकका छैनन्,' उनी भन्छन्, 'हामी बिरामी भयौं भने त्यस्तो ठाउँमा जान सक्दैनौं, आम मानिसका लागि भनेर कसरी सञ्चालन गर्न दिने ?'

(साथमा शिव पुरी र सन्तोष सिंह)

हार्दिक श्रद्धाञ्जलि

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥

जन्म : १९९३ फाल्गुण १२

मृत्यु : २०८१ चैत्र १

स्व. लीलादेवी श्रेष्ठ

लिटिल एन्जल्स एजुकेसन ग्रुपका संस्थापक अध्यक्ष, भूतपूर्व स्वास्थ्य राज्यमन्त्री एवम् नेपाली काङ्ग्रेसका केन्द्रीय कोषाध्यक्ष श्री उमेश श्रेष्ठज्यूकी पूजनीय, ममतामयी माता लीलादेवी श्रेष्ठको दुःखद निधन भएको तेह्रौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

LITTLE ANGELS' EDUCATION GROUP

LITTLE ANGELS' SCHOOL
LITTLE ANGELS' SCHOOL DAY BOARDING
LITTLE ANGELS SECONDARY SCHOOL PLUS 2
LITTLE ANGELS' COLLEGE GCE A LEVEL
LITTLE ANGELS' COLLEGE OF MANAGEMENT AFFILIATED TO KATHMANDU UNIVERSITY
Janamaitri Foundation Pvt. Ltd. Institute of Health Sciences Affiliated to Tribhuvan University/Institute of Medicine (TU/IOM)
IDEAL MODEL SCHOOL Estd. 1991
Xavier Academy
LABORATORY HIGHER SECONDARY SCHOOL
SMALL HEAVEN SCHOOL (Managed by Little Angels' School System)

विदेशी मुद्रा	
अमेरिकी डलर	१३७.८६
युरो	१४९.१०
पाउन्ड स्टर्लिङ	१७८.११
अस्ट्रेलियन डलर	८६.४५
कतारी रियाल	३७.८२

राष्ट्र बैंकको आधारमा

सुन रू. १,७३,५००

चाँदी रू. १,९८०

गभर्नर छान्न अर्थमन्त्रीको संयोजकत्वमा समिति

नाजुक अर्थतन्त्र लयमा ल्याउन निडर, जानकार र 'भिजन' भएको व्यक्तिलाई गभर्नर बनाउनुपर्नेमा विज्ञको जोड

यज्ञ बञ्जाडे (काठमाडौं)

सरकारले नेपाल राष्ट्र बैंकको गभर्नर छान्न सिफारिस समिति गठन गरेको छ । मन्त्रिपरिषद् बैठकले सोमबार उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गरेको हो । समितिको सदस्यमा पूर्वगभर्नर विजयनाथ भट्टराई र अर्थशास्त्री विश्व पौडेल रहेको सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले जनाए ।

नेपाल राष्ट्र बैंक ऐनमा पद रिक्त हुनु एक महिनाअघि नै नयाँ गभर्नर नियुक्त गर्नुपर्छ । गभर्नर महाप्रसाद अधिकारीको पाँचवर्षे कार्यकाल यही चैत २४ मा सकिँदै छ । गभर्नरको पदावधि सकिनै लाग्दा छनोट समितिसमेत गठन नगर्दा अर्थतन्त्रप्रति सरकार संवेदनशील नदेखिएको आरोप थियो । अर्थतन्त्र प्रतिकूल रहेको र नेपाल एफएटीएफको 'ग्रे लिस्ट' मा रहेका बेला गभर्नर छनोटमा सरकार गम्भीर नदेखिँदा आलोचना भएको थियो ।

राष्ट्र बैंक ऐनमा गभर्नरका लागि उच्च नैतिक चरित्र भएको, आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांकशास्त्र, गणित वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कार्यअनुभव भएको हुनुपर्नेछ । गठबन्धनका शीर्ष नेता भने अन्य सरकारी नियुक्तिमा मिसाएर गभर्नरमा पनि राजनीतिक भागबन्डा मिलाउन लागिपरेका छन् । तर भागबन्डा गरी कमजोर नेतृत्व छानिए अर्थतन्त्र संकटमा पर्ने विज्ञहरूको चिन्ता छ । करिब १२ वर्षअघि अर्थतन्त्र असहज अवस्थामा रहेको बेला निकासका लागि भन्दै भारतमा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहले अर्थशास्त्री रघुराम राजनलाई रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) को गभर्नर बनाएका थिए । त्यति बेला भारतमा शोधनान्तर स्थिति उच्च घाटामा थियो । मुद्रास्फीति उच्च थियो भने विदेशी लगानी घटेको थियो । एकातिर भारतीय मुद्रा कमजोर बनेको थियो, अर्कातिर बैंकहरूको खराब कर्जा बढेको थियो ।

राजनले राजनीतिक दबाब अस्वीकार गर्दै अर्थतन्त्रको स्थायित्व र बैंकिङ प्रणाली सुधारका लागि निर्मम कदम चालेका थिए । राजनले ब्याजदर बढाएर मूल्य नियन्त्रणको नीति लिएका थिए । नेपालको अर्थतन्त्र पनि नाजुक अवस्थामा रहेकाले त्यसलाई लयमा ल्याउन राजनजस्तै निडर, जानकार र 'भिजन' भएको व्यक्तिलाई गभर्नर बनाउनुपर्ने विज्ञ बताउँछन् ।

यति बेला नेपालको अर्थतन्त्रका सूचकांक अहिले विरोधाभासपूर्ण छन् । एकातिर रेमिट्यान्स आप्रवाह, विदेशी मुद्रा सञ्चिति, शोधनान्तर स्थिति र चालु खातालगायत सूचक सबल छन् भने अर्कातर्फ बैंक तथा वित्तीय संस्थामा ६ खर्बभन्दा बढी रकम थन्किएको छ । ब्याजदर घट्दो क्रममा भए पनि ऋण प्रवाह बढ्न सकेको छैन । अर्थ मन्त्रालय र राष्ट्र बैंकले पटक-पटक नीतिगत सुधारको प्रयास गरे पनि समग्रमा अर्थतन्त्र चलायमान हुन सकेको छैन । त्यसमाथि फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले 'ग्रे लिस्ट' मा राखेकाले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको साख दाउमा छ ।

राष्ट्र बैंकको कार्यकारी प्रमुखका लागि स्वार्थप्रेरित चलखेल हुन सक्ने भन्दै आर्थिक क्षेत्रका विज्ञले सार्वजनिक रूपमा र सांसदहरूले संसद्मा आवाज उठाउन थालेका छन् । पूर्वअर्थमन्त्री, पूर्वगभर्नर र अर्थशास्त्रीले समेत 'कसैको दबाब, प्रभाव र प्रलोभनमा नपरी' स्वतन्त्र र निष्पक्ष रूपमा कार्यसम्पादन गर्न सक्ने क्षमतावान् व्यक्तिलाई गभर्नर बनाउनुपर्ने भन्दै खबरदारी गरिरहेका छन् ।

स्वार्थ समूहले 'आफूअनुकूल व्यक्ति'का लागि 'लबिइङ' गरिरहेका छन् । सरकारले गरेका पछिल्ला नियुक्तिमा स्वार्थ समूह हाबी भएको, आर्थिक लेनदेन भएको, राम्राभन्दा पनि विवादित मान्छे छानिएको आरोप लागिरहेका बेला गभर्नरमा पनि त्यस्तै हुने आशंका छ ।

अहिलेको आर्थिक अवस्था र देशभित्र व्याप्त निराशालाई नबुझी अन्य नियुक्तिमा जस्तै प्रश्न उठ्ने गरी गभर्नर छनोट गरिए देश थप गम्भीर स्थितिमा जाने पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे बताउँछन् । राजनीतीकरण गर्न नहुने र काम गर्न सक्ने व्यक्तिलाई गभर्नर नियुक्ति गर्नुपर्नेमा अर्थविद् केशव आचार्यको जोड छ । पूर्वअर्थमन्त्री प्रकाशशरण महत पनि सरकारले गम्भीर भएर नयाँ गभर्नर छनोट गर्नुपर्ने बताउँछन् ।



विष्णुप्रसाद पौडेल
अर्थमन्त्री, संयोजक

विजयनाथ भट्टराई
पूर्वगभर्नर, सदस्य

विश्व पौडेल
अर्थशास्त्री, सदस्य

नेप्सेको सीईओमा लुइँटेल

सरकारले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा नारदकुमार लुइँटेललाई नियुक्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई ४ वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको हो । तत्कालीन सीईओ कृष्णबहादुर कार्कीको पदावधि सकिएपछि गत माघ २५ देखि नेप्सेको सीईओ पद खाली थियो ।

'ऋृणको जोखिम घटाउन इन्भेस्टमेन्ट कम्पनी'

भैरहवा (कास)- लामो समयदेखि मुलुकको आर्थिक अवस्था प्रतिकूल रहेको उल्लेख गर्दै घरजग्गा व्यवसायीले आफ्नै लगानीमा इन्भेस्टमेन्ट कम्पनी सञ्चालनमा जोड दिएका छन् । मुलुकभरका घरजग्गा व्यवसायीको थोरै-थोरै लगानीबाट सञ्चालन हुने यस्तो कम्पनीले बैंकिङ ऋणबाट मुक्ति दिलाउने व्यवसायीको भनाइ छ । रूपन्देहीमा घरजग्गा व्यवसायी संघको अधिवेशनका सहभागीले कोरोना महामारीपछि थलिएको व्यवसाय उकास्न इन्भेस्टमेन्ट कम्पनी सञ्चालनको निर्णय गरिएको जनाए ।

जिल्ला संघको अधिवेशनअघि घरजग्गा व्यावसायी महासंघ केन्द्रीय समिति बैठकले व्यवसायीबाट एक-एक लाख रुपैयाँ संकलन गरेर कम्पनी खडा गरेको छ । आफ्नो लगानी क्षमता नचिन्दा व्यवसायी बैंकका कारण संकटमा परेको घरजग्गा व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष विष्णु घिमिरेको भनाइ छ । 'अब आर्थिक संकलन गरेर भए पनि आफ्नो र सामाजिक हितमा काम गर्ने बेला भयो,' उनले भने, 'त्यसको सुरुवात रूपन्देहीबाट गर्न लागेका छौं ।' .

मुलुकमा भूकम्प र कोरोना महामारीपछि घर जग्गाको कारोबार ठप्प हुँदा व्यवसायीलाई बैंकको ब्याज र किस्ता कसरी तिर्ने भन्ने चिन्ताले मानसिक समस्यामा पुऱ्याएको घरजग्गा व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले उल्लेख गरे । 'अब यस्तो तनावबाट मुक्तिका लागि इन्भेस्टमेन्ट कम्पनी सञ्चालन गर्न लागेका हौं,' उनले भने, 'अब घरजग्गामा कम्पनीबाट लगानी गर्नेछौं, सकभर बैंकमा जानु नपरोस् भन्ने उद्देश्य हो ।'

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हरिवन, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/१३ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

सर्लाही जिल्ला, सासपुर गा.वि.स. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५, औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, (प्रदेश नं. २) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०६६/०८/१६ रोज ३ गते दर्ता नं. ३९०६/०६६/०६७ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६६/१०/२० मा स्थायी लेखा नम्वर (PAN) ३०३८४७८८३ अन्तर्गत दर्ता कायम भएको **मदन बाबा ईटा उद्योग** ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. ठगा चौधरी कल्वारको नाति, सुकेसर चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुरेन्द्र चौधरी** (ना.प्र.नं. ५९८२३०२०, जारी मिति २०५६/१०/२४, जि.प्र.का. सर्लाही) ।	२. सुकेसर चौधरी कल्वारको बुहारी, सुरेन्द्र चौधरीको पत्नी, सर्लाही जिल्ला कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुनिता देवी** (ना.प्र.नं. १९३०३०/१२२, जारी मिति २०६३/११/०२, जि.प्र.का. सर्लाही) ।
३. सुकेसर चौधरी कल्वारको नाति, सुरेन्द्र चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुबोध चौधरी** (ना.प्र.नं. १९-०१-७६-०८०८१, जारी मिति २०७६/०६/२३, जि.प्र.का. सर्लाही) ।	४. उतिम चौधरीको नाति, ठगा चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुकेसर चौधरी कल्वार** (ना.प्र.नं. १९९०३०/३४, जारी मिति २०६४/०९/२३, जि.प्र.का. सर्लाही) ।
५. ठगा चौधरी कल्वारको बुहारी, सुकेसर चौधरी कल्वारको पत्नी, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सोनावत्ति देवी कलवार** (ना.प्र.नं. ४९७८०३०५, जारी मिति २०४४/१२/०९, जि.प्र.का. सर्लाही) ।	६. धर्मलाल चौधरीको नाति, राजदेव चौधरीको छोरा, सर्लाही जिल्ला, सासापुर गा.वि.स/उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सन्तोष चौधरी** (ना.प्र.नं. १९३०९१/२६८, जारी मिति २०६३/१०/२९, जि.प्र.का. सर्लाही) ।
७. राजदेव चौधरी कल्वारको बुहारी, सन्तोष चौधरीको पत्नी, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **उर्मिला देवी चौधरी** (ना.प्र.नं. १९-०२-७७-०००४१, जारी मिति २०७७/०४/०४, जि.प्र.का. सर्लाही) ।	८. रामघारी चौधरीको नाति, धर्मलाल चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **राजदेव चौधरी कल्वार** (ना.प्र.नं. ४९७८१४६९, जारी मिति २०४४/१२/१०, जि.प्र.का. सर्लाही) ।
९. धर्मलाल चौधरीको बुहारी, राजदेव चौधरी कल्वारको पत्नि, सर्लाही जिल्ला, कौडेना गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **कोशिला देवी** (ना.प्र.नं. ४९७८२४३१, जारी मिति २०४४/१२/१९, जि.प्र.का. सर्लाही) ।	

धितोको विवरण

१. सुकेसर चौधरी कल्वार (ना.प्र.नं. १९९०३०/३४, जारी मिति २०६४/०९/२३, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक कौडेना पञ्चायत वडा नं. २ नक्सा सीट नं. २ ख हाल सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थित कि.नं. १६३ को क्षेत्रफल ०-०-११-५ (बिघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. मदन बाबा ईटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/२६ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/२७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : हरिवन, सर्लाही
फोन नं. ०४६-५३०४७४
Website : www.siddharthabank.com

६ कारोबार दिनपछि २६.१० अंकले बढ्यो नेप्से

सोमबार कारोबारमा आएकामध्ये २१० कम्पनीको सेयर मूल्य बढ्यो, ३३ कम्पनीको घट्यो

कान्तिपुर संवाददाता (काठमाडौं)

गएका ६ कारोबार दिन लगातार घटेको नेप्सेमा सोमबार दोहोरो अंकले सुधार भएको छ । उक्त दिन २६.१० अंकले बढेर समग्र नेप्से २ हजार ६ सय ४० बिन्दुमा उक्लिएको छ । अघिल्लो दिनको तुलनामा यो शून्य दशमलव ९९ प्रतिशतले बढी हो । आइतबार ५४.६२ अंकले घटेर २ हजार ६ सय १४.६८ बिन्दुमा बन्द भएको नेप्से सोमबार दोहोरो अंकले बढेको हो । यो वृद्धिलाई लगानीकर्ताले 'करेन्सन' का रूपमा विश्लेषण गरेका छन् ।

एक साता लगातार बजार घट्दा धेरै कम्पनीका सेयर मूल्य न्यून बिन्दुमा झरेका थिए । यस अवसरमा लगानीकर्ताले सेयर खरिद बढाएपछि बजार उकालो लागेको हो । 'अघिल्ला ६ दिन लगातार बजार घट्नुमा पनि विशेष केही कारण थिएन, यसकारण सोमबार नेप्से बढ्नुको पनि कारण छैन,' एक ब्रोकरले भने, 'सोमबारको वृद्धिलाई लगातार घटेको बजार करेक्सन भएको मात्र हो ।' यद्यपि यो वृद्धि आउँदा दिनमा टिक्छ वा टिक्दैन भन्नेबारे अनुमान गर्न कठिन हुने जानकार बताउँछन् । कम्तीमा पनि आउँदो साता लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेकाले बजार बढिहाल्ने सम्भावना नरहेको ती अधिकारीले बताए ।

केही दिनयता बजारमा राजावादी, माओवादीलगायत दलको प्रदर्शनीका समाचार आएको, गभर्नर महाप्रसाद अधिकारीको पदावधि सकिन लागेकोलगायत कारण अझै केही दिन लगानीकर्ताले थप लगानी विस्तार गर्ने सम्भावना नरहेको जानकारको भनाइ छ । फागुन २८ मा १७.२८ अंकले बढेर २ हजार ७ सय ३६ बिन्दुमा उक्लिएको थियो । त्यसयता एक सातामै ६७.१७ अंकले नेप्से घटेको थियो । आइतबार पनि नेप्से घट्ने क्रम जारी नै रह्यो ।

नेप्से बिन्दु सोमबार बढे पनि कारोबार रकम भने आइतबारको तुलनामा घटेको छ । आइतबार ६ अर्ब ३२ करोड १ लाख ४१ हजार रुपैयाँको सेयर कारोबार भएकामा सोमबार ४ अर्ब ४८ करोड ३५ लाख रुपैयाँको मात्रै सेयर कारोबार भएको छ ।

नेप्समा सूचीकृत २१० कम्पनीको सेयर मूल्य बढेको छ भने ३३ कम्पनीको मूल्य घटेको छ । कुल ५८ हजार २३५ पटकको सेयर किनबेचबाट ९७ लाख ३९ हजार ७३८ कित्ता सेयर किनबेच भए । आज १३ वटै उपसमूहको बढेको छ । सबैभन्दा बढी जीवन बिमा १९१.२३ अंकले बढ्यो । फाइनान्सको ८७.४२, होटल तथा पर्यटनको ६६.१२, निर्जीवन बिमाको ७९.८५, उत्पादन तथा प्रशोधनको ५५.८२ र जलविद्युत्को सेयर मूल्य ६६.१२ अंकले बढेको छ ।

सबैभन्दा बढी कमाउने मुख्य पाँच कम्पनीमा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, उपकार लघुवित्त वित्तीय संस्था, पोखरा फाइनान्स, समृद्धि फाइनान्स कम्पनी र श्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन कम्पनी रहे । अपर हेवाखोला हाइड्रोपावर, सांग्रिला विकास बैंक डिबेन्चर (२०८७), नारायणी विकास बैंक, ९ प्रतिशत आईसीएफसी फाइनान्स लिमिटेड डिबेन्चर २०८८ र बाराही हाइड्रोपावरका लगानीकर्ताले गुमाए । कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स, सीईडीबी होल्डिङ्स, नेपाल पुनर्बिमा कम्पनी, गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स र सिन्धु विकास बैंक क्रमशः मुख्य पाँच कम्पनी अघि रहे ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय अमरपथ, बुटवल, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१२/१२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०१/२१ मा दर्ता भई प्रा.फ.र.नं. ६९३/८४८३/०७३ तथा आन्तरिक राजश्व कार्यालय भैरहवामा मिति २०७३/०१/२१ मा स्थायी लेखा नम्बर (PAN) ६०२१०४८८७ अन्तर्गत दर्ता कायम भएको **नसिवा गल्ला भण्डार** ।

प्रोप्राईटर : नसिवा खातुन

व्यक्तिगत जमानीकर्ताको विवरण

१. मुमताज पठानको बुहारी, फिरोज पठानको पत्नी, नवलपरासी जिल्ला, साविक कुश्मा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ बस्ने **नसिवा खातुन** (ना.प्र.नं. ३६-०१-७१-०५००४, जारी मिति २०७१/०८/२४, जि.प्र.का. नवलपरासी) ।	२.कुल्ली पठानको नाति, मुमताज पठानको छोरा, नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ बस्ने **फिरोज पठान** (ना.प्र.नं. ३६-०१-७१-००८३६, जारी मिति २०७१/०२/१३, जि.प्र.का. नवलपरासी) ।
३. गुल मोहम्मदको नाति, कुल्ली पठानको छोरा, नवलपरासी जिल्ला, साविक गेरमी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ बस्ने **मुमताज पठान** (ना.प्र.नं. ३१३/९९४-१५१८, जारी मिति २०४४/१२/१०, जि.प्र.का. नवलपरासी) ।	४. कुल्ली पठानको बुहारी, मुमताज पठानको पत्नी, नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ बस्ने **आशा नेशा पठान** (ना.प्र.नं. १८२२, जारी मिति २०५६/०४/०७, जि.प्र.का. नवलपरासी) ।
५. कुल्ली पठानको नाति, मुमताज पठानको छोरा, नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ बस्ने **अफरोज पठान** (ना.प्र.नं. ३६-०१-७६-०३००१, जारी मिति २०७६/०४/१९, जि.प्र.का. नवलपरासी (व.सु.प.) ।	

धितोको विवरण

१. नसिवा गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. मुमताज पठान (ना.प्र.नं. ३१३/९९४-१५१८, जारी मिति २०४४/१२/१०, जि.प्र.का. नवलपरासी) को एकल नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक गेरमी गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ क हाल नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. ५ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-०-८ (बि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. नसिवा खातुन (ना.प्र.नं. ३६-०१-७१-०५००४, जारी मिति २०७१/०८/२४, जि.प्र.का. नवलपरासी) को एकल नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, साविक सुर्यपुरा गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ क हाल रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ८ स्थित कित्ता नं. ३२६ को क्षेत्रफल ०-१०-२-० (बि.क.धु.) र रुपन्देही जिल्ला, साविक हर्नैया गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ क हाल रुपन्देही जिल्ला, सियारी गा.पा. वडा नं. ३ स्थित कित्ता नं. १०१३ को क्षेत्रफल ०-७-४-० (बि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय : अमरपथ, बुटवल, रुपन्देही
फोन नं. ०७१-५३१८०९
Website : www.siddharthabank.com

अर्थ संक्षेप

बजारमा रियलमी सी ७५

काठमाडौं (कास)- स्मार्टफोन ब्रान्ड रियलमीले नयाँ रियलमी सी ७५ नेपालमा सार्वजनिक गरेको छ। आधुनिक विशेषतासहितको रियलमी सी ७५ सोमबार सार्वजनिक गरियो। रियलमी सी ७५ आईपी ६९ प्रमाणीकरण प्राप्त उक्त स्मार्टफोन धूलो र पानी प्रतिरोधी रहेको कम्पनीको दाबी छ। यसमा ६००० एमएएच ब्याट्री, ४५ वाट फास्ट चार्जिङ, ५० घण्टाभन्दा बढी कल टाइम, १८ घण्टा भिडियो प्ले ब्याक, ६० दिनको स्ट्यान्डबाई टाइम प्रदान गर्ने र ६.७२ इन्चको फुल एचडी डिस्प्लेजस्ता विशेषता छन्। नेपाली बजारमा ८ जीबी र्‍याम रहेको यो दुई भेरियन्टमा उपलब्ध छ। १२८ जीबी भेरियन्टको मूल्य २६ हजार ९९९ र १५६ जीबीको मूल्य २९ हजार ९९९ रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

भेस्पा र अप्रिलियाको अफर 'खुसीयाली साटा-साट'

काठमाडौं (कास)- दुईपांग्रे सवारी ब्रान्ड भेस्पा र अप्रिलियाको आधिकारिक वितरक डेल्टा अटो कर्पले नयाँ वर्ष २०८२ को अवसरमा अफर सार्वजनिक गरेको छ। कम्पनीले 'खुसीयाली साटा-साट' अफर ल्याएको हो। अफरअनुसार ग्राहकले भेस्पा र अप्रिलियाको स्कुटर खरिदमा छुट, किस्ता सुविधा र उपहार प्राप्त गर्नेछन्, जसमा ग्राहकले नयाँ भेस्पा तथा अप्रिलियाको स्कुटर खरिद गर्ने ग्राहकले १० हजार रुपैयाँ नगद छुट, ४.९९ प्रतिशत ब्याजदरको ईएमआई सुविधा र एक्सचेन्ज सुविधामा १० रुपैयाँ बराबरको अतिरिक्त मूल्यांकन पाउने कम्पनीले जनाएको छ।

ग्लोबल आईएमई बैंकको 'ग्लोबल मनी विक'

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंकले 'ग्लोबल मनी विक २०२५' को अवसरमा सातै प्रदेशमा विद्यार्थी तथा युवालक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकले ग्लोबल मनी विकका अवसरमा आयोजना गरेको कार्यक्रममा ६ हजारभन्दा बढी विद्यार्थी तथा युवाको सहभागिता थियो। नेपाल राष्ट्र बैंक तथा अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा बैंकका कर्मचारी वित्तीय सचेतना अभिवृद्धि ब्यानरसहित सहभागी थिए। ३५५ वटा शाखामार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको बैंकले जनाएको छ।

भैरहवाबाट अन्तर्राष्ट्रिय उडान फेरि शून्य

काठमाडौं फर्किए अन्तर्राष्ट्रिय वायुसेवा

सुरज कुँवर (काठमाडौं)

थाइल्यान्ड र मध्यपूर्वबाट हिउँदयाममा भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्दै आएका चार विदेशी वायुसेवाले ग्रीष्मकालीन मौसममा त्यहाँ उडान नगर्ने भएका छन्। बैंककबाट उडान गर्ने थाई एयर एसिया, कुवेतबाट उडान गर्ने जजिरा एयरवेज, दुबईबाट उडान गर्ने फ्लाई दुबई र दोहाबाट उडान गर्ने कतार एयरवेजले यही चैत १८ देखि २०८२ कात्तिक ८ सम्म सञ्चालन हुने ग्रीष्मकालीन मौसममा भैरहवामा उडान नगर्ने भएका हुन्।

अरू विदेशी वायुसेवाले पनि ग्रीष्मकालीन मौसममा भैरहवामा उडान गर्न इच्छा देखाएका छैनन्। देशभरका विमानस्थलमा उडान सञ्चालन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले हिउँद र गर्मीयामका लागि दुई पटक उडान तालिका आह्वान गर्छ। यो अन्तर्राष्ट्रिय नियम हो। विभिन्न देशसँग गरिएको हवाई सम्झौताअनुसार काठमाडौं विमानस्थलमा रहेको स्लट म्यानेजमेन्ट कमिटीले आन्तरिक र अन्तर्राष्ट्रिय उडान तालिका स्वीकृत गर्छ।

काठमाडौं विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाको संयोजकत्वको ११ सदस्यीय समितिले फागुन १९ मा ग्रीष्मकालीन मौसमका लागि काठमाडौं, भैरहवा र पोखरासहितका विमानस्थलका लागि तालिका स्वीकृति गर्न प्राधिकरणमा सिफारिस गरेको थियो। समितिले सिफारिस गरेको तालिकालाई प्राधिकरणले केही दिनअघि पारित गरेको थियो। 'पर्याप्त लोड (यात्रु/कार्गो) नभएका कारण विदेशी वायुसेवाले गर्मी सिजनमा भैरहवामा उडान नगर्ने भएका हुन्,' प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले भने, 'त्यहाँ उडान गर्दै आएका कतार, थाई एयर एसिया, फ्लाई दुबई र जजिराले काठमाडौंमा उडान गर्ने भएका छन्।' जजिरा र थाई एयर एसियाले दिनको एक/एक तथा फ्लाई दुबईले सातामा ४ उडान काठमाडौंका लागि गर्ने अनुमति पाएका छन्।

चैत १९ देखि काठमाडौं विमानस्थल १८ घण्टा सञ्चालनमा

काठमाडौं विमानस्थल यही चैत १९ बाट बिहान ६ देखि राति १२ बजेसम्म १८ घण्टा सञ्चालनमा आउने भएको छ। गत वर्षको ग्रीष्मकालमा काठमाडौं विमानस्थल राति ३ बजेसम्म २१ घण्टा सञ्चालनमा ल्याइएको थियो। यस पटक भने राति १२ बजेपछि बिहान ६ बजेसम्म पूर्वाधारका काम हुनेछन्। 'गत वर्ष ग्रीष्मयाममा राति १२ बजेपछि बिहान ३ बजेसम्म कतार र फ्लाई दुबईका दुई उडान थिए। यस पटक यिनका उडानलाई राति १२ बजेभित्र समेटेर तालिका ल्याइएको छ,' सहप्रवक्ता भुलले भने।

पूर्वाधार विस्तारका लागि भन्दै कात्तिक २३ देखि काठमाडौं विमानस्थल राति १० देखि बिहान ८ बजेसम्म बन्द गरेर १४ घण्टा मात्रै सञ्चालनमा ल्याइएको थियो। राति १० घण्टा पूर्वाधार विस्तारका कामलाई प्राथमिकता दिइएको थियो। राति १० बजेपछि काठमाडौं विमानस्थल बन्द हुने भएपछि प्राधिकरणले दिनका चार उडान गर्ने तथा काठमाडौंमा नयाँ उडान अनुमति माग्ने वायुसेवा कतार, फ्लाई दुबई, थाई एयर एसिया र जजिराका उडानलाई सर्तसहित भैरहवा पठाएको थियो।

'यी सबै वायुसेवाले भैरहवामा हरेक उडानमा लाखौं रुपैयाँ नोक्सानी व्यहोर्नुपरेको बताए,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'निजी क्षेत्रलाई हरेक दिन करोडौं घाटा व्यहोर्न दबाब दिन सकिन्न। राज्यले छुटसहितका प्याकेज ल्याउँदा पनि भैरहवा विमानस्थल सञ्चालन गर्न सकिएन।'

जाडोयाममा हुस्सु तथा तुवाँलोका कारण भैरहवामा जहाजलाई लो भिजिबिलिटीमा सुरक्षित अवतरण गराउन स्याटलाइटमा आधारित आरएनपी-एआर प्रणाली लागू गरिएको थियो। यस प्रणालीले चितवन पूर्वबाट पस्ने अन्तर्राष्ट्रिय वायुयानलाई न्यूनतम २२ सय मिटर भिजिबिलिटी हुनुपर्नेमा ९ सय मिटरमै अवतरण गराउन सकिने सुविधा थियो। तर पनि विदेशी वायुसेवाले यो प्रणाली अपनाउनुअघि नै यात्रुको कमीकै कारण उडान झिकेका थिए।

ग्रीष्मकालीन मौसमका लागि प्राधिकरणले नेपालका बुद्ध एयर, हिमालय एयरलाइन्स र नेपाल वायुसेवा निगमसहित ३० वायुसेवाको उडान तालिका स्वीकृत गरेको छ।

सोमबार ४ अर्ब ४८ करोडको कारोबार

११ चैत २०८१ को नेप्से परिसूचक

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
युनिलिभर नेपाल लिमिटेड	४६९००	४६५००	१९	-४००
राष्ट्रिय बिमा कम्पनी लिमिटेड	१४४५४	१४५१७	२६०	६४
बोटलर्स नेपाल (तराई) लिमिटेड	१२९७९	१३०१३	८०	३४
राष्ट्रिय बिमा कम्पनी लिमिटेड संस्थापक सेयर	११२७०	११२७९	१४०	९
विशाल बजार कम्पनी लिमिटेड	५२५४	५३१३	५२६	५९
साल्ट ट्रेडिङ कर्पोरेसन	५१९२	५२११	१०५२	१९
आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि.	५०१५	५११०	११९८	९५
उपकार लघुवित्त वित्तीय संस्था लि.	३४१७	३६९३	९८४८	२७६
विन नेपाल लघुवित्त वित्तीय संस्था लि.	३११२	३११२	७१०	०
गुँरास लघुवित्त वित्तीय संस्था लि.	२७२७	२७५०	२०३२	२३
समाज लघुवित्त वित्तीय संस्था लि.	२५०७	२५८५	६३६	७८
सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था	२५६७	२५१४	११५६८	-५२
कुथेली बुखरी स्मल हाइड्रोपावर लि.	२४७०	२५०१	१४१७	३१
युनिक नेपाल लघुवित्त वित्तीय संस्था	२२८२	२२९४	७००	१२
गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स	२०६९	२२६६	५७९९२	१९७
महिला लघुवित्त वित्तीय संस्था लि.	२२३२	२२४५	४५६३	१३
सीईडीबी होल्डिङ लिमिटेड	२१७५	२१९९	६९७४४	२४
सिर्जनशील लघुवित्त वित्तीय सस्था लि.	२०८४	२०९१	१४९२	७
सामुदायिक लघुवित्त वित्तीय संस्था लि.	२०४३	२००९	७४१३	-३४
सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्ट	१९५३	१९६१	९५९३	८
नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	१९९६	१९२८	५३७६५	-६७
स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.	१८५०	१८९२	१२९१	४२
कर्पोरेट डेभलपमेन्ट बैंक लि.	१८५२	१८४५	१०३२६	-७
नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.	१७८३	१७८३	१३६०	१
मानुषी लघुवित्त वित्तीय संस्था लि.	१७७१	१७८०	१३१४	९
उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था	१६८३	१६८५	२२९८	२
गणपती लघुवित्त वित्तीय संस्था लि.	१६१७	१६१५	२०८८	-२
सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था	१५७२	१६००	१८०६	२८
मिथिला लघुवित्त वित्तीय संस्था लि.	१६०४	१५८१	११६९२	-२३
मुक्तिनाथ कृषि कम्पनी लिमिटेड	१५४५	१५६८	५७८८	२४
धौलागिरी लघुवित्त वित्तीय संस्था लि.	१५५५	१५५३	१९०३	-२
जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था	१४९५	१४७९	४५७	-१६
ग्रिन डेभलपमेन्ट बैंक लि.	१४०४	१३९८	३४८८६	-७
एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि.	१३७६	१३८७	६८७२१	११
जीवन विकास लघुवित्त वित्तीय संस्था लि.	१३१२	१३२७	३४४३	१५
माहुली लघुवित्त वित्तीय संस्था लि.	१२६६	१२७८	१९२०	१२
नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड	१२५९	१२७३	१०२७२५	१४
हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेड	१२८३	१२५८	४९१२८	-२५
ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि.	१२३२	१२३८	२२८८	६
नेशनल लघुवित्त वित्तीय संस्था लि.	१२१९	१२२७	३२२१	७
मातृभूमि लघुवित्त वित्तीय संस्था लि.	१२०३	१२११	२०५४	८
हिमालयन डिस्टिलरी लिमिटेड	११९३	१२१०	४०३०९	१७
फोर्डवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय	११७६	११९२	३३३४	१६
ग्लोबल आईएमई बैंक डेबेन्चर	१,१९३	११८०	११८,२००	-१३
सिकलेस हाइड्रोपावर बैंक लि.	११४५	११६०	१९२८	१५
सप्तकोशी डेभलपमेन्ट बैंक लि.	११६१	११४८	२५०००	-१३
सिन्धु विकास बैंक लिमिटेड	११५०	११३९	१०३२५५	-१०
इमर्जिङ नेपाल लिमिटेड	१११३	११२३	२३१५	१०
सेन्चुरी डेबेन्चर २०८८	११२२	११२१	२५	-१
सिभिल बैंक डेबेन्चर २०८८	११२१	११२१	६	०
बिओके डिबेन्चर २०८७ (क)	१११६	१११६	२५	०
कालिञ्चोक दर्शन लिमिटेड	१०९१	११०१	१८५९	१०
तारागाउँ रिजेन्सी होटेल लिमिटेड	१०५१	१०७३	१६४२	२१
आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.	१०५०	१०६०	२३२७	१०
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	१०५१	१०५५	१३९८	४
कालिका लघुवित्त वित्तीय संस्था लि.	१०२८	१०५२	१४२२	२४
ज्योती बिकास बैंक बोन्ड २०८७	१०४३	१०५१	१५७	८
नेबिल डेबेन्चर २०८५	१०६८	१०४७	१०	-२१
सांग्रिला डेभलपमेन्ट बैंक डेबेन्चर २०८७	१०८१	१०४१	१३६३	-४०

कुल कारोबार मूल्य : ४,४८३,५९९,००४.४९ **कारोबार संख्या** : ५८,२३५
सेयर संख्या : ९,७३९,७३८ **नेप्से** : २,६४०.७८ (२६.१०)

बजारमा हुन्डाईको क्रेटा ईभी र मेड इन नेपाल क्रेटा आईसीई

काठमाडौं (कास)- हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले क्रेटा ईभी र मेड इन नेपाल क्रेटा आईसीई सार्वजनिक गरेको छ। राजधानीमा सोमबार आयोजित एक समारोहबीच कम्पनीले उक्त दुई गाडी सार्वजनिक गरियो। उक्त अवसरमा नेपालका लागि दक्षिण कोरियाली राजदूत पार्क ते यङको पनि विशेष उपस्थिति थियो।

नेपाली ग्राहकको आवश्यकताअनुसार क्रेटा इलेक्ट्रिक र आईसीई दुवै मोडलमा उपलब्ध गराइएको कम्पनीले जनाएको छ। क्रेटा ईभीको प्रारम्भिक मूल्य ५१ लाख ९६ हजार र क्रेटा आईसीई ५३ लाख ९६ हजार रुपैयाँ छ। उक्त मूल्य सन् २०२५ मा नेपालमा आयात गरिने आईसीई मोडलको तुलनामा करिब ९ लाख रुपैयाँसम्म कम रहेको कम्पनीले बताएको छ। यी दुवै मोडलमा आकर्षक डिजाइन, उत्कृष्ट प्रदर्शन र आरामदायी यात्राको अनुभव गर्ने विशेषता रहेको कम्पनीको दाबी छ।

क्रेटा ईभीमा २ सय एमएम ग्राउन्ड क्लियरेन्स, १७ डिग्री ब्रेक ओभर एंगल, ११ किलोवाट एसी चार्जिङ, चार घण्टामा पूरै चार्ज गर्न सकिने, एड्भान्स सेफ्टी फिचर, ६ वटा एयर ब्याग र ३६० डिग्री क्यामेरा जस्ता विशेषता रहेको कम्पनीले बताएको छ।

दुग्ध विकास संस्थान
विराटनगर दुग्ध वितरण आयोजना
विराटनगर, फोन नं. ०२१-४२२१०५, ४२२२३६

धानको भुस खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८१।१२।१२

आयोजनालाई ९३,००० के.जी. धानको भुस खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा राईसमिलहरूले सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र आयोजनाबाट रु. १,०००/– (फिर्ता नहुने) मा दरभाउपत्र खरिद गरी १६औं दिन १२:०० बजेभित्र दाखिला गर्न र सोही दिन १:०० बजे आयोजनामा खोल्ने गरी यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्रसाथ कबोल कुल रकमको २.५% रकम दरभाउपत्र जमानत बापत राष्ट्रिय वाणिज्य बैंक, विराटनगरको आयोजनाको च.हि.नं. २२५०१०००००२८२००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी संलग्न भई आउनु पर्नेछ। दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र आयोजनामा सम्पर्क राख्न सकिनेछ।

होटल एभरेष्ट ईन्टरनेशनल लि. को वार्षिक साधारण सभाको सूचना

यस होटल एभरेष्ट ईन्टरनेशनल लि. को मिति २०८१ साल फाल्गुन महिनाको १८ गते आईतबार तदनुसार २०२५, मार्च २ का दिन बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको साधारण सभा मिति २०८२ साल बैशाख १० गते बुधबार, तदनुसार २०२५ एप्रेल २३ का दिन साँझ ४ बजे दी एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौंमा निम्न विषयहरुमा छलफल एवं निर्णय गर्न बोलाईएको हुँदा संवन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । सभा हुने सूचना सबै शेयर होल्डरहरुको ठेगानामा छुट्टै पठाई सकेको छ । कथं कदाचित उक्त सूचना सो ठेगानामा नपुगेको भए यसैलाई सूचना मानी उपस्थित हुन पनि जानकारी गराउँदछु ।

छलफलका विषयहरु:
साधारण प्रस्तावहरु
१) कम्पनीको संचालक समितिको तर्फबाट तयार भएको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) कम्पनीको आ.व. २०८०/०८१ (२०८१ अषाढ ३१ गते) को वासलात तथा सोही मितिमा समाप्त वर्षको नाफा–नोक्सानी हिसाव तथा सो मा लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३) आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्नको लागी लेखा परिक्षक नियुक्ती गरी पारीश्रमिक निर्धारण गर्ने ।
४) शेयर होल्डर्सको तर्फबाट माइन्यूटमा हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा ।
५) विविध ।

बिशेष प्रस्ताव
क) कम्पनीको प्रबन्धपत्रको दफा ३ (प) र नियमावलीको नियमम ५८ (ख) मा संशोधन गर्ने ।
ख) विविध ।

संचालक समितिको आज्ञाले
नि. कम्पनी सचिव
होटल एभरेष्ट ईन्टरनेशनल लि.
नयाँ बानेश्वर, काठमाडौं ।

WANTED

1. Academic Coordinators for Primary/ Secondary levels.
2. Primary Grade Teachers (multiple-subject- teaching).
3. Teachers of different subjects for Middle/Secondary levels.
4. Art, Music, Dance, Sports, and other E/CCA Teachers.
5. Office Assistants for Reception and other Departments.

The qualified and experienced candidates with English language proficiency to submit their handwritten application with CV and recent pp-size photo to School personally from Sunday through Friday between 8 am and 5 pm.
OR Email to: info@lrischool.edu.np

SALARY AND SERVICE BENEFITS NEGOTIABLE

Learning Realm International (LRI) SCHOOL
Kalanki, Kathmandu, Nepal
For any inquires: **5970115 OR 5218188**
Drop your CV @ **info@lrischool.edu.np**

गोदाम तथा कोठा भाडामा

विराटनगर नजिकै बुढीगंगा गाउँपालिका वडा नं.-४ नेमुवा इलाका प्रहरी कार्यालय नजिक विराटनगर-ईटहरी रोडको पूर्व पट्टि गोदाम २३०० वर्ग फिट तथा कार्यालय प्रयोजनका लागी १२ कोठे भवन भाडामा ।
सम्पर्क ९८५२०२८१२३

VACANCY ANNOUNCEMENT
WE'RE HIRING

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Documentation - 3 (Male)
PRO - 3 (Male/Female)

तलब आपसी समझदारीमा तय गरिनेछ ।
▶ म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष वा सो भन्दा माथी अनुभव भएकाहरुले मात्र आवेदन दिन सक्नुहुनेछ ।

AL SECURE MANPOWER RECRUITMENT PVT. LTD.
Panchakumari Temple, Chandrodaya Marg, Sinamangal
Govt. Lic. No.: 823/066/067
Hotline : 9841335766

वर्गीकृत विज्ञापन

घर जग्गा

डिल्लीबजार हाईटमा चारआना जग्गाबिक्रीमा 9813642311

सितापाईला चोक नजिक ३ आनामा बनेको कमर्सियल बिल्डिङ र थानकोटमा ४आनामा बनेको साढेदुई तलाको घर १,३५,००००० ९८४१२४०५६०, ९८५१०९८४०६

जोरपाटी नारायणटार अपाङ्ग हस्पिटलसंगै ०-१३-०-० र ०-२ ९-०-० घरसहित, कपन वालुवाखानी नजिक मेनरोडमा ०-८-०-० जग्गा बिक्रीमा ९८५१२४३७३९, ९८०२३११६९२

ललितपुरमा घरजग्गा खरीद बिक्रिमा, 9849737955

बिराटनगर कंचनबारीमा कम्पाउण्डघेरेको हाम्रो अस्पताल अगाडि ८ कठ्ठा ३ धुर घडेरी बिक्रिमा, सम्पर्क 9803559909

काठमाडौं फर्पिङ्ग शोखेलमा ३रोपनीजग्गा १२००स्क्वायरफिटमा बनेको पक्किभवनसहित (फ्याक्ट्री गोदामकोलागि उपयुक्त) भाडा/बिक्रिमा ९८५१०५७४०४

सम्पर्क

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि अतिसस्तोमा Cash Deposit 9851162953

Cashdeposit Statement धितोलोनचुक्ता शेयरलगत ९८५१००६६८८

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

बैक डिपोजित steatment कोलागी 9851334104

गल्फ रीटन युवायुवतिहरूलाई देशमै रोजगारी, ९७६४६४४१५४

विविध बिक्रीमा

माहाबौद्धको पसल विक्रिमा ९८१८०२४०२१

काठमाडौं महानगरमा दर्ता रहेको गार्मेन्ट उद्योगको दर्ता मात्र बिक्रीमा छ सम्पर्क: ९८५११२४८९२

असन नजिक (त्यौडगल्लीमा) चलिरहेको जुत्ता शोरुम बिक्रिमा 50 हजार जुत्ताको छुट्टै 9851075915

निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी सफाई ३५००/- 9851099572, 9841673230

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9840540700

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- ९८४३७६८७३७

डलमंगाल जामखोल्ने सेफटीटंयाकी तान्ने 9843999386

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माणपनि, 9841559659, 9843052042

भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

साँखु जाने बाटो बर्मखेलचोकमा बैंकको शाखा कार्यालय खोल्न उपयुक्त घर घाडामा ९८४१३०४७४८

चाहियो

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००, ९८२३००५३८४

हेल्पर आवश्यक खानबस्नको व्यवस्था ९८४००५७४२६

विज्ञापन एजेन्सीलाई ग्राफिक्स डिजाइनर आवश्यकता आकर्षक तलब ९८५१०६२३०५

कुक, हेल्पर, मसाल्ची, वेटर ९८४११९४०८२

Modern Boarding Secondary School, Dadhikot, Bhaktapur, is hiring teachers for Primary to Secondary levels in: English/Nepali/Maths/Science/Social/Computer. Requirements: Bachelor's/Master's in relevant subject, Teaching experience preferred, Strong communication skills, Salary:Negotiable. Apply within a week modernschoolbkt@gmail.com, 01-6634927/9841299988

कपालकाट्ने केटा 35000+, केटी 15000+, 9841537186, 9807184754

भक्तपुरको पोल्ट्रीफार्म ह्याचरीको लागि एकल तथा दम्पती काम(दार चाहियो ९८६००२५२१३, ९८५१०६९७२८

Japanese Teacher आवश्यकता कोटेश्वर 9851107230

कलंकी पाकशाला कुक हेल्पर 9843601991

हस्पिटलक्यान्टिनमा वेटर, हेल्पर, भांडामाझ्ने अत्तरखेल, जोरपाटी ९८०३३०३३८०, ९८१३७७५५०६

Teachers Wanted Physics, Chemistry, Math 015338465, 9868136671

पसलमा कामगर्ने स्टाफ चाहियो 9851044706

Cafe मा Dishwasher, Kitchen Helper चाहियो, तलब 13,000/- खाने छ बस्ने छैन, 9801055667

नेवारी कुक-१, हेल्पर कुक-२, क्लिनिङ्ग-१, मसाल्ची-२, लेडिज वाष्टिा-१, 9840656616, 9851159475

क्यान्टिनको लागि कुक पाट्नर चाहियो ९८४११५३२५९

वेटर, हेल्पर, मसाल्ची कलेश्वर खानबस्न सुबिधा ९८६१६६६७९१

अलराउण्डर तन्दुरीकुक हेल्पर भाडामाज्ने 9843332870

ड्राइभरचाहियो काठमाडौं पुरानोबानेश्वरकोलागि सम्पर्क 9808632257

English teachers for Primary level Chabahil 9841200709

वेल्डिङ मिस्त्री चाहियो 9803403350 क्षेत्रपाटी

न्युरोड इन्द्रचोकमा महिला कर्मचारी 9801028877, 9851278577

कुक हेल्पर मसाल्ची चाहियो ९८५११३४७७८

Wanted experienced primary English Teachet Lokanthali contact 985114998, 9851000282

Teacher Wanted Science-1 (Secondary), Math-2 (Secondary/ lower secondary), English-1 (Primary) Qualification- Masters/ Bachelors Experience- 2/3 Years bluewrenschool@gmail.com Contact 9808565363

मर्मत

घरैमा LED.Tv फ्रिज, वासिङमेसिन ९८४१२९६१९२

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

विशेष छुट सबै किसिमका सरुवा यौनरोग तथा यौन समस्याहरूको सफल उपचार माता मनकामना आरोग्य क्लिनिक, पुतलीसडक 01-5340381, 5325535, 9841491186

बिहावारी

देश तथा बिदेशमा भएका बर बधुको लागी, ९७६४६४४१५६

IT Engineer स्थायी जब विदेश वर्ष ३१ ब्राम्हण केटाको लागि असल सस्कारी परिवारको ब्राम्हण, क्षेत्री कन्याको अभिभावकले सिधा सम्पर्क गर्नुहोला ९८४००७७१८७

KANTIPUR PUBLICATIONS LIMITED
KMG
KANTIPUR MEDIA GROUP
अर्घाखाँची
सिमेन्ट लिमिटेड
Presents
कान्तिपुर
लुम्बिनीको
सामर्थ्य
अर्थ-सामाजिक शक्ति, सम्भावना र सम्बोधन
मुख्य वक्ता
विष्णु पौडेल
उपप्रधान तथा अर्थमन्त्री
पहिलो सत्र : सुस्त पूर्वाधार र अस्थिर नीति, उत्पादनका चुनौती
वक्ताहरु
भूमीश्वर ढकाल
भौतिक पूर्वाधार विकासमन्त्री
लुम्बिनी प्रदेश
राजेश अग्रवाल
उद्योग समिति सभापति
नेपाल उद्योग वाणिज्य महासंघ
शोभाकान्त पौडेल
सह-सचिव
अर्थ मन्त्रालय
मौसमी श्रेष्ठ
कार्यकारी निर्देशक
श्रीनगर एग्रो फार्म
सहजकर्ता
रुपेश श्रेष्ठ
नायब समाचार प्रमुख
कान्तिपुर टेलिभिजन
दोस्रो सत्र : उपमहानगरको उन्नति
वक्ताहरु
खेलराज पाण्डेय
प्रमुख
बुटवल उपमहानगरपालिका
प्रशान्त विष्ट
प्रमुख
नेपालगञ्ज उपमहानगरपालिका
टीकाराम खड्क
प्रमुख
तुलसीपुर उपमहानगरपालिका
नरुलाल चौधरी
प्रमुख
घोराही उपमहानगरपालिका
सहजकर्ता
अमृता अनमोल
संवाददाता
कान्तिपुर टेलिभिजन
तेस्रो सत्र : लुम्बिनीको आह्वान : अन्तर्राष्ट्रिय उडान
वक्ताहरु
डिल्लीबहादुर चौधरी
पूर्वमुख्यमन्त्री
लुम्बिनी प्रदेश
प्रदीप अधिकारी
महानिर्देशक
नेपाल नागरिक उड्डयन प्राधिकरण
डा. शारदा पौडेल
सहप्राध्यापक
लुम्बिनी बौद्ध विश्वविद्यालय
चन्द्रप्रकाश श्रेष्ठ (सीपी)
संयोजक
होटल एसोसिएसन नेपाल, लुम्बिनी
सहजकर्ता
दीपेन्द्र बडुवाल
लुम्बिनी प्रदेश ब्युरो प्रमुख
कान्तिपुर दैनिक
चौथो सत्र : अलमलमा अर्थनीति र राजनीति
वक्ताहरु
चेतनारायण आचार्य
मुख्यमन्त्री
लुम्बिनी प्रदेश
रमेश लेखक
गृहमन्त्री
वर्षमान पुन
पूर्वअर्थमन्त्री
भवानी राणा
पूर्वअध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ
सहजकर्ता
उमेश चौहान
प्रधान सम्पादक
कान्तिपुर दैनिक
LIVE
eKantipur.com
KANTIPUR
www.kantipurtv.com
बुधबार
१३ चैत,२०८१
बिहान १०:०० बजेदेखि (सिद्धार्थ भिलासा, भैरहवा)
सहकार्यमा
बुटवल उपमहानगरपालिका
DEVELOPMENT BANK PARTNER
SHINE RESUNGA DEVELOPMENT BANK LTD.
HOME APPLIANCES PARTNER
Ultra
STEEL PARTNER
Panchakanya STEEL
MICRO FINANCE PARTNER
PARTNERS
SR GROUP
Nansc hotel
TEN PLASTIC
TOURISM PARTNER
Nepal Tourism Board
nepal Lifetime Experiences!
HOSPITALITY PARTNER
NIRVANA
By Luxury International

लखनउमाथि दिल्लीको अविश्वसनीय पुनरागमन

दिल्ली क्यापिटल्सका आशुतोषले आफूले सामना गरेको अन्तिम ११ बलमा ४६ रन बनाए

लखनउ सुपर जायन्टविरुद्धको खेलमा दिल्ली क्यापिटल्सलाई जित दिलाएपछि आशुतोष शर्मा । र, लखनउका कप्तान ऋषभ पन्त । तस्बिर : एपी

विशाखापट्टनम (एजेन्सी)- आशुतोष शर्माले अविश्वसनीय इनिङ्स खेलेपछि दिल्ली क्यापिटल्सले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सोमबार लखनउ सुपर जायन्ट्सलाई १ विकेटले पराजित गरेको छ ।

२ सय १० रनको लक्ष्य पाएको दिल्लीले ७ ओभरभित्र ६५ रन बनाउँदा ज्याक फ्रेजर म्याकग्रुक (१), अभिषेक पोरेल (०), समीर रिज्भी (४), कप्तान अक्षर पटेल (२२) र फाफ डु प्लेसिस (२९) लाई गुमाइसकेको थियो । ट्रिस्टन स्टब्सले २२ बल खेल्दै १ चौका र ३ छक्कासहित ३४ रन बनाए ।

'इम्प्याक्ट प्लेयर' को रूपमा आएका आशुतोष र विपराज निगमले सातौं विकेटमा २२ बलमा ५५ रन जोडेपछि दिल्लीले सानदार पुनरागमन गरेको थियो । निगमले १५ बल खेल्दै ५ चौका र २ छक्कासहित ३९ रन बनाए । मिचेल स्टार्क २ र कुलदीप यादव ४ रनमा आउट भए । आशुतोषले १९ औं ओभरको अन्तिम ३ बलमा १२ रन बनाएपछि दिल्लीलाई अन्तिम ओभरमा विजयनिम्ति ६ रन आवश्यक थियो ।

अन्तिम ओभरको पहिलो बल डट खेलेका मोहित शर्माले दोस्रो बलमा १ रन लिदै आशुतोषलाई स्ट्राइक दिएका थिए । आशुतोषले तेस्रो बलमा स्ट्रेट छक्का प्रहार गरेपछि दिल्लीले ३ बलअगाडि नै २ सय १२ रन बनाएको थियो । प्लेयर अफ द म्याच आशुतोषले ३१ बल खेल्दै समान ५ चौका र छक्का प्रहार गरी ६६ रन बनाए ।

यसअघि लखनउले ८ विकेट गुमाई २ सय ९ रन बनाएको थियो । मिचेल मार्स र निकोलस पुरनले ६६ बलमा कुल १ सय ४७ रन बनाउँदा लखनउको बाँकी टोलीले ५५ बलमा ५५ रनमात्र बनाउन सक्यो । एक समय २ सय ५० माथिको स्कोर बनाउने सम्भावना देखाएको लखनउलाई दिल्लीले उत्कृष्ट बलिङ गर्दै रोकेको थियो ।

एडेन मारक्रम १३ बलमा १५ रनमा आउट भएपछि मार्स र पुरनको जोडी जमेको थियो । मार्सले ३६ बलमा समान ६ चौका र छक्काको सहयोगमा ७२ र पुरनले ३० बलमा ६ चौका र ७ छक्काको मदतमा ७३ रन बनाए । दिल्ली छाडेर लखनउ पुगेका कप्तान ऋषभ पन्त ६ बल खेल्दै शून्यमा आउट भए । इनिङ्सको अन्तिम २ बलमा क्रमशः छक्का र चौका प्रहार गरेका डेविड मिलर १९ बलमा २७ रनमा अविजित रहे ।

दिल्लीबाट स्टार्कले ४ ओभरमा ४२ रन खर्चेर ३ विकेट लिए । देब्रेहाते स्पिनर कुलदीप यादवले निकै किफायती बलिङ गरे । उनले ४ ओभरमा २० रनमात्र खर्चेर २ विकेट लिए । मुकेश कुमार र निगमको नाममा १-१ विकेट रह्यो ।

भैरहवास्थित होटल पौवामा सोमबार कान्तिपुर म्याक्सबाट दिल्ली क्यापिटल्स र लखनउ सुपर जायन्ट्सबीचको प्रत्यक्ष प्रसारण हेर्दै समर्थक ।

'बराबरी खेल्ने नेपालको सोच छैन'

हिमेश (काठमाडौं)

सिंगापुरमाथिको जितपछि अब गम्भीर फुटबलको पालो । नेपाली राष्ट्रिय फुटबल टिमले मंगलबार एसिया कप छनोटको तेस्रो चरणमा मलेसियाको सामना गर्दै छ । अहिलेका लागि सिंगापुरको फुटबलमा जताततै आलोचना चलिरहेको छ । त्यसको एकमात्र कारण हो, नेपालसँगको हार । यत्तिको महत्त्वको खेल जितेपछि नेपाली टिम पक्कै उत्साही भएको हुनुपर्छ । तय छ, मलेसियाले पेस गर्ने चुनौती सिंगापुरको तुलनामा फरक हुनेछ । त्यो पनि आफ्नै भूमिमा ।

काठमाडौं छाड्नु अगाडि दोस्रो पटक मिडियासामु प्रस्तुत हुने क्रममा नेपाली टोलीका मुख्य प्रशिक्षक म्याट रस भन्थे, टिमको उद्देश्य एसिया कप छनोटमा सक्दो नजिक पुग्ने हो । तिनै प्रशिक्षकले पहिलो पटक मिडियासामु आउँदा भन्थे, चाहिएकोमा रक्षात्मक फुटबल खेल्नुपर्नेछ, यदि परिस्थितिले माग्छ भने । मलेसियाविरुद्धको खेलमा सम्भवतः प्रशिक्षक रसको रणनीति यिनै दुई धारको मिश्रण हुनुपर्नेछ । तर अहिले उनी अलिकति बढी उत्साहित छन् ।

मलेसियाविरुद्धको खेलअघि जोहोरमा भएको प्रि-म्याच कन्फ्रेन्समा तिनै रस भन्छन्, मलेसियाविरुद्ध नेपालले उत्कृष्ट प्रदर्शन गर्नेछ । एउटा तथ्य निश्चित छ, छनोटको आ-आफ्नो पहिलो खेलको नतिजा आफूअनुकूल बनाउनुको अर्थ हो र त्यसपछिको बाटो सजिलो बनाउनु ।

रस भन्छन्, 'मलेसिया बलियो टिम हो, बराबरीमा पनि सन्तुष्ट हुन सकिन्छ । तर, हामी तीन अंककै लागि खेल्नेछौं । हाम्रो योजना जित्नकै लागि हो । त्यसैअनुसार तयारी गरेका छौं ।'

अझ उनी एक कदम अघि सरेर दाबी गर्छन्, 'बराबरी खेल्ने त सोच पनि छैन ।' सुरुमा मलेसियाविरुद्ध नेपालको यो खेल दशरथ रंगशालामा हुने कार्यक्रम थियो । पछि दशरथ रंगशालाको स्थितिसँग एसियाली फुटबल महासंघ (एएफसी) सन्तुष्ट हुन नसकेपछि मलेसिया सरेको हो । त्यसको झन् पछि अखिल नेपाल फुटबल संघ (एन्फा) को अनुरोधमा यो मलेसियाकै 'होम म्याच' हुनेछ । मलेसियाको दोस्रो पटक सामना गर्दा नेपालसामु त्यसलाई घरको खेल बनाउने अवसर हुनेछ ।

यसैमा टिकेर कप्तान किरण लिम्बूले प्रि-म्याच कन्फ्रेन्समा छन्, 'यहाँ पनि नेपाली टिमको समर्थकमा दर्शक उत्रने छन् ।

मलाई लाग्छ, नेपाली समर्थकको कमी हुने छैन । घरेलु मैदान नभए पनि फरक पर्ने छैन । हामी रमाएर खेल्नेछौं । कसको बढी दर्शक हुने हो, त्यसले फरक पार्ने छैन ।' भइदियो के भन्दा सिंगापुरविरुद्ध सिंगापुरमै भएको खेलमा पनि नेपाली समर्थक बाक्लो संख्यामा उपस्थित थिए । यसले नेपाली टिमलाई धेरै हदसम्म स्थिति आफूअनुकूल बनाएको थियो ।

मलेसियाका मुख्य प्रशिक्षक हुन्, पिटर क्लामोभ्स्की । संयोग कस्तो भने उनी पनि अस्ट्रेलियाली नै हुन् । जस्तो कि रस छन् । अहिले टोटनहमका प्रशिक्षक एन्गो पोस्टेकोग्लु अस्ट्रेलियाली टिमको जिम्मेवारीमा हुँदा क्लामोभ्स्की उनका सहायक थिए । नेपालको खेललाई लिएर उनी भन्छन्, 'हामी नेपालको सामना गर्दा उत्साही छौं । त्यसका लागि तयारी गरेका छौं । नेपालले सिंगापुरलाई हराएको छ, त्यसैले नेपाललाई सजिलो प्रतिद्वन्द्वी मान्न सकिन्न ।'

इतिहास पल्टाउने हो भने नेपालले औपचारिक खेलमा मलेसियाको पाँचपल्ट सामना गरेको छ । त्यसमध्ये नेपालले एकै खेलमात्र बराबरी खेलेको छ, बाँकी सबैमा पराजित छ । सन् १९८५ मा विश्वकप छनोटमा मलेसियालाई काठमाडौंमा गोलरहित बराबरीमा रोकेयता नेपाल त्यसपछिका सबै ४ खेलमा पराजित छ । अझ मलेसियाविरुद्ध नेपालले एकै गोल गर्न सकेको छैन ।

मर्डेका कपमा नेपालले दुईपल्ट मलेसियाविरुद्ध खेलेको छ । यी दुई अनौपचारिक खेलमा पनि नेपाल पराजित रह्यो । नेपालले अन्तिम पटक मलेसियाविरुद्ध खेलेको भनेको सन् सन् २०२४ मै मात्र हो, जतिबेला क्वालालम्पुरमा एउटा मैत्रीपूर्ण खेल भएको थियो र विना दर्शक बन्द रंगशालामा भएको थियो । त्यसमा पनि नेपाल ५-१ ले पराजित रह्यो । नेपालले निकालेको एकमात्र गोल समीर तामाङको नाममा थियो । सिंगापुरलाई हराउनु अगाडि पनि त्यसविरुद्ध नेपालको स्थिति कमजोर नै थियो । के मलेसियाविरुद्ध पनि नेपालबाट सुधारिएको प्रदर्शन अपेक्षा गर्न सकिन्छ त ?



संकटा सेमिफाइनलमा

तिलोत्तमा (कास)- संकटा क्लबले २३ औं तिलोत्तमा गोल्डकप फुटबलमा सोमबार जर्जियन फुटबल क्लब कालिम्पोङ भारतविरुद्ध ४-० को जित पाएको छ ।

देवीनगरस्थित एन्फा टेक्निकल सेन्टर मैदानमा संकटाको जितमा सबै गोल सृजनराज गौतम एक्लैले गरेका थिए ।

१९ औं संस्करण विजेता संकटाले फाइनल पुग्नका लागि विभागीय टोली एपीएफ क्लबविरुद्ध सेमिफाइनल खेल्नेछ । आयोजक रूपन्देही-११ लाई १-० ले पराजित गर्दै एपीएफ अन्तिम चारमा पुगिसकेको छ ।

सृजनले खेलको ४२ औं मिनेटमै गोल गर्दै संकटालाई अग्रता दिलाए । उनले निर्मल घिसिङले मिलाइदिएको पासमा देब्रे खुट्टाले प्रहार गरेको बल सिधै गोलपोस्टमा पुगेको थियो । पहिलो हाफमा एक गोलमात्रै गरेको संकटाले दोस्रो हाफको अन्तिम समयमा तीन गोल थप्यो । सृजनले ८६ औं मिनेटमा एकल प्रयासमा गोल गर्दै अग्रता दोब्बर बनाए । सुरज थारुको पासमा सृजनले गोलकिपर अगाडि बढेको मौकामा गोल गरे ।

त्यसपछि उनले बाँकी दुई गोल इन्ज्युरी समयमा गरे । जन्मजय धामीको प्रहार क्लियर गर्न जर्जियनका गोलकिपर बक्सबाट निकै बाहिर निस्किए । तर, राम्रो क्लियर गर्न नसकेको बललाई नियन्त्रणमा लिएर सृजनले खाली पोस्टमा गोल गरी ह्याट्रिक पूरा गरे । त्यसको दुई मिनेटपछि मध्यभागबाट जर्जियनका खेलाडीबाट बल खोस्दै उनले एक्लै अघि बढाएको बलमा गोल गरेका थिए । उनी म्यान अफ द म्याच घोषित भए । उनले ११ हजार १११ रुपैयाँ प्राप्त गरे ।

अन्तिम क्वाटरफाइनलमा मछिन्द्र एफसी र एडोर्न गडवाल स्पोर्टिङ क्लबबीच मंगलबार प्रतिस्पर्धा हुनेछ ।

सुपर ओभरमा गण्डकीको सान

सन्जु पौडेल (तिलोत्तमा)

गण्डकी प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशविरुद्ध सुपर ओभरमा जित निकालेको छ । भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा सोमबार टस जितेर ब्याटिङ गरेको मधेशले निर्धारित ५० ओभरमा ७ विकेट गुमाई २ सय ४६ रन बनाएको थियो ।

जबाफमा गण्डकी पनि पूरा ओभर खेल्दै २ सय ४६ रनमा अलआउट भएपछि निर्णय सुपर ओभरमा भयो । सुदीप अर्यालले २ बल र अमृत गुरुङले ५ बलमा १३ रन बनाएपछि गण्डकीले सुपर ओभरमा २ विकेट गुमाई २२ रन बनायो । पवन सर्राफ र रुपेश सिंहको जोडीले मधेशबाट विनाक्षति ९ रनमात्र बनाउन सक्यो ।

निर्धारित ओभरमा गण्डकीबाट अर्जुन कुमालले शतक बनाए । उनले १ सय ४० बल खेल्दै १० चौका र १ छक्कासहित १ सय ६ रन जोडे । दिनेश बुढामगर र सुदीप अर्यालले समान ३४, कप्तान विपिन खत्रीले २६, सुवास भण्डारीले १३ र कमल परियारले ११ रन जोडे । मधेशका विशाल पटेलले ४ तथा रुपेश, रञ्जित कुमार, पवन र प्रदीप पासवानले १-१ विकेट लिए ।

यसअघि मधेशबाट ओपनर रोहन बिक, हरिशंकर साह र रुपेशले अर्धशतक बनाए । रोहनले ९८ बलमा ६ चौका र ३ छक्कासहित ६४, हरिशंकर र रुपेशले ५१-५१ रन बनाए । पवन ३१ र विशाल १२ रनमा आउट भए । गण्डकीका विपिन र कमलले २-२ विकेट हात पारे । गण्डकी ४ अंकसहित तालिकाको नवौं स्थानमा उक्लेको छ ।

त्यस्तै कप्तान रोहित पौडेल र पूरन बिकको अर्धशतकमा एपीएफ क्लबले एक्स्ट्राटेक ओभल मैदानमा लुम्बिनीलाई ७ विकेटले पराजित हराएर फाइनलमा पुग्ने झिनो आशा कायमै राख्यो । एपीएफले २ सय २४ रनको लक्ष्य ४१.५ ओभरमा पूरा गऱ्यो । पूरनले अविजित ७२ रन जोडे । उनले १ सय १२ बलमा ६ चौका र १ छक्का प्रहार गरे । रोहितले ९४ बलमा ७ चौका प्रहार गर्दै ७१ रन बनाए । ओपनर लोकेश बम र सन्दीप जोराले समान २१ रन तथा आसिफ शेखले १८ रन जोडे । लुम्बिनीका राजेन्द्र बमले ३ विकेट लिए ।

यसअघि टस जितेको लुम्बिनीले ८ विकेट गुमाई २ सय २३ रन बनायो । कप्तान देव खनालले ६३ रन बनाउँदा ७९ बल खेल्दै ४ चौका प्रहार गरे । मृनाल गुरुङले ८७ बलमा ४ चौकामा ५५ रन जोडे । आकाश त्रिपाठी २२, प्रज्वल थापा २० र निर्मल गुरुङ १२ रन बनाए । एपीएफका अमर राउटेला र अभिषेक गौतमले ३-३ तथा मौसम ढकालले २ विकेट लिए । समान १४ अंकसहित शीर्षस्थानमा रहेका नेपाल पुलिस र त्रिभुवन आर्मी क्लबलाई पछ्याइरहेको एपीएफ ८ खेलबाट १२ अंक जोडेर तेस्रो स्थानमा छ ।

बागमती विजयी

दाङ (कास)- रिजन ढकाल र सूर्य तामाङ चम्किएपछि लमहीमा बागमतीले कर्णाली प्रदेशलाई ९ विकेटले पराजित गरेको थियो । टस जितेको कर्णाली १९.१ ओभरमा ५८ रनमा अलआउट भयो । रिजनले ५ र सूर्यले ४ विकेट लिएपछि कर्णाली धराशायी भयो ।

प्लेयर अफ द म्याच रिजनले ८.१ ओभरमा १ मेडनसहित १९ र सूर्यले ७ ओभरमा २ मेडनसहित १७ रन खर्चे । सुनिल धमलाले १५ रन जोड्नुबाहेक अन्यले दोहोरो स्कोरमा रन बनाउन सकेनन् । सुनिल रनआउट भए । रवीन्द्र शाही ८, विपिन शाही २, राज शाह २, दीपेन्द्र रावत ५, अर्जुन घर्ती ५, दिनेश रावत ५, दिनेश अधिकारी ४ र प्रकाश जैसी ४ रनमा आउट भए ।

बागमतीले ६.३ ओभरमा ६२ रन बनायो । आशुतोष घिरैया २० बलमा ४ चौकासहित १९ र शुभ कंसाकार ९ बलमा १ छक्का र २ चौकासहित १६ रनमा अविजित रहँदै जित दिलाए । इशान पाण्डे ११ बलमा १ छक्का र २ चौकासहित २२ रन बनाई दीपेन्द्रको बलमा आउट भए ।

वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

तु. बिक्रीमा
कलंकी चोकैमा राम्रो चलिरहेको Institute तु. बिक्रिमा ।
कलंकी-१४, काठमाडौं
सम्पर्क: 9708306848

के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगारका लागि नि:शुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं ।
Email: rammhr515@gmail.com
9818192800, 9845057965

Documentation Staff चाहियो
Computer मा Photoshop सम्बन्धि राम्रो ज्ञान र अनुभव भएको Male/Female Staff चाहिएकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला
सम्पर्क: 9801008101 ९८०१००८१०१

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान